*"सूर्योदय नगरपालिकाको समृद्धता: प्राङ्गारिक कृषि, पर्या-पर्यटन र आर्थिक समानता"*

# राजस्व सुधार कार्ययोजना










## सूर्योदय नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय, फिक्कल

### इलाम, कोशी प्रदेश, नेपाल

# प्रतिवेदन तयारी

| | |
|---|---|
| प्रतिवेदनको शिर्षक | : राजस्व सुधार कार्ययोजना, २०७९ |
| प्रदेश | : कोशी प्रदेश |
| नगरपालिका | : सूर्योदय नगरपालिका, इलाम |
| समन्वय | : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| प्राविधिक सहयोग | : SDG Joint Fund मार्फत UNCDF Nepal |
| सहजीकरण | : सुशासन तथा विकास अनुसन्धान केन्द्र, प्रा. लि. काठमाण्डौं |
| मिति | : फागुन २०७९ |

# शब्द सङ्क्षेप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| आलेप | : | आन्तरिक लेखापरीक्षण |
| उ.वा.स. | : | उद्योग वाणिज्य संघ |
| गापा | : | गाउँपालिका |
| नपा | : | नगरपालिका |
| का.पा.स. | : | कार्यपालिका सदस्य |
| प्र.प्र.अ. | : | प्रमुख प्रशासकीय अधिकृत |

| | | |
|---|---|---|
| CAGR | : | Compound Annual Growth Rate |
| FGD | : | Focused Group Discussion |
| GIS | : | Geographic Information System |
| IEE | : | Initial Environmental Examination |
| KII | : | Key Informant Interview |
| RIAP | : | Revenue Improvement Action Plan |
| SDG | : | Sustainable Development Goal |
| UNCDF | : | United Nations Capital Development Fund |

"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"

# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं.

च.नं.

## शुभकामना

नेपालमा संघीयताको कार्यान्वयन सँगसँगै स्थानीय जनताको आवश्यकता पुरा गर्न नगरपालिकालाई प्रसस्त जिम्मेवारीहरु रहेका छन् । जनचाहना अनुसारको सेवा प्रवाह गर्न नगरपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान पर्याप्त रहेको छैन । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकालाई प्राप्त वित्तीय अधिकारको पूर्णरुपमा प्रयोग गर्न सके नगरपालिकाले कल्पना गरेको दीर्घकालीन सोच **"सूर्योदय नगरपालिकाको समृद्धता: प्राङ्गारिक कृषि, पर्यापर्यटन र आर्थिक समानता"** तर्फ नगरलाई उन्मुख गराउन सहयोग पुग्ने देखिन्छ ।

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको समन्वय र SDG Joint Fund मार्फत UNCDF ले प्रदान गरेको प्राविधिक सहयोग लागि नगरपालिका आभार व्यक्त गर्दछ ।

नगरपालिकाको आन्तरिक राजस्व परिचालनमा देखिएका वर्तमान सवाल तथा समस्याहरुको पहिचान गरी सम्भावित राजस्वको समेत प्रक्षेपण गरी तयार गरिएको राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन गर्न नगरपालिका प्रतिवद्ध रहेको ब्यहोरा अनुरोध गर्दछु ।

अन्त्यमा, राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहयोग गर्नु हुने सबै सहभागीहरुलाई धन्यवाद दिँदै यसको कार्यान्वयनमा समेत सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

**रणबहादुर राई**
नगर प्रमुख

फागुन, २०७९

"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं.
च.नं.

# शुभकामना

स्थानीय राजस्व परामर्श समितिको पहलमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय र SDG Joint Fund मार्फत UNCDF को प्राविधिक सहयोगमा सूर्योदय नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको हो । यस किसिमको सहयोगका लागि सम्बन्धित निकायप्रति सूर्योदय नगरपालिका अन्तरगतको स्थानीय राजस्व परामर्श समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

यस योजनाले राजस्व परिचालनका क्षेत्रमा नगरपालिकाले भोगेका समस्याहरुको पहिचान गरी भविष्यमा गर्नु पर्ने सुधारका क्षेत्रहरुको पहिचान गरी सुझाव उपलब्ध गराएको छ । विगतका अनुभव र कार्ययोजनाले तय गरेको नीति र रणनीतिहरुको पूर्णरुपमा अनुसरण गर्दै कार्ययोजनाको कार्यान्वयनलाई स्थानीय राजस्व परामर्श समितिले पहिलो प्राथमिकतामा राख्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा, राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यमा सहभागी भई महत्वपूर्ण सुझावहरु उपलब्ध गराउने सबैमा धन्यवाद व्यक्त गर्दै राजस्व सुधार कार्ययोनजाको सफल कार्यान्वयन र अनुगमनमा सबैको साथ र सहयोग प्राप्त हुन सकोस् भनी अनुरोध समेत गर्दछु ।

धन्यवाद ।

**श्री दुर्गाकुमार बराल**
नगर उपप्रमुख

फागुन, २०७९

"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं.
च.नं.

# मन्तव्य

नेपालको संविधानले संघीयताको कार्यान्वयनमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण आधारका रुपमा लिएको छ । नगरपालिकाको आवश्यकता पुरा गर्न संघीय सरकार र प्रदेश सरकारले समानीकरण अनुदानका साथसाथै सशर्त, विशेष र समपूरक अनुदानहरु प्रदान गर्दै आएका छन । कानूनतः नगरपालिकाले प्राप्त गरेको वित्तीय अधिकारको दायरा वृद्धि गरी आन्तरिक राजस्व परिचालनलाई जनताको सहभागितामा न्यायोचित, भरपर्दो र पारदर्शी बनाउनु पर्दछ । नगरपालिकाको वित्तीय आत्मनिर्भरता बढाउन र संघ तथा प्रदेश सरकारप्रतिको परनिर्भरता न्यून गर्न आन्तरिक राजस्वको प्रभावकारी परिचालनमा जोड् गर्नु आवश्यक छ । अझै पनि सबै करदाताहरु करको दायरामा आउन नसकेको वर्तमान अवस्थामा सुधार गरी करको दायरा फराकिलो पार्न नगरपालिकाले थप मेहनत गर्नेछ ।

आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था, सवाल र समस्याहरुको पहिचान गरी यिनीहरुको समाधानका उपायहरु समेत समावेश गरी तयार भएको यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकालाई राजस्व परिचालनका क्षेत्रमा गर्नु पर्ने सुधारका क्षेत्रहरुको मार्गचित्र तय गरिदिएको छ । तसर्थ, आगामी वर्षहरुमा नगरपालिकाको कार्ययोजनालाई कार्यान्वयन गर्न सबै पक्षको सहयोगको आवश्यकता पर्दछ । यसका लागि मुख्यतः स्थानीय राजस्व परामर्श समितिको नेतृत्व र पहलमा यो योजना सफलताका साथ कार्यान्वयन हुन सक्ने विश्वास प्रकट गर्दछु । साथै, प्रशासनिक रुपमा नगरपालिका कार्यालयबाट स्थानीय राजस्व परामर्श समितिलाई पूर्णरुपमा सहयोग प्राप्त हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा, यस राजस्व सुधार कार्ययोजना तयार गर्न सहजीकरण गर्ने सुशासन तथा विकास अनुसन्धान केन्द्र र यसमा सम्लग्न विज्ञहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै कार्ययोजना तर्जुमाका समयमा सहभागी भई आवश्यक सहयोग र सुझाव उपलब्ध गराउने सबै सरोकारवाला निकाय र प्रतिनिधिहरुप्रति आभार व्यक्त गर्दछु । साथै, कार्ययोजनाको कार्यान्वयनमा सबै पक्षको निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

**मिलन भट्टराई**
प्रमुख प्रशासकीय अधिकृत

फागुन, २०७९

# कृतज्ञता ज्ञापन

सूर्योदय नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई समन्वय गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह क्षमता विकास महाशाखा र प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने SDG Joint Fund र संयुक्त राष्ट्रसंघीय पूँजी विकास कोष (UNCDF) प्रति हार्दिक आभार प्रकट गर्दछु। राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियाको आयोजना गर्ने सूर्योदय नगरपालिका तथा नगरप्रमुख श्री रणबहादुर राई, उपप्रमुख श्री दुर्गाकुमार बराल, प्रमुख प्रशासकीय अधिकृत श्री मिलन भट्टराई, वडा अध्यक्ष तथा नगरकार्यपालिकाका सदस्यहरु, राजस्व शाखा, लेखाशाखा, आलेप शाखा लगायतका कर्मचारीहरु, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता, सहयोग र योगदानको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद ज्ञापन  गर्दछु । साथै, नगरपालिकाको राजस्व सम्बन्धी विभिन्न जानकारी दिई सूचनादाताहरुबाट राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP) तयार गर्ने कार्यमा सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा.लि.का तर्फबाट सम्लग्न विज्ञ श्री रुद्रप्रसाद सापकोटा र श्री राम रिमालको समय, अनुभव र कार्यकुशलताको लागि विशेष धन्यवाद दिन चाहन्छु ।

**हेमराज लामिछाने, पिएचडी**
अध्ययन टोली प्रमुख तथा अध्यक्ष,
सुशासन तथा विकास अनुसन्धान केन्द्र, प्रा.लि.
काठमाडौं,

फागुन २०७९

# विषय सूची


**परिच्छेद – एकः परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ राजस्व सुधार योजनाको औचित्य ........ १

१.३ राजस्व सुधार कार्ययोजना तर्जुमाको उद्देश्यहरु ........ २

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ........ २

१.४.१ राजस्व सुधार कार्ययोजना तर्जुमाका चरणहरु ........ २

१.५ योजनाका सीमाहरु ........ ५

**परिच्छेद – दुईः नगरपालिकाको संक्षिप्त परिचय** ........ ७

२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ ७

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था ........ ११

२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था ........ १२

**परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** ........ १३

३.१ पृष्ठभूमि ........ १३

३.२ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........ १३

३.३ स्थानीय तहको राजस्व अधिकारको शीर्षकगत व्यवस्था ........ १५

३.४ स्थानीय तहको ऋण सम्बन्धी व्यवस्था ........ २३

३.५ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ २३

३.६ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ २६

३.६.१ स्थानीय कर राजस्व ........ २६

३.६.२ गैरकर राजस्व ........ ३४

**परिच्छेद – चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था** ........ ३९

४.१ राजस्व परिचालन सम्बन्धी नीति ........ ३९

४.२ नगरपालिकाको आय सङ्कलनको संस्थागत क्षमता ........ ४०

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन अवस्था ........ ४३

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ........ ४७

**परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना** ........ ४९

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ........ ४९

५.१.१ रणनीति तथा कार्यनीति ........ ४९

५.१.२ राजस्व सुधार कार्ययोजना ........ ५१

**परिच्छेद – छः आगामी तीन वर्षको आय प्रक्षेपण** ........ ५७

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५७
६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण (रकम रु.) ६१
**परिच्छेद – सातः अपेक्षित नतिजा** ६५
**परिच्छेद – आठः अनुगमन तथा मूल्याङ्कन** ६७
८.१ पृष्ठभूमि ६७
८.२ अनुगमन ६७
८.३ मूल्याङ्कन ६७
८.४ अनुगमन योजना ६७
८.५ अनुगमन विधि तथा प्रक्रियाहरु ६८
८.६ अनुगमन संयन्त्र ७०
८.७ अनुगमन तथा मूल्याङ्कन समितिको जिम्मेवारी ७०
**सन्दर्भ सामग्री** ७३

## तालिकाहरु

तालिका १: सूर्योदय नगरपालिकाको संक्षिप्त परिचय ७
**तालिका २: भूउपयोग सम्बन्धी विवरण** ८
**तालिका ३: नगरपालिकाको जग्गाको लगत** १२
**तालिका ४: तहगत सरकारको राजस्व अधिकार** १४
**तालिका ५: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा)** १५
**तालिका ६: राजस्व बाँडफाँट सम्वन्धी व्यवस्था (प्रतिशतमा)** १५
**तालिका ७: सूर्योदय नगरपालिकाको राजस्व परिचालनको अवस्था** २३
**तालिका ८: सूर्योदय नगरपालिकाको राजस्वको स्रोतगत योगदान (रु.)** २६
**तालिका ९: सम्पत्ति करको सम्भावना विश्लेषण** २७
**तालिका १०: भू स्वामित्वको आकार अनुसार जग्गाधनी संख्या** २९
**तालिका ११: घरजग्गा बहाल करबाट भएको आम्दानी (रु.)** २९
**तालिका १२: सूर्योदय नगरपालिकामा रहेका व्यवसायहरुको प्रकार र संख्या** ३०
**तालिका १३: व्यवसाय करबाट प्राप्त यथार्थ तथा प्रस्तावित आय (रकम रु.मा)** ३१
**तालिका १४: बहाल बिटौरी शुल्कबाट प्राप्त यथार्थ रकम** ३४
**तालिका १५: बहाल बिटौरी शुल्क** ३५
**तालिका १६: स्थानीय राजस्व परामर्श समितिको गठन** ३९
**तालिका १७: नगरपालिकाको राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण** ४१
**तालिका १८: सूर्योदय नगरपालिकाका आयका स्रोतहरु परिचालनको अवस्था** ४४
तालिका १९: सुर्योदय नगरपालिकाको राजस्व सुधार सम्वन्धी रणनीति तथा कार्यनीति ४९
तालिका २०: राजस्व सुधार कार्ययोजना ५१
**तालिका २१: राजस्व प्रक्षेपणका आधारहरु** ५७
**तालिका २२: राजस्व प्रक्षेपण** ६१
**तालिका २३: नगरपालिकाको आयको अपेक्षित नतिजा (रु.)** ६५
**तालिका २४: राजस्व सुधार कार्ययोजनाको अनुगमन योजना** ६९

# अनुसूचीहरू

अनुसूची १: तथ्याङ्क/सूचना सङ्कलनका लागि प्रयोग गरिएको फारम तथा सूची ...... ७७
**अनुसूची २: मुख्य सूचनादाता अन्तरवार्ता ...... ८८**
**अनुसूची ३: लक्षित समुह छलफल ...... ८९**
**अनुसूची ४: अभिमुखीकरण कार्यक्रमका सहभागीहरु सम्बन्धी विवरण ...... ९१**
**अनुसूची ५: नगरपालिकाको आर्थिक ऐन, २०७९ को प्रावधान ...... ९५**
**अनुसूची ६: व्यवसाय करको प्रगतिशील एवं समन्यायिक दर निर्धारण ...... ९७**
**अनुसूची ७: कोशी प्रदेश आर्थिक ऐन, २०७९ ...... ९९**
**अनुसूची ८: प्रमाणीकरण कार्यशालाका सहभागीहरुको विवरण ...... १०१**
**अनुसूची ९: कार्यक्रमसँग सम्बन्धित तस्विरहरु ...... १०३**

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको सरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि अन्तरसरकार वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, राजस्व बाँडफाँट र आन्तरिक स्रोत परिचालन गर्ने व्यवस्था समेत रहेको छ। स्थानीय तहलाई कर तथा गैरकर राजस्व सङ्कलन गर्ने सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्पष्ट व्यवस्था गरेको छ । जसअनुसार, स्थानीय तहले तोकिएका क्षेत्र/स्रोतहरुबाट आन्तरिक राजस्व परिचालनका लागि कर तथा गैरकर लगाउन सक्दछन्। यसैगरी उनीहरुले नेपाल सरकार र प्रदेश सरकारबाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा समानीकरण अनुदान प्राप्त गर्दै आएका छन भने यसका अतिरिक्त सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानहरु पनि प्राप्त गरेका छन्। राजस्व अधिकार र अनुदान बाहेक स्थानीय तहले नेपालको संविधान र संघीय कानून बमोजिम राजस्व/रोयल्टी बाँडफाँट बापत रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा सम्भाव्यता अध्ययनका आधारमा उत्पादनमुलक, आयआर्जन र रोजगारी सिर्जना गर्ने क्षेत्रमा पूँजीगत लगानी गर्ने गरी आन्तरिक ऋण पनि लिन सक्ने कानूनी व्यवस्था छ।

यसै सन्दर्भमा सूर्योदय नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरु पहिचान गरी पहिचान गरिएका क्रियाकलापहरुको कार्यान्वयनबाट आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी आर्थिक वर्षहरुमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय, SDG Joint Fund कार्यक्रम अन्तरगत संयुक्त राष्ट्रसंघीय पूँजी विकास कोष (UNCDF) को वित्तीय तथा प्राविधिक सहयोग र सुशासन तथा विकास अनुसन्धान केन्द्रको सहजीकरणमा यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको हो ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नगरपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीय राजस्व परामर्श समितिका पदाधिकारी तथा कर्मचारीहरु र सरोकारवाला निकायका प्रतिनिधिहरुलाई स्थानीय तहको राजस्व अधिकार सम्बन्धी सैद्धान्तिक, कानूनी र व्यवहारिक पक्षका बारेमा जानकारी दिने, राजस्व परिचालनका क्षेत्रमा भएका वर्तमान अभ्यास, समस्याहरु र सवालहरुको पहिचान गर्ने र राजस्व प्रशासनलाई थप चुस्त, दुरुस्त राख्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गर्न यो राजस्व सुधार कार्ययोजना सहयोगी हुनेछ । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा आन्तरिक राजस्वको महत्व, करको दायरा वृद्धि गर्ने उपायहरुका बारेमा सबै सम्बन्धित सरोकारवालाहरुका बीचमा समान बुझाई स्थापित गर्न पनि उपयोगी हुनेछ।

साथै, संघीय संसद, राष्ट्रिय सभा, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको सिफारिसको बुँदा ५८ अनुसार स्थानीय तहले राजस्व सुधार कार्ययोजना बनाई आन्तरिक स्रोत परिचालनलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने कुरामा जोड दिएकाले यो कार्यक्रमले उक्त सिफारिसको समेत परिपालना हुनेछ ।

## १.३ राजस्व सुधार कार्ययोजना तर्जुमाको उद्देश्यहरु

यस अध्ययनको खास उद्देश्य सूर्योदय नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्व परिचालनको वर्तमान अवस्थाको पुनरावलोकन गरी सुधारका क्षेत्रहरुको पहिचान गर्नु र पहिचान भएका वार्षिक नीति तथा कार्यक्रम मार्फत गर्नुपर्ने सुधारका क्षेत्रहरुको कार्यान्वयन रणनीति तय गर्नु रहेको छ भने अन्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :

१ स्थानीय तहको राजस्व अधिकारका सम्बन्धमा जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई अभिमुखीकरण गरी राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको पृष्ठभूमि तयार गर्नु ।

२ राजस्व परिचालनका सन्दर्भमा विद्यमान नीति, संरचना तथा विगतको राजस्व परिचालनको अवस्था विश्लेषण गर्नु ।

३ राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्नु ।

४ नगरपालिकाको आन्तरिक आयका आधार र दरको सम्भाव्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्नु ।

५ नगरपालिकाको राजस्व प्रशासनको वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यक सिफारिस गर्नु ।

६ स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकास क्रियाकलापहरुलाई करको आधार अन्तर्गत समेट्न आवश्यक मार्गदर्शन प्रदान गर्नु ।

७ सूर्योदय नगरपालिकाले अपनाउनु पर्ने राजस्व सुधारका लागि रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा निम्नानुसारको विधि तथा प्रक्रियाहरु अनुसरण गरिएको छ ।

### १.४.१ राजस्व सुधार कार्ययोजना तर्जुमाका चरणहरु

निम्नानुसार पाँच चरणहरु पुरा गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ :

१. **पहिलो चरण** : सन्दर्भ सामग्रीको अध्ययन
२. **दोश्रो चरण** : तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण
३. **तेस्रो चरण** : अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला
४. **चौथो चरण** : मस्यौदा राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण
५. **पाँचौं चरण** : मस्यौदा प्रतिवेदनको प्रमाणीकरण गरी अन्तिम रुप प्रदान ।

**(क) सन्दर्भ सामग्रीको अध्ययन तथा पुनरावलोकन**

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा सर्वप्रथम आवश्यक सन्दर्भ सामग्रीहरु जस्तै नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; नेपाल सरकारको वार्षिक वजेट वक्तव्य र आर्थिक ऐनहरु, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५; राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४; वन ऐन २०७६ तथा नियमावली २०७९, ढुंगा, गिट्टी बालुवा उत्खनन् तथा विक्री सम्बन्धी मापदण्ड २०७७ (संशोधन सहित), कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०७९; सूर्योदय नगरपालिकाको पार्श्वचित्र, २०७५, सूर्योदय नगरपालिकाको आर्थिक ऐनहरु, एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधन सहित); स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेट, स्थानीय राजस्व परामर्श समितिले गरेका नीतिगत निर्णयहरु आदिको अध्ययन तथा पुनरावलोकन गरी स्थानीय तहको राजस्व अधिकार, हालको अभ्यास र सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान गरिएको छ ।

**(ख) तथ्याङ्क तथा सूचना सङ्कलन**

अध्ययनका आधारमा राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक पर्ने सूचना सङ्कलन फाराम तयार गरिएको हो । निर्दिष्ट चेकलिष्ट/प्रश्नावलीको प्रयोग गरी स्थानीय तहबाट वित्तीय लगायत अन्य आवश्यक सूचनाहरु सङ्कलन गरिएको छ । सूचना सङ्कलनको प्रयोजनका लागि प्रयोग गरिएको चेकलिष्ट प्रतिवेदनको **अनुसूची १** मा उल्लेख गरिएको छ ।

(१) **मुख्य सूचनादाता अन्तरवार्ता :** निर्दिष्ट तथा खुल्ला प्रश्नावलीको आधारमा सूर्योदय नगरपालिकाका कर्मचारीहरु बाहेक उपप्रमुख र सामुदायिक वन उपभोक्ता समितिसँग मुख्य सूचनादाता अन्तर्वार्ता गरी राजस्व परिचालनको वर्तमान अवस्था र भावी सुधारका क्षेत्रहरु पहिचान गर्ने प्रयास गरिएको थियो । यस किसिमको अन्तर्वार्ताबाट नगरपालिकाको वर्तमान अवस्था र भविष्यमा गर्नुपर्ने सुधारका क्षेत्रहरु पहिचान गर्न थप सहयोग पुगेको थियो । यस छलफलबाट प्राप्त विवरण **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

(२) **लक्षित समूह छलफल :** मुख्यतः स्थानीय तहको राजस्व नीति, कार्यक्रम र भविष्यमा गर्नु पर्ने सुधारका क्षेत्रहरु पहिचान गर्ने उद्देश्यले करदाताहरुको निश्चित समूह पहिचान गरी उनीहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त समूह छलफल कार्यक्रममा स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधिहरु तथा व्यवसायिक पशु तथा कृषि समूहका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । यस किसिमको लक्षित समूह छलफल तथा अन्तरक्रियाबाट सूर्योदय नगरपालिका र करदाता बीचमा सम्बन्ध, सहकार्य तथा गुनासाहरु उजागर गर्न मद्दत पुगेको थियो । यसबाट राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने क्षेत्रहरुको पहिचान गर्न सहयोग पुगेको थियो । यस छलफलबाट प्राप्त विवरण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

(३) **संस्थागत सूचना तथा तथ्याङ्क सङ्कलन :** सूर्योदय नगरपालिकाको प्रारम्भिक कार्यशाला अगावै आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरी कार्यशालालाई थप प्रभावकारी बनाइएको थियो । राजस्व सुधार कार्ययोजना तर्जुमाको क्रममा निम्नानुसारका मूख्य क्षेत्रहरुका आधारमा आवश्यक सूचना सङ्कलन गरिएको थियो ।

- राजस्व प्रशासनको वर्तमान अवस्था,
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु,
- विगत चार आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण,
- आन्तरिक आयका स्रोत, आधार क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- आन्तरिक आय सङ्कलनको संभावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्याङ्क तथा सूचना,
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरु तथा सोको जिम्मेवारी आदि ।

**(ग) अभिमुखीकरण कार्यशाला तथा समूह छलफल**

आवश्यक सामग्रीहरुको अध्ययनका आधारमा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरु (कार्यपालिकाका सदस्यहरु), स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरु, कर्मचारीहरु, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुको सहभागितामा आयोजना गरिएको अभिमुखीकरण कार्यशालाका लागि आवश्यक प्रस्तुतीकरण सामग्री तयार गरिएको थियो । यसरी तयार गरिएको अभिमुखीकरण सामग्रीहरुमा मुख्यतः वित्तीय विकेन्द्रीकरण (कर राजस्व) सम्बन्धी सैद्धान्तिक पक्ष र यसको अभ्यास, नेपालमा स्थानीय तहको वित्तीय अधिकार र यसको प्रयोगको अवस्थाहरु समेटिएको थियो । यसको मुख्य उद्देश्य कार्यशालाका सहभागीहरुलाई संघीय, प्रदेश र स्थानीय तहको एकल तथा साझा राजस्व अधिकार सम्बन्धी सैद्धान्तिक तथा कानूनी विषयको बुझाईमा एकरुपता ल्याउनु रहेको थियो । अभिमुखीकरण तथा परामर्श कार्यशाला गोष्ठी २०७९ पौष २ र ३ गते सूर्योदय नगरपालिकाको सभाहलमा सञ्चालन गरिएको थियो ।

पहिलो दिनको अभिमुखीकरण कार्यशाला सम्पन्न भएपछि दोश्रो दिन सहभागीहरुलाई निम्न चार समूहमा विभाजन गरी तोकिएको विषयवस्तु माथि छलफल गराईएको थियो ।

**समूह एक :** सम्पत्ति कर, मालपोत/भूमिकर, घरजग्गा वहाल करका विषयमा छलफल,

**समूह दुई :** व्यवसाय कर, विज्ञापन कर र मनोरञ्जन करका विषयमा छलफल,

**समूह तीन :** नक्सापास दस्तुर, सिफारिस दस्तुर, सेवा शुल्क, पूर्वाधार सेवा शुल्क, दण्ड जरिवाना, पार्किङ्ग शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क आदि विषयमा छलफल,

**समूह चार :** ढुङ्गा, गिट्टी, वालुवा, दहत्तर बहत्तर, सामुदायिक वन, जडिबुटी, कवाडी, जीवजन्तु आदि विषयमा छलफल ।

समूह छलफल अन्तरगत कर र गैरकरहरुका सम्बन्धमा निम्नानुसारका विषयमा सवालहरु पहिचान गरिएको थियो ।

(क) दर, दायरा र कार्यान्वयनको अवस्था,
(ख) सम्बन्धित कर तथा गैरकर सम्बन्धी सवाल तथा समाधानका उपायहरु,
(ग) सुधारको लागि गर्नुपर्ने कार्यहरु (के, कति, कहिले, कसले, र अनुमानित लागत सहित) ।

- ✓ दर तथा दायराको सम्बन्धमा गर्नुपर्ने कार्यहरु
- ✓ नीतिगत वा कानूनी सुधारको लागि गर्नुपर्ने कार्य,
- ✓ राजस्व प्रशासनमा सुधार गर्नुपर्ने कार्यहरु ।

हरेक समूहमा छलफललाई प्रभावकारी बनाउन र छलफलमा उठेका सवालहरुलाई टिपोट गर्ने उद्देश्यले एकजना टोली नेता र एकजना टिपोटकर्ताको चयन गरिएको थियो । यसरी सहभागीहरुलाई विभिन्न समूहमा विभाजन गरी समूह कार्यको बारेमा संलग्न सहजकर्ताहरुबाट सहजीकरण गरी समूह कार्य गर्न लगाइएको थियो । समूह कार्य सम्पन्न भएपछि प्रत्येक समूहले पूर्णसत्रमा आ-आफ्नो समूह कार्यको प्रस्तुतिकरण गरी प्राप्त सुझाव तथा सवालहरुलाई समेत समावेश गरिएको थियो । अन्तरक्रिया कार्यशालाका सहभागीहरुको उपस्थिति सम्बन्धी विवरण **अनुसूची ४** मा प्रस्तुत गरिएको छ ।



**(घ) राजस्व प्रक्षेपण विधि**

राजस्व सुधार कार्ययोजना तयारी पश्चात सोको कार्यान्वयनबाट स्थानीय तहको राजस्व सङ्कलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी भविष्यको लागि प्राप्त हुने राजस्वको प्रक्षेपण गरिएको छ । राजश्वका स्रोतगत रुपमा उपलब्ध सूचनाको आधारमा निम्नानुसार विधीको प्रयोग गरी राजश्व प्रक्षेपण गरिएको छ :

१. **तथ्याङ्कीय आधार :** करदाताको संख्या, करको दर तथा विद्यमान दायराको अवस्था सम्बन्धी सूचना, उपलब्ध भएका व्यवसाय कर, घरजग्गा (सम्पत्ति), भूमिकर (मालपोत) आदिका लागि यो विधि प्रयोग गरी राजस्व प्रक्षेपण गरिएको छ ।

२. **विगतको राजस्व वृद्धिदरको आधार :** करदाता संख्या सम्बन्धी सूचना प्राप्त हुन नसक्ने र समयानुकुल दर परिमार्जन हुँदै आएका स्रोतहरु जस्तैः नगरपालिकाले प्रदान गर्ने सिफारिस तथा प्रमाणितमा लिइने दस्तुरको प्रक्षेपणका लागि यस विधिको प्रयोग गरिएको छ । यो विधिका लागि निम्नानुसारको सूत्र प्रयोग गरिएको छ ।

$$\text{मिश्रित वार्षिक वृद्धि दर} = \left(\frac{\text{अन्तिम वर्षको राजस्व}}{\text{शुरु वर्षको राजस्व}}\right)^{१/\text{समय}} - १ \times १००$$

३. **सम्झौताको आधार :** आम्दानी प्राप्त हुने गरी विगतमा सम्झौता भएका शीर्षकहरु जस्तैः वहाल विटौरी, विज्ञापन, ठेक्काहरु र आन्तरिक ऋण आदिलाई यस विधिको प्रयोग गरी राजस्व प्रक्षेपण गरिएको छ ।

४. **एकमुष्ट (सरदर) वृद्धिदर :** स्थानीय तहको नियन्त्रणमा नभएका र सम्झौता पनि नभएका स्रोतहरुवाट प्राप्त हुने आय अनुमानको लागि यो विधि प्रयोग गरिएको छ । सन् १९६५ देखि २०२१ सम्मको नेपालको औसत मुद्रास्फिति दर ८ प्रतिशत रहेको अनुमान छ (https://www.google.com/search) । नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघसंस्थाबाट गत वर्ष प्राप्त आयमा सोही अनुपातमा वृद्धि हुने अनुमान गरी राजस्व प्रक्षेपण गरिएको छ । साथै नगरपालिकाले प्राप्त गर्ने अन्तरसरकार वित्तीय हस्तान्तरणलाई यसै बमोजिम अनुमान गरी लेखाजोखा गरिएको छ ।

५. **अनुमान :** कुनै आय स्रोत सम्बन्धी सूचना नभएको र नगरपालिकाको लागि बिल्कुलै नयाँ स्रोतहरुका लागि स्थलगत अवलोकन, छलफल र मुख्य सूचनादातासँगको अन्तरवार्ताको आधारमा राजस्व प्रक्षेपण गरिएको छ ।

६. **शुन्य प्रक्षेपणः** विगत वर्षहरुमा राजस्व नउठेका र भविष्यमा पनि राजस्व उठ्न सक्ने सम्भावना न्यून भएका स्रोतहरुको राजस्वमा शुन्य प्रक्षेपण गरिएको छ ।

**(ङ) प्रमाणीकरण कार्यशाला**

२०७९ साल फागुन १९ गते सूर्योदय नगरपालिकाको लागि तयार गरिएको मस्यौदा राजस्व सुधार कार्ययोजना माथि छलफल गरी अन्तिम रुप प्रदान गर्ने उद्देश्यले प्रमाणीकरण कार्यशालाको आयोजना गरियो । उक्त कार्यशाला स्थानीय राजस्व परामर्श समितिका संयोजक तथा उपप्रमुख श्री दुर्गाप्रसाद बरालज्यूको अध्यक्षतामा आयोजना गरिएको थियो भने नगरप्रमुख श्री रणबहादुर राईको प्रमुख आतिथ्यता रहेको थियो । सो कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, राजस्व परामर्श समितिका सदस्यहरु, राजस्व शाखा, लेखा शाखा र विषयगत शाखाका प्रमुखहरु समेत सहभागिता रहेको थियो । कार्यशालामा अध्ययन टोलीका प्रमुख डा. हेमराज लामिछाने र श्री रुद्रप्रसाद सापकोटाले राजस्व सुधार कार्ययोजनाको संक्षिप्त प्रस्तुतीकरण गरेपछि सहभागीहरुबाट सुझाव सङ्कलन गरिएको थियो । सो कार्यक्रममा सहभागीहरुबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको छ । कार्यशालाका सहभागीहरुको विवरण **अनुसूची ८** मा समावेश गरिएको छ ।

## १.५ योजनाका सीमाहरु

सूर्योदय नगरपालिकाले उपलब्ध गराएको सूचना तथा तथ्याङ्क, मुख्य सूचनादाता अन्तरवार्ता र लक्षित समूह छलफलबाट प्राप्त सुझावहरुमा आधारित भएर यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । नगरपालिकाको राजस्व सम्बन्धी लामो अवधिको तथ्याङ्क उपलब्ध हुन नसकेको कारण नगरपालिकाको Time Series राजस्वमा आधारित भई Regression Analysis गरी राजस्व प्रक्षेपण गर्न सकिएको छैन । नगरपालिकाबाट प्राप्त तीन आर्थिक वर्षको वित्तीय विवरणको शीर्षकगत मिश्रित वार्षिक वृद्धि दर Compound Annual Growth Rate – CAGR भरपर्दो नदेखिएकोले यस विधिको पनि प्रयोग गरिएको छैन । नगरपालिकाको आगामी तीन वर्षको राजस्व प्रक्षेपणका आधारहरु परिच्छेद ६ मा उल्लेख गरिएको छ । नगरपालिकाले प्रभावकारी रुपमा राजस्व परिचालन गर्ने अनुमान गरी राजस्व प्रक्षेपण गरिएकोले सो प्राप्त गर्न गर्नुपर्ने कार्यको विस्तृत खाका कार्ययोजनामा उल्लेख गरिएकोले सोको कार्यान्वयनमा कार्ययोजनाको सफलता निर्भर गर्दछ ।

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

**सूर्योदय नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्था**

२०७१ सालमा साविकका फिक्कल, पञ्चकन्या र कन्याम गाविस मिलाएर सूर्योदय नगरपालिका गठन भएको थियो। स्थानीय तह पुनर्संरचना आयोग, २०७३ ले गोर्खे, पशुपतिनगर, श्री अन्तु, समालबुङ्ग, लक्ष्मीपुर गाविस र जोगमाई गाविसको साविक वडा नं. ८ र ९ लाई मिलाएर सूर्योदय नगरपालिका बनाईयो । यो नगरपालिकाको क्षेत्रफल २२५.५२ वर्ग कि.मी. रहेको छ। मेची राजमार्गले यस नगरपालिकालाई मध्य भागमा विभाजन गरी पार गर्दछ । यस नगरपालिकाको पश्चिममा इलाम नगरपालिका, पूर्वमा भारतीय सीमानाको दार्जिलिङ्ग जिल्ला र मेची नदी, दक्षिणमा माईजोगमाई गाउँपालिका र रोङ्ग गाउँपालिका रहेको छ । यस नगरपालिकाको केन्द्र साविक फिक्कल गाविसको फिक्कल बजारमा रहेको छ। यो बजार इलाम जिल्लाकै पुरानो बजार हो । यो नगरपालिका चियाको राजधानी भनेर समेत चिनिन्छ र अलैची, अदुवा, आलु, दुग्ध पदार्थको उत्पादनका लागि पनि चर्चित छ। नेपालको एक मात्र अलैंची विकास केन्द्र यसै नगरपालिकामा रहेको छ। यस नगरको दीर्घकालीन सोच **"सूर्योदय नगरपालिकाको समृद्धताः प्राङ्गारिक कृषि, पर्यापर्यटन र आर्थिक समानता"** तर्फ नगरलाई उन्मुख गराउने रहेको छ।

यस नगरपालिकामा विभिन्न जातजातीको बसोबास रहेको छ र नेपालकै लोपोन्मुख लाप्चा जातिको बसोबास यस नगरपालिकामा रहेको छ। यो नगरपालिकाका प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधता, चिया बगानहरु, सूर्योदय दृष्यावलोकन स्थल, हिमश्रृङ्खला, पहाडको थुम्का थुम्की, तराईको रमाईला फाँटहरुको दृष्यावलोकनले समेत गर्दा आन्तरिक तथा बाह्य पर्यटनको गन्तव्यको रुपमा विकास भईरहेको छ। साथै तराईबाट करिब १.५ घण्टाको समयमा पुग्ने तथा रमणीय हावापानी समेत भएकोले आन्तरिक पर्यटनको आकर्षण स्थल रहेको छ।

**नामाकरण**

नेपालको सुदूरपूर्वमा रहेको इलाम जिल्लाको पूर्वी भागमा रहेको यसा नगरपालिकाको नामाकरण चियाबारीको सुन्दरतासँगै मनोरम सूर्योदयको (झुल्के घाम) को दृष्य समेतलाई मनन् गरेर सूर्योदय नगरपालिका नामाकरण गरिएको देखिन्छ । यस नगरपालिका भित्र रहेको अन्तु डाँडा नेपालकै उत्कृष्ट सूर्योदय देखिने स्थान हो । नगरपालिकाको संक्षिप्त परिचय **तालिका१** मा प्रस्तुत गरिएको छ।

**तालिका१: सूर्योदय नगरपालिकाको संक्षिप्त परिचय**

| क्र.सं. | विषय | विवरण |
|---|---|---|
| १ | **भौगोलिक अवस्थिति** | |
| | अक्षांश | २६.७९०१° देखि २७.००९१° |
| | देशान्तर | ८७.९३१५° देखि ८८१७४३° |
| | उचाई | ३६० मिटर देखि २४०४ मिटरसम्म |
| २ | क्षेत्रफल | २२५.५२ वर्ग कि.मी. |
| ३ | सिमाना | पूर्वमा भारत; पश्चिममा इलाम र माई नगरपालिका; उत्तरमा माईजोगमाई नगरपालिका; र दक्षिणमा रोङ गाउँपालिका । |
| ४ | जलवायु | उचाई अनुसार यहाँको हावापानी र तापक्रम फरक पर्दछ । नगरपालिकाको दक्षिणी र पश्चिमी भेगमा उष्ण मनसुनी, मध्य भेगमा |

| क्र.सं. | विषय | विवरण |
|---|---|---|
| | | न्यानो समशीतोष्ण र उत्तर-पूर्वी भेगमा ठण्डा समशीतोष्ण किसिमका हावापानी पाइन्छ। यस नगरपालिकाको सरदर तापक्रम गर्मी याममा १६ देखि २३ डिग्री से. सम्म हुन्छ भने शीतकालमा -४ देखि ११ डिग्री से.सम्म ओर्लिन्छ । वर्षा ऋतुमा (मे-सेप्टेम्बर) यहाँ सरदर १५० सेन्टीमिटर सम्म वर्षा हुन्छ । |
| ५ | घरधुरीको संख्या | १३,०२१ |
| ६ | जनसंख्या | ५८,१३० |
| ७ | मुख्य पेशा | कृषि तथा पशुपालन |
| ८ | विद्यालयको संख्या | ९५ (६५ सामुदायिक, ३० निजी), १ गुम्बा |
| ९ | साक्षरता प्रतिशत | ९०.४० प्रतिशत |
| १० | मुख्य धार्मिक सम्प्रदाय | हिन्दु (३८.२५%), किरॉंत (३३.५९%), बौद्ध (२५.४३%) |
| ११ | मुख्य भाषा | नेपाली (४१.३७%), किरॉंत (३५.३३%) |
| १२ | मुख्य समुदाय | राई, ब्राम्हण, क्षेत्री, तामाङ, नेवार, लिम्बु |
| १३ | प्रमुख खाद्यान्न बाली | मकै, धान, कोदो |
| १४ | प्रमुख नगदेबाली | चिया, अदुवा, ताजा तरकारी, अलैंची |
| १५ | स्वास्थ्य सुविधा | ७ स्वास्थ्य चौकी, २ प्राथमिक उपचार केन्द्र, १ निजी अस्पताल, १ डेन्टल क्लिनिक, १ आयुर्वेद अस्पताल, १० भन्दा बढी निजी क्लिनिक |
| १६ | खानेपानीको सुविधा | ९४.०६ प्रतिशत |
| १७ | बिद्युतमा पहुँच | ९५.५१ प्रतिशत |
| १८ | सामुदायिक वन उपभोक्ता समूह | १५ वटा, १२१ भन्दा बढी निजी वन |
| १९ | मुख्य चाडपर्वहरु | दशै, तिहार, चैते दशै, फागुपूर्णिमा, उधौली उभौली, आदि |

*स्रोत : सूर्योदय नगरपालिका बृहत पार्श्वचित्र, २०७५*

### जनसंख्या तथा घरपरिवार

यस नगरपालिकालाई १४ वटा वडामा विभाजन गरिएको छ। यस नगरपालिकाको पार्श्वचित्र, २०७४/७५ अनुसार कुल घरधुरी १३०२१ रहेको छ भने कुल जनसंख्या ५८१३० छ । कूल जनसंख्या मध्ये पुरुषको जनसंख्या २९८८२ छ भने महिलाको २८२४८ रहेको छ (स्रोत : नगर पार्श्वचित्र, २०७४/७५) । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार जम्मा ५५४५७ जनसंख्या मध्ये पुरुष २७९२२ र महिला २७५३५ रहेको देखिन्छ। नगरपालिकामा कुल परिवार संख्या १४१४९ रहेको छ।

### भू-उपयोग

सूर्योदय नगरपालिकाको नगर पार्श्वचित्र, २०७५ अनुसार **तालिका २** बमोजिमको भू उपयोग रहेको देखिन्छ (भौगोलिक सूचना प्रणालीका आधारमा तयार गरिएको)। यस अनुसार सबै प्रकारका कृषिले ओगटेको क्षेत्र ४२.५४% रहेको छ भने सर्वाधिक क्षेत्रफल वन तथा चरनले (५३.११%) ओगटेको छ । अधिकांश वन सामुदायिक व्यवस्थापन अन्तर्गत सामुदायिक वनका रुपमा रहेका छन्।

**तालिका २: भूउपयोग सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत (%) |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ९५.९५ | ४२.५४ |
| २ | वन तथा चरन क्षेत्र | ११९.७७ | ५३.११ |
| ३ | आवास क्षेत्र | ०.०५ | ०.०२ |
| ४ | नदीनाला तथा उभार क्षेत्रले ओगटेको क्षेत्र | २.१६ | ०.९६ |

| क्र.सं. | विवरण | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत (%) |
|---|---|---|---|
| ५ | ताल तलैया तथा सिमसार क्षेत्र | ०.०१ | ०.०१ |
| ६ | झाडी तथा बगान क्षेत्र | ७.४० | ३.२८ |
| ७ | अन्य | ०.१८ | ०.०८ |
| | **जम्मा** | **२२५.५२** | **१००** |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, सूर्योदय नगरपालिका, फिक्कल, तालिका नं. २*

### प्रसिद्ध स्थलहरु

सूर्योदय नगरपालिका विशेष गरी पर्यटकीय नगरीका रुपमा प्रसिद्ध रहेको छ। नगरपालिकामा विभिन्न धार्मिक तथा प्रसिद्ध पर्यटकीय स्थान तथा मठ मन्दिर गरी जम्मा ५३ वटा रहेको छ। यस नगरपालिकामा बसोबास गर्ने जातजाति मध्ये लोपोन्मुखजाति लेप्चाको मुख्य बसोबास रहेको क्षेत्र हो। फेन्सोङ्ग गुम्बा लेप्चा जातिको पुरानो गुम्बा हो। यस्तै श्रीअन्तु नेपालको पहिलो घाम झुल्कने स्थान भएकोले सूर्योदय दृष्यावलोकनका लागि प्रसिद्ध मानिन्छ। यो यहाँको एक मुख्य पर्यटकीय स्थान हो भने कन्याम क्षेत्र वनभोज र दृष्यावलोकनको लागि प्रख्यात रहेको छ। चित्रे गुम्बा बौद्धहरुको धार्मिक आस्थाको केन्द्र हो भने बौद्ध पार्क पर्यटकहरुको रोजाईको केन्द्र बन्दै आएको छ। यसरी नै वडा नं. ३ मेहेलबोटेमा रहेको श्री कृष्णप्रणामी मन्दिर पूर्वकै ठूलो मन्दिर हो। वडा नं. १ थुम्के जंगल रेडपाण्डा पाइने क्षेत्रको रुपमा प्रसिद्ध छ। यस नगरपालिकामा मनाईने मुख्य चाड दशै, तिहार, ल्होसार, उभौली र उधौली रहेको छ। आफ्नो धर्म संस्कार अनुसार शवदाह गर्ने स्थान ४५ वटा रहेको छ (स्रोतः नगर पार्श्वचित्र, २०७५)।

### मुख्य पूर्वाधारको अवस्था

#### <u>सडक, बाटो, पुल र भवन</u>

नगर पार्श्वचित्र अनुसार यस नगरपालिकामा ७ वटा खेल मैदान, ४ वटा पार्क तथा उद्यान, ४९ वटा सरकारी भवन (स्वास्थ्य, सुरक्षा, वडा कार्यालय र सरकारी कार्यालय) रहेका छन्। यहाँ निजी क्षेत्रबाट सञ्चालित २ वटा एफ.एम. रेडियो छन्।

यस नगरपालिकामा ५ वटा मुख्य खोला रहेका छन्। मेची खोला भारत र नेपालको सीमा भएर बग्दछ भने जोगमाई, मयुखोला, सिद्धि खोला र विरिङ्ग खोला यहाँको मुख्य खोला हुन्। जोगमाई र सिद्धि खोलामा पक्की पुल रहेको छ र अन्य खोलाहरुमा आवश्यकता अनुसार कल्भर्ट र नयाँ पुलको संरचना निर्माण हुँदै आएको छ।

**सडक :** यस नगरपालिकामा मेची राजमार्गको अंश कालोपत्रे रहेको छ जसले यस नगरपालिकालाई मध्य भागमा चिरेर गएको छ भने भारतीय सीमा जोड्ने पशुपतिनगर १५ कि.मी. कालोपत्रे सडक रहेको छ। सूर्योदय नगरपालिका र माईजोगमाई गाउँपालिका जोड्ने १९ कि.मी. सडक कालोपत्रे छ। यस नगरपालिकाले सडक गुरु योजना निर्माण गरी सबै वडाको सडक स्तरोन्नति गर्ने कार्य अगाडी बढाएको छ।

**विद्युत सेवा :** यस नगरपालिकाको ९५.५ प्रतिशत घरधुरीहरुमा विद्युत सेवाको पहुँच रहेको छ। बाँकी घरधुरीमा सौर्य उर्जा तथा अन्य वैकल्पिक उर्जाको प्रयोग भएको छ।

**खानेपानी :** नगरको पार्श्वचित्र अनुसार यस नगरपालिकामा रहेको ९४ प्रतिशत घरधुरीमा पाईप प्रणाली मार्फत खानेपानी वितरण भईरहेको छ, तथापि ती आयोजनाहरु व्यवस्थित हुन नसक्दा ६० प्रतिशत घरधुरीमा मात्र सुरक्षित खानेपानीको उपलब्धता रहेको छ। खानेपानी सङ्कलनका लागि औसत १५ मिनेट समय खर्चनु पर्ने देखिन्छ। पोखरी र कुवा मार्फत २ प्रतिशत र अन्य स्रोतबाट ४ प्रतिशत घरधुरीले खानेपानी उपभोग गर्दछन्।

**सिंचाई :** नगरपालिकाका केही वडामा साना सिंचाई मार्फत र अन्य क्षेत्रमा वैकल्पिक प्रविधि मार्फत सिंचाई सुविधा पुगेको देखिन्छ । नगरपालिका भित्र ७०८.०६ हेक्टर जमिनमा सिंचाई पुगेको छ । वडा नं. ६ बाहेक अन्य वडामा आंशिक रुपमा सिंचाई पुगेको छ ।

**फोहोरमैला व्यवस्थापन (फोहोरको परिमाण र व्यवस्थापनको अवस्था) :** साविक फिक्कल गाविस हुँदा देखि नै फोहोर सङ्कलन र व्यवस्थापन हुँदै आएको देखिन्छ । २०७३ साल भाद्रबाट सार्वजनिक निजी साझेदारीमा यस नगरपालिकाको फोहोर व्यवस्थापन कार्य अगाडि बढाईको देखिन्छ । यस नगरपालिकाबाट ६ कि.मी. को दुरीमा रहेको रमिते डाँडामा अस्थायी डम्पिङ्ग साइड व्यवस्थापन गरी फोहोर विसर्जन गर्ने कार्य गरेको छ । निजी क्षेत्रसँग हाल सम्झौता समाप्त भई नगरपालिका आफैले यसको व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ । घरधुरीबाट ७९ प्रतिशत जैविक, ११ प्रतिशत प्लास्टिकजन्य, ४ प्रतिशत कागजजन्य र बाँकी ६ प्रतिशत कपडा र सिसाजन्य फोहोर उत्पादन हुने गरेको सर्वेक्षणले देखाएको छ ।

**आर्थिक अवस्था**

**उद्योग, व्यवसाय तथा करकारखाना :** नगरको पार्श्वचित्र अनुसार यस नगरपालिकामा साना ठूला गरी जम्मा ६३ वटा चिया प्रशोधन उद्योग रहेका छन् । दुधजन्य उत्पादन गर्ने चिज उद्योग र डेरी उद्योग गरी जम्मा १४८ वटा रहेको छ । यस क्षेत्रमा खपत नभएका दुध तथा हरियो चियापत्ती निकासी हुने गरेको छ । व्यवसायिक रुपमा गाई, बाख्रा, बंगुर र कुखुरापालन व्यवसाय सञ्चालनमा रहेका छन् भने मौरी पालन र व्यवसायिक तरकारी खेती पनि सञ्चालन गरिदै आएको छ ।

**सहकारी :** यस नगरपालिका क्षेत्रमा कृषिबाली व्यवसाय, पशुपालन व्यवसाय, चिया उत्पादन लगायतका १३९ वटा सहकारी संस्थाहरु परिचालित छन् । यसैगरी अनौपचारिक रुपमा करिब ८५ वटा कृषक समूहहरु रहेका छन् ।

**बैंक तथा वित्तीय संस्था :** यस नगर क्षेत्रभित्र करिब २५ वटा बैंक, लघुवित्त, वित्त कम्पनीहरु मार्फत वित्तीय सेवाहरु उपलब्ध छ ।

**शिक्षा :** सूर्योदय नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार नगरपालिका भित्र ६५ वटा सामुदायिक विद्यालयहरु (आधारभूत तथा माध्यमिक) विद्यालयहरु, ३० वटा संस्थागत विद्यालयहरु र एक क्याम्पसबाट शिक्षा सेवा उपलब्ध छ । यहाँको ६ वर्ष र सो माथिका जनसंख्या ९०.४०% साक्षर रहेको देखिन्छ भने महिला साक्षरता ८७.२५% रहेको छ ।

**स्वास्थ्य सेवा :** यस नगरपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र २, आयुर्वेद औषधालय १, स्वास्थ्य चौकी ६ शहरी स्वास्थ्य केन्द्र १, हेल्थ डेक्स १, खोप क्लिनिक २४, गाउँघर क्लिनिक ३२ र महिला स्वास्थ्य स्वयंसेविका संख्या १७६ बाट स्वास्थ्य सेवा उपलब्ध छ (नगर पार्श्वचित्र, २०७५) ।

**मुख्य व्यापारिक केन्द्रहरु :** यस नगरपालिकाको मुख्य व्यापारिक केन्द्रको रुपमा फिक्कल बजार रहेको छ । यहाँ कृषिजन्य उपज अलैंची, कुचो, आलु र अदुवाको खरिद तथा बिक्रि हुने गरेको छ भने दैनिक उपभोग्य वस्तु खाद्य सामग्री, लत्ता कपडा लगायतका वस्तु खरिद तथा बिक्रि हुने गरेको पाइन्छ । यस नगरपालिका भित्र गोर्खे, पशुपतिनगर, आईतबारे, तीनघरे, कटुसे र मेची बजार गरी ५ वटा अन्य व्यापारिक केन्द्रहरु रहेका छन् । फिक्कल लगायत अन्य बजारहरुमा साप्ताहिक हाट लाग्दै आएको छ ।

**प्राकृतिक तथा पर्यटकीय सम्पदा :** नगरको पार्श्वचित्र अनुसार यस नगरपालिकाको उचाई अनुसार यहाँको हावापानी र तापक्रम फरक फरक रहेको छ । हिमाली क्षेत्रमा पाइने वनस्पति देखि तराईको चुरेक्षेत्रमा पाइने वनस्पति समेत पाईने हुनाले वनस्पति तथा प्राणीहरुको जैविक विविधता रहेको छ । यहाँ विश्वमा लोपोन्मुख रेडपाण्डाको बासस्थान रहेको छ । यस नगरपालिका भित्र ७ वटा साना ठूला पोखरी तालतलैयाहरु रहेको छन् भने जम्मा २० वटा सामुदायिक वनहरु रहेका छन् । पर्यटकीय सम्पदाको रुपमा श्री अन्तु सूर्योदयको

दुष्यावलोकनका लागि प्रसिद्ध रहेको छ । कन्याम, फिक्कल, पञ्चकन्या, थुम्के, गुफापातल, ऐतिहासिक राणाकालीन बजार गोर्खे र सीमा क्षेत्र छब्बीसे यहाँको मुख्य पर्यटकीय आकर्षणको केन्द्र हो । यस क्षेत्रमा आन्तरिक र बाह्य गरी लाखौको संख्यामा पर्यटक आउने गरेको छ । यस नगरपालिका भित्र ७० वटा धार्मिक स्थल (मठ मन्दिर, गुम्बा, देवालय) रहेका छन । नगर क्षेत्रभित्र पर्यटन व्यवसायका लागि साना ठूला गरी २९० वटा होटल, रेष्टुराँ र चियापसलहरु सञ्चालनमा रहेको देखिन्छ ।

## २.२ नगरपालिकाको मानव संसाधनको अवस्था

सूर्योदय नगरपालिकाको वर्तमान संगठन तालिकामा उल्लेख भएअनुसार पाँचवटा महाशाखाहरु अन्तर्गत २३ शाखाहरु र १४ वडा कार्यालयहरु रहेका छन् । उपसचिव (रा.प.द्वि.) स्तरको प्रमुख प्रशासकीय अधिकृत, २६ जना अधिकृतहरु (छैठौ देखि आठौंसम्म), सहायक स्तर (चौथो - पाँचौं) ११३, पाँचौ वा छैठौं रहेको दरबन्दी १४, श्रेणी विहिन ५६ दरबन्दी नगरपालिका कार्यालयमा रहेको देखिन्छ । वडाहरु तर्फ वडा सचिव (चौथो/पाँचौ) १४, लेखाप्रशासन सहायक (चौथौं) १४, कम्प्यूटर अपरेटर १४ तथा कार्यालय सहयोगी १४ दरबन्दी रहेको देखिन्छ । यसरी कुल दरबन्दी मध्ये १६५ प्रशासनिक र १०१ दरबन्दीहरु प्राविधिक रहेको देखिन्छ ।

राजस्व परिचालन शाखामा राजस्व अधिकृत (छैठौं) १, प्रशासकीय सहायक (पाँचौं) १, कम्प्यूटर अपरेटर (चौथौं) १ र कर संकलक (चौथो) १ दरबन्दी रहेको छ । हाल नगरपालिकामा अधिकृत १ र कम्प्यूटर अपरेटर १ कार्यरत रहेका छन् ।

**चित्र १ : नगरपालिका कार्यालयको संगठनात्मक संरचना**



## २.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

### सूर्योदय नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

सूर्योदय नगरपालिकाको विभिन्न वडाहरु खासगरी वडा नं. ४, ५, ६, ७, ८, ९ १०, ११, १२ र १३ मा कूल १६० रोपनी ११ आना एक पैसा र ३ दाम जमिन रहेको देखिन्छ । वडागत रुपमा रहेको जग्गाको विवरण निम्न अनुसार छ (**तालिका ३**) ।

**तालिका ३: नगरपालिकाको जग्गाको लगत**

| वडा नं. | कित्ता संख्या | जम्मा क्षेत्रफल (रोपनी) | उपयोग |
|---|---|---|---|
| ४ | २ | १-८-२-२ | स्वास्थ्य खोप केन्द्र |
| ५ | १ | १-८-०-० | वडा कार्यालय |
| ६ | १ | ३-०-०-० | ७ नं. वडा कार्यालय |
| ७ | ८ | ४२-६-३-० | स्वास्थ्य केन्द्र, वर्थिङ सेन्टर, वडा कार्यालय |
| ८ | ६ | १४-१४-१-० | कार्यालय भवन |
| ९ | ४ | ३५-७-०-० | खोप केन्द्र, डम्पिङ साइट |
| १० | ३ | १५-५-३-० | वडा कार्यालय, डम्पिङ साइट, नगरपालिकाको कार्यालय, फिक्कल |
| ११ | ३ | ३६-१०-१-३ | मन्दिर क्षेत्र, पञ्चकन्या |
| १२ | ५ | ६-१४-०-० | वडा कार्यालय, शहरी स्वास्थ्य केन्द्र |
| १३ | १ | ३-०-०-० | खोप केन्द्र |
| १४ | - | - | |
| **जम्मा** | **३४** | **१६०-११-१-३** | |

*स्रोत : सूर्योदय नगरपालिकाको कार्यालय, २०७९*

यसैगरी भौतिक संरचना तर्फ नगरकार्यपालिका भवनहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाका भवनहरु, सभा गृहहरु (नगर कार्यपालिका र वडाका समेत १५) रहेका छन् । हाल निर्माणाधीन Tea Testing and Promotional Center अन्तर्गत लज (बास), चमेना गृह, चिया प्रशिक्षण केन्द्र, म्यूजियम, सभा भवन, ल्याब, प्रशासकीय भवन, प्रदर्शन कक्ष समेत निर्माणाधीन अवस्थामा रहेको छ ।

# परिच्छेद - तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहको राजस्वको परिचय, स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि नगरपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र नगरपालिकाको राजस्व सङ्कलनको अवस्था, सम्भावना तथा सुधारका पक्षहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ पृष्ठभूमि

स्थानीय तहलाई संविधानले निश्चित स्रोतमा राजस्व लगाउने तथा उठाउने अधिकार प्रदान गरेको छ । यी राजस्वका स्रोतहरु कर र गैरकर प्रकृतिका छन् । कर राजस्व अन्तर्गत नगरपालिकाबाट उपभोग मापन गर्न नसकिने सेवा तथा सुविधाहरु (सार्वजनिक वस्तुहरु) उपलब्ध गराउनको लागि जुटाईने रकमहरु पर्दछन् भने गैरकर राजस्व अन्तर्गत नियमन गरिदिए वापत लिईने दस्तुर, उपभोग मापन गर्न सकिने निजी वस्तुहरुमा सेवा उपलब्ध गराए वापत लिईने सेवा शुल्क र उपयोगी बस्तु (युटिलिटी) उपयोगको आधारमा लिईने महशुल जस्ता स्रोतहरु पर्दछन् ।

करका आधारहरु मुख्यतः तीन किसिमका हुन्छन् । पहिलोमा भूमिकर (मालपोत) तथा घरजग्गा कर आर्जन गरेको सम्पत्तिका आधारमा उक्त सम्पत्तिको स्वामित्व ग्रहण गर्नेले नियमानुसार नगरपालिकालाई सम्पत्ति कर तिर्नु पर्दछ । दोश्रोमा नगरपालिका क्षेत्रभित्र घरजग्गा वहाल लगाई आम्दानी गर्ने करदाताले नगरपालिकालाई आम्दानी गरेको आधारमा वहाल कर तिर्नु पर्दछ । त्यसैगरी तेश्रोमा मनोरञ्जन कर, विज्ञापन कर, सवारी साधन कर र व्यवसाय करहरु वस्तु तथा सेवामा आधारित हुने गर्दछ । यस्ता वस्तुहरुको सेवा लिए वापत सेवाग्राहीले नगरपालिकालाई कर तिर्नु पर्दछ । नगरपालिकाले आर्थिक ऐन तर्जुमा तथा कार्यान्वयन गर्दा निम्नानुसारका कर राजस्व सम्बन्धी सर्वमान्य सिद्धान्तलाई ध्यानमा राख्नु पर्दछ ।

(क) कर तिर्न सक्ने क्षमताको आधारमा ।
(ख) कर प्रणाली समता र न्यायमा आधारित रहने गरी ।
(ग) सरल, पारदर्शी र मितव्ययी हुनेगरी ।
(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।
(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।
(च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर ।

नगरपालिकाले करका दरहरु तय गर्दा छिमेकी गाउँपालिका वा नगरपालिकाको असल अभ्यासहरुलाई पनि ध्यानमा राख्नु पर्दछ ।

नगरपालिकाले गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलव्ध गराउने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाउनु तथा उठाउनु पर्दछ ।

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि नगरपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र नगरपालिकाको राजस्व सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतिहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.२ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई विभिन्न किसिमका वित्तीय तथा राजस्व सम्बन्धी अधिकार प्रदान गरेको छ । खासगरी राजस्व अधिकार अन्तरगत सम्पत्ति कर, घरजग्गा बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (

मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर रहेका छन् । यी वित्तीय अधिकारहरु स्थानीय तहको एकल अधिकारका रुपमा संविधानले तोकेको छ । साथै, संविधानको अनुसूची ९ ले तीनै तहका सरकारको साझा अधिकारका रुपमा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क आदिलाई मानेको छ । नेपालको संविधानको अनुसूची ६ अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना आदि प्रदेश सरकारको वित्तीय अधिकारक्षेत्रको रुपमा व्यवस्था गरेको छ । साथै अनुसूची ५ अनुसार संघीय सरकारले भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरु लगाउदै आएको छ । कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानले गरेको छ ।

नेपालको संविधान अनुसार तीन तहको सरकारको राजस्व सम्बन्धी एकल तथा साझा अधिकारहरु निम्नानुसार **तालिका** ४ मा प्रस्तुत गरिएको छ.

**तालिका ४: तहगत सरकारको राजस्व अधिकार**

| **एकल अधिकार** | | | **साझा अधिकार** |
|---|---|---|---|
| **संघ** | **प्रदेश** | **स्थानीय** | **तीन तहको साझा** |
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन शुल्क<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• भूमिकर (मालपोत)<br>• घर जग्गा बहाल कर<br>• सवारी साधन कर<br>• व्यवसाय कर<br>• विज्ञापन कर<br>• मनोरञ्जन कर<br>• पर्यटन शुल्क<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना<br>• मालपोत सङ्कलन | • सेवा शुल्क, दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

*स्रोतः नेपालको संविधान, अनुसूची ५, ६, ८, ९*

अन्तर-सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरुप प्रदेश सरकार र स्थानीय सरकारका एकल अधिकार क्रमशः अनुसूची ६ र ८ मा दोहोरो पर्न गएका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँट गर्ने व्यबस्था मिलाएको छ । यस व्यबस्था अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानून बमोजिम दर निर्धारण गरी हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई साठी प्रतिशत र प्रदेश सरकारलाई चालीस प्रतिशतका दरले बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई साठी प्रतिशत रकम प्रदेश सरकारले र चालीस प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँट गर्ने, मनोरञ्जन कर प्रदेश कानून बमोजिम स्थानीय तहले उठाई साठी प्रतिशत स्थानीय तह र चालीस प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँट गर्ने र विज्ञापन कर स्थानीय कानून बमोजिम स्थानीय तहले उठाई साठी प्रतिशत रकम आफुले राखी चालीस प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्दछ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटको व्यवस्था छ । सो व्यवस्था अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच संघीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नु पर्दछ । जस अनुसार पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ । शीर्षकगत तीन तहबीचमा बाँडफाँट हुने रोयल्टी सम्बन्धी विवरण **तालिका ५** प्रस्तुत गरिएको छ ।

**तालिका ५: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा)**

| क्र.स. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

**द्रष्टब्यः**

*(१) नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ ।*

*(२) यस अनुसूची बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।*

*स्रोतः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ४ ।*

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तःशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यबस्था गरेको छ । शीर्षकगत तीन तहबीचमा बाँडफाँट हुने राजस्व सम्बन्धी विवरण **तालिका ६** मा प्रस्तुत गरिएको छ ।

**तालिका ६: राजस्व बाँडफाँट सम्वन्धी व्यवस्था (प्रतिशतमा)**

| क्र.स. | राजस्व शीर्षकहरु | दर निर्धारण र सङ्कलन | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|---|---|---|
| १ | मुल्य अभिवृद्धि कर | नेपाल सरकार | ७० | १५ | १५ |
| २ | अन्तः शुल्क | नेपाल सरकार | ७० | १५ | १५ |

*स्रोतः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ६ ।*

## ३.३ स्थानीय तहको राजस्व अधिकारको शीर्षकगत व्यवस्था

स्थानीय तहको राजस्व सम्बन्धी एकल तथा साझा अधिकारहरूको शीर्षकगत व्याख्या निम्नानुसार गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तरगत दफा ११ को उपदफा २ मा स्थानीय कर सेवा शुल्क तथा दस्तुर अन्तरगत निम्न अनुसारको प्रावधानहरू रहेका छन् ।

१. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर , पर्यटन शुल्क , विज्ञापन कर, व्यवसाय कर, भूमि कर ( मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
२. स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन
३. ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, मोटरबोट, केवलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,
४. जडीबुटी, कवाडी र जन्तु कर निर्धारण तथा सङ्कलन
५. स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,
६. ढुंगा गिटी बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट खरीढुंगा, आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन
७. प्रचलित कानून बमोजिम सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,
८. स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन, प्रवर्द्धन,
९. राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,
१०. संङ्घीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
११. स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शल्क, दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१२. मालपोत सङ्कलन,
१३. कर तथा सेवा शल्क सम्बन्धी अन्य कार्य ।

परिच्छेद ३ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत कै दफा ११ को उपदफा ४ घ मा सेवा शुल्क, दस्तुर, दण्डजरिवाना, तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्कको शीर्षक अन्तरगत निम्न अनुसारको प्रावधानहरू रहेका छन्।

१. स्थानीय सेवा शल्कु, दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन
२. प्राकृतिक स्रोत साधन र सेवा शुल्क , रोयल्टी सङ्कलन, समन्वय र नियमन,
३. खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सङ्कलन,
४. सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,
५. पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रमा गाउँपालिका तथा नगरपालिकाको राजस्व सम्बन्धी निम्न प्रावधानहरू रहेका छन् ।

**(१) सम्पत्ति कर (स्थानीय तहको एकल अधिकार)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ । (२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकत्म सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गर्नु पर्नेछ :

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,
(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,
(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको र निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताको आधारमा गर्नु पर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लगाउन पाईने छैन :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,
(ख) सरकारी अस्पतालको घर र घरजग्गा,
(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,
(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,
(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,
(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,
(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, वसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,
(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

**(२) भूमिकर (मालपोत) (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७) ।

**(३) घर जग्गा वहाल कर (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिका वा नगरपालिकाको क्षेभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो वहाल रकममा वहाल कर लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७) ।

**(४) व्यवसाय कर (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिका वा नगरपालिकाको आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय, वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ५८) ।

**(५) पार्किङ्ग शुल्क (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिका वा नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६०) ले गरेको छ ।

**(६) जडीबुटी, कवाडी र जीवजन्तु कर (एकल अधिकार)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को घ. (४) अनुसार गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन गर्न सक्ने व्यवस्था गरेको छ ।

गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीवुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिका तथा

नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने प्रवन्ध स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ ले गरेको छ ।

कवाडी कर लगाउँदा कवाडी मालवस्तु उत्पति र सङ्कलन भएको सम्बन्धित स्थानीय तहको क्षेत्रमा एकपटक मात्र कर लिन पाउने र कवाडी मालवस्तुको प्रयोग गरी उत्पादित वस्तुमा कर लिन नपाउने हुन्छ । *संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१०।२५ को परिपत्र बमोजिम)* ।

**जीवजन्तु र चौपायाको व्यापार व्यवसाय गर्ने** व्यवसायीबाट व्यवसाय कर वा हाटबजारमा खरिद बिक्री भएको अवस्थामा बाहेक अन्य कुनै किसिमको कर शुल्क आदि उठाउन नमिल्ने । यस्तो रकम राजमार्गमा ढाट वा तगारो राखी असुल गर्न तथा बिदेशबाट निकासी हुने चौपाया वा जीवजन्तुमा समेत राजमार्गमा ढाट वा तगारो राखी रकम असुल गर्ने व्यवस्था कानून सम्मत नभएको *(संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।६।१८ को परिपत्र बमोजिम)*

**(७) सवारी साधन कर (प्रदेश र स्थानीय तहबीचको साझा अधिकार)**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा १ को खण्ड (क) अनुसार सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने छ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ । यसका अतिरिक्त ऐनको दफा ६ (क) अनुसार प्रदेशले लगाएको र उठाएको सवारी साधन कर वापतको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने, त्यसरी जम्मा भएको रकममध्ये ६० प्रतिशत प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहहरुलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था छ ।

**(८) विज्ञापन कर (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)**

विज्ञापन (नियमन) गर्ने ऐन, २०७६ अनुसार "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल, होडिङ्ग बोर्ड, बेलुन वा कुनै संरचना लगायतका माध्यमबाट सार्वजनिक रुपमा प्रचार प्रसार गरिएको वा प्रचार प्रसार गर्ने उद्देश्यले तयार गरिएका शब्द, बाक्य, चित्र, तस्विर, संकेत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्य दृश्य सम्झनु पर्छ (दफा २ को ङ) ।

"होर्डिङ्ग बोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा प्रकारका वाह्य विज्ञापनको साधनलाई समेत जनाउँछ (दफा २ को छ) ।

सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने ब्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमतिपत्र लिनु पर्नेछ (दफा ४) ।

होर्डिङ्ग बोर्ड वा प्रचलित कानून बमोजिम स्थानीय तहबाट अनुमति प्राप्त गरी स्थानीय स्तरमा सञ्चालन भएका छापा वा विद्युतीय संचार माध्यमबाट हुने वा भएका विज्ञापनमा यस ऐन तथा प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको विषयको अनुगमन तथा नियमनको काम सम्बन्धित स्थानीय तहले गर्नेछ (दफा २४) ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को १ (घ) बमोजिम विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ भने सोही ऐनको दफा २ अनुसार विज्ञापन करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

कोशी प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ९ मा विज्ञापन कर सम्बन्धित स्थानीय तहले स्थानीय कानून बमोजिम लगाउने र उठाउने व्यवस्था रहेको छ। यसमा स्थानीय तहको केन्द्र लगायत मुख्य मुख्य बजार तथा व्यापारिक केन्द्रहरुमा विज्ञापन कर लगाउने पर्नेछ। यसरी असुल भएको रकमलाई विभाज्य कोषमा राखी सोमध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्ने र बाँकी ४० प्रतिशत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ।

**(९) मनोरञ्जन कर (प्रदेश र स्थानीय तहबीचको साझा अधिकार)**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को १ (ग) बमोजिम मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ब्यबस्था गरेको छ भने सोही ऐनको दफा २ अनुसार मनोरञ्जन करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।

कोशी प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ५ को अनुसूची ३ अनुसार प्रदेशभित्र सञ्चालित चलचित्र घर, खेलकूद प्रतियोगिता, फन पार्क, पार्क, स्वीमिङ पुल, डिजिटल टेलिभिजन, साँस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटक घर, भिडियो घर, थियटर वा मेला महोत्सव लगायतका मनोरञ्जन स्थल र क्रियाकलापमा मनोरञ्जन कर लगाई असुल गर्ने व्यवस्था छ। मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन व्यवसाय सञ्चालक वा धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नुपर्ने, यस करको प्रशासन सम्बन्धित स्थानीय तहले गर्नुपर्ने र असुल भएको रकमलाई विभाज्य कोषमा जम्मा गरी सो मध्ये साठी प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ।

**(१०) अन्य कर**

माथि उल्लेख भएका वाहेक भैपरी रुपमा आउन सक्ने करहरुलाई अन्य कर अन्तरगत आम्दानी गर्ने गरिन्छ।

**(११) बिक्री गर्न सक्ने (एकल अधिकार/साझा अधिकार)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नदीजन्य बस्तु सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन तथा बिक्री सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ।

(क) ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन (दफा ११ को प को ७)

(ख) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक बातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुको बिक्री गर्न सक्नेछ (दफा ६२ क. को १)। उपदफा १ बमोजिम बिक्री वापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ (दफा ६२ क. को ३, केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा थप)।

तर, नेपाल सरकार मन्त्रिपरिषदद्वारा जारी गरेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९) ले यस सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ।

(क) ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी कार्य सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ठेक्का बन्दोवस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ।

(ख) तर राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा तथा माटोजन्य पदार्थको उत्खनन् तथा सङ्कलन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ । वन तथा चुरे क्षेत्रबाट सामान्यतया ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन गरिने छैन ।

(ग) तर राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको सहमतिमा र स्वीकृत मापदण्ड अनुसार वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित विधि अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून तथा मापदण्ड बमोजिम ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(घ) नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमति वा नवीकरण शुल्क वा करबाट संकलित राजस्वमध्ये ६० प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका र बाँकी ४० प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुनेगरी बाँडफाँट गर्नु पर्नेछ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७७ ले ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी निम्नानुसार सिफारिस गरेको छ ।

(१) ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन, अनुगमन, नियन्त्रण, निर्देशन एवम् नियमन गर्ने सम्बन्धमा संघीय संरचना बमोजिमका तीनवटै तहका सरकारको संलग्नतामा यसको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने गरी कानूनी बन्दोवस्त गरिनु पर्दछ ।

(२) नेपाल सरकारले स्वीकृत गरी जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन मापदण्ड (पहिलो संशोधन, २०७९) ले यसरी ठेक्का लगाउँदा वा यदाकदा आफैले सङ्कलन गरेको ढुङ्गा, गिट्टी, बालुवाबाट उठेको राजस्व को ६० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला हुने र बाँकी ४० प्रतिशत सम्बन्धित प्रदेश सरकारको खातामा जम्मा गर्ने व्यवस्था गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७८ को प्रतिवेदन अनुसार यो व्यवस्था संघीय कानूनसँग बाझिन गई प्रदेश तथा स्थानीय तहबीच राजस्व बाँडफाँटमा विवाद सिर्जना भएको छ । साथै स्थानीय तहले आफ्नो सञ्चित कोषमा जम्मा गरेको रकम बाँडफाँट गर्ने विषय प्रचलित राजस्व बाँडफाँटका मान्यतासँग समेत मेल खाने देखिदैन । तसर्थ यस सन्दर्भमा खानीजन्य र नदीजन्य पदार्थलाई परिभाषित गरी विवादहरुको दिगो समाधानमा जोड दिनु पर्दछ ।

### (१२) बहाल बिटौरी शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा रहेको छ ।

### (१३) नक्सापास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ (१) अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न पाईदैन । तर, गाउँपालिका वा नगरपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा नक्सापास नगराई पनि भवन निर्माण गर्न बाधा पर्ने छैन । साथै सोही उपदफा (३) मा गाउँपालिका वा नगरपालिकाको पूर्व स्वीकृति नलिई भवनका लागि जग्गाको खण्डीकरण वा प्लटिङ गर्न नपाइने व्यवस्था समेत रहेको छ ।

### (१४) व्यवसाय दर्ता/नवीकरण शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमनको अधिकार स्थानीय तहलाई रहेको छ ।

### (१५) पार्किङ्ग शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६०) ले गरेको छ ।

**(१६) सेवा शुल्क (स्थानीय तहको एकल अधिकार)**

नगरपालिकाको आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, प्याराग्लाईडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को १ ले व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को २ अनुसार गाउँपालिका तथा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ ।

(क) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा
(ख) फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (होस्टेल), हाटबजार, पशु वधशाला, शव दाहगृह, धोवीघाट, र त्यस्तै अन्य सुविधा,
(घ) सडक, बसपार्क, ढल, पुल, बत्ती जस्ता सेवा,
(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,
(च) सिफारिस सम्बन्धी कुनै सेवा ।

माथि उपदफा (१) र (२) मा उल्लिखित सेवा सुविधा उपलब्ध गराउने वा त्यस्तो सेवा सुविधा उपयोग गरे वापत लाग्ने सेवा शुल्क उठाउने कार्य आफै वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने कानूनी प्रावधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को ३ ले गरेको छ ।

**(१७) सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने (एकल अधिकार)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख मा व्यवस्था भए अनुसार,

(१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ (दफा ६२ ख.) ।

वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहको दर्ता तथा कार्यक्रम सञ्चालन सम्बन्धी कागजात सहित सम्बन्धित स्थानीय तहमा अभिलेख राख्नु पर्ने व्यवस्था छ । उक्त समूहले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वर्षभरी गरेका क्रियाकलापको विवरण सहितको वार्षिक प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन समेत स्थानीय तहमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । साथै स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी राख्नु पर्ने तथा प्रचलित कानून बमोजिम आवश्यक सहयोग र सहजीकरण गर्नुपर्ने व्यवस्था समेत गरेको छ ।

**(१८) घरजग्गा रजिष्ट्रेशन शुल्क (प्रदेश र स्थानीय तहबीचको साझा अधिकार)**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ उपदफा (१) मा प्रदेश र स्थानीय तह दुवैको एकल अधिकार सूचीमा रहेका करहरुलाई एकल कर प्रशासन मार्फत लगाउने र उठाउने व्यवस्था गरेको छ । सोही दफा एवं उपदफाको खण्ड (ख) ले घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने प्रबन्ध गरेको छ । सोही दफाको उपदफा (२) अनुसार यसरी प्रदेशले लगाएको घरजग्गा रजिष्ट्रेशन शुल्कको दर बमोजिम असूल गरिएको राजस्व को ६० प्रतिशत स्थानीय सञ्चित कोष र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### (१९) संघ, संस्था दर्ता तथा नवीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) 'ठ' को १ अनुसार गाउँपालिका वा नगरपालिकाले संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने तथा (२) अनुसार स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण गर्न सक्ने व्यवस्था गरेको छ ।

### (२०) लघु, घरेलु तथा साना उद्योग

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को 'घ' अनुसार गाउँपालिका वा नगरपालिकाले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन गर्ने र उद्यमशीलताको विकास र प्रवर्द्धन गर्ने थप व्यवस्था गरेको छ ।

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६१ मा स्थानीय तहले उद्योग प्रशासन सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था रहेको छ । सो दफामा लघु उद्यम तथा प्रदेश कानूनमा तोकिए बमोजिमको रकमसम्म स्थिर पूँजी भएका घरेलु तथा साना उद्योगको दर्ता, प्रशासन तथा नियमन सम्बन्धी कार्य सङ्घीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम स्थानीय तहले गर्न सक्नेछ भन्ने उल्लेख छ ।

**लघु, घरेलु तथा साना उद्योग सम्बन्धी व्यवस्था**

**औद्योगिक व्यवसाय ऐन २०७६**

उद्योगको वर्गीकरण तथा स्थिर पूँजी

दफा **१७. उद्योगको वर्गीकरण:** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण उद्योग छः-

**(क) लघु उद्यम:** दफा ८ बमोजिम अनुमति लिनु पर्ने उद्योग बाहेक देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैंयासम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैँया भन्दा कम रहेको,

(५) ईन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा ईन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, ईन्धन वा अन्य तेल ईन्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

(ख) घरेलु उद्योग: देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ:-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) ईन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(४) अनुसूची–२ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

**(ग) साना उद्योग:** लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैँयासम्म स्थिर पूजिँ भएको उद्योग,

**(घ) मझौला उद्योग:** पन्ध्र करोड रुपैँयाभन्दा बढी पचास करोड रुपैँयासम्म स्थिर पूजिँ भएको उद्योग,

**(ङ) ठूला उद्योग:** पचास करोड रुपैँयाभन्दा बढी स्थिर पूजिँ भएको उद्योग

सोही ऐनको दफा ४३ को उपदफा (११) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहबाट दर्ता तथा नियमन हुने उद्योगलाई जरिवाना तथा कारबाही गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश वा स्थानीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

### (२१) पर्यटन शुल्क (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)

कोशी प्रदेशको आर्थिक ऐन २०७९ को दफा ८ अनुसार गाउँपालिका वा नगरपालिका भित्र रहेका उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक लगाएत अन्य

पर्यटकीय स्थल प्रवेश गरे वापत सम्बन्धित गाँउपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असुल उपर गर्नेछ भन्ने रहेको छ ।

## ३.४ स्थानीय तहको ऋण सम्बन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ र १५ मा स्थानीय तहको ऋण सम्बन्धमा देहाय अनुसारको व्यवस्था रहेको छ । साथै उक्त व्यवस्था बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रत्येक वर्षका लागि ऋण लिन सक्ने सीमा नेपाल सरकारलाई सिफारिस गर्ने समेत गर्दछ ।

- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगले सिफारिस गरेको सीमा भित्र रही नेपाल सरकारको सहमतिमा आन्तरिक ऋण लिन सक्ने व्यवस्था (योजनाको प्रतिफल र उपलब्धिका आधारमा) गरेको छ (दफा १४) ।
- ✓ नेपाल सरकारले ऋण दिन सक्ने : यदि नेपाल सरकारबाट प्राप्त ऋण स्थानीय तहले सम्झौता बमोजिम उल्लेखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुल गर्न सक्ने व्यवस्था गरेको छ (दफा १५) ।
- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगले आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने सिफारिस गरेको छ । ( राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग, आन्तरिक ऋणको सीमा सिफारिस आ.व. २०७९/८०, सिफारिस नं.८ (ग) ।

## ३.५ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

सूर्योदय नगरपालिकाले आन्तरिक आयका रुपमा कर तथा गैरकरका स्रोतहरु परिचालन गर्दै आएको छ। स्रोत तर्फ मुख्य भूमिकर (मालपोत), व्यवसाय कर (व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय कर समेत), सम्पत्ति कर, कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर छन् । अन्य कर तर्फ घर बहाल कर, बहाल बिटौरी कर, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर लगायत छन् । गैरकर तर्फ नक्सापास दस्तुर, सिफारिश दस्तुर, पार्किङ्ग शुल्क लगायत रहेका छन् । नगरपालिकाले हालसम्म प्राकृतिक स्रोतको बिक्रिबाट आम्दानी प्राप्त गरेको देखिदैन ।

विगत तीन आर्थिक वर्षको शीर्षकगत कर तथा गैरकर राजस्व, प्रदेश र स्थानीय तह बीचको राजस्व बाँडफाँट, संघीय सरकारबाट प्राप्त राजस्व र रोयल्टी बाँडफाँट, संघीय अनुदान र प्रदेश सरकारको अनुदानको यथार्थ विवरण र चालु आ.व. २०७९/८० को प्रस्तावित रकम **तालिका ७** मा तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७: सूर्योदय नगरपालिकाको राजस्व परिचालनको अवस्था**

| क्र.सं | राजस्व शिर्षकहरु | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित |
|---|---|---|---|---|---|---|
| **क.** | **कर राजस्व** | | | | | |
| १ | सम्पती कर | १४९२०४९ | १७६०१८१ | १७१४२०८ | १६५५४७९ | २०००००० |
| २ | भूमिकर/मालपोत | १३७९५९८१ | १८८०७३५७ | १७१६२९६५ | १६५८८७६८ | १५४००००० |
| ३ | घर जग्गा बहाल कर | १२२६८३५ | १६८१६२२ | २०४४९४२ | १६५११३३ | १३००००० |
| ४ | बहाल विरौटी शुल्क | १५४२२३६ | ८०८८०७ | ६३५४९११ | २९०१९८५ | ५००००० |

| क्र.सं | राजस्व शिर्षकहरु | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित |
|---|---|---|---|---|---|---|
| ५ | सवारी साधन कर (साना सवारी) | ० | ७१८०० | २६०५०० | ११०७६७ | ३००००० |
| ६ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २२५३७०३ | ३७१५४१० | ४५३५५७० | ३५०१५६१ | ४०००००० |
| ७ | अन्य मनोरञ्जन कर | ३००० | ० | ० | ३००० | १०००० |
| ८ | कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ० | ३४४६०६५ | ६५९०३१२ | ५०१८१८९ | ४०००००० |
| ९ | अन्य कर | ४०१७३४६ | २८७४४०३ | ४६१५० | २३१२६३३ | १०००० |
| | **जम्मा** | **२४३३११५०** | **३३१६५६४५** | **३८७०९५५८** | **३२०६८७८४** | **२७५२००००** |
| **ख.** | **गैरकर राजस्व** | | | | | |
| १ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ६१६०० | २२९६०० | ३११६७० | २००९५७ | ३००००० |
| २ | अन्य सेवा बिक्रीबाट प्राप्त रकम | ५८५००० | ६६१९०० | २९०००० | ५१२३०० | ५००००० |
| ३ | अन्य सेवा शुल्क तथा बिक्री | ३३८९४६३ | २९६४८४२ | ४१०२८३० | ३४८५७१२ | २७००००० |
| ४ | न्यायिक दस्तुर | ४७४५ | ७९१० | २५५१० | १२७२२ | २५००० |
| ५ | परीक्षा शुल्क | ३२१२०७ | ३९५७५० | ३५८७०० | ३५८५५२ | ३००००० |
| ६ | अन्य प्रशासनिक सेवा शुल्क | २२४८६० | १११०१८० | ४६००८० | ५९८३७३ | ५०००० |
| ७ | पार्किङ्ग शुल्क | १०१७०० | ० | ० | ३३९०० | २०००० |
| ८ | नक्सापास दस्तुर | १५४३११५ | १२८४६६६ | १६८९५९० | १५०५७९० | १५००००० |
| ९ | सिफारिश दस्तुर | ३२०२०२० | ३८२३३६० | ४०१७८६३ | ३६८१०८१ | ४०००००० |
| १० | व्यक्तिगत घटना दर्ता दस्तुर | ५८३५० | १६६१०० | ८०३२०० | ३४२५५० | ७००००० |
| ११ | नाता प्रमाणित दस्तुर | १३५००० | १५११०० | २४६६०० | १७७५६७ | २००००० |
| १२ | अन्य दस्तुर | १९५८३४ | ० | ० | ६५२७८ | ६००००० |
| १३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २७०७२८५ | ३७०२३१२ | २७७२५६४ | ३०६०७२० | ४०००००० |
| १४ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ० | ० | ६८३०० | २२७६७ | ५०००० |
| १५ | व्यवसाय कर | ० | ० | ४७४०६० | १५८०२० | ० |
| १६ | बीमा दावी प्राप्त | ० | ० | ४६१४०० | १५३८०० | ० |
| १७ | न्यायिक दण्ड,जरिवाना र जफत | ० | ७८३०० | ३६८०० | ३८३६७ | १००० |
| १८ | अन्य राजस्व | २०३१७८८८ | ५०९३१०७ | ३०९९१९२६ | १८८००९७४ | १०००० |
| | **जम्मा** | **३२८४८०६७** | **१९६६९१२७** | **४७१११०९३** | **३३२०९४२९** | **१४९५६०००** |

| क्र.सं | राजस्व शिर्षकहरु | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित |
|---|---|---|---|---|---|---|
| **ग.** | **प्रदेश र स्थानीय तहबीचको बाँडफाँट** | | | | | |
| १ | घर जग्गा रजिस्ट्रेशन शुल्क | १०४२३२९७ | १३६२२५१६ | १५४५००७२ | १३१६५२९५ | १८१५०००० |
| २ | सवारी साधन कर | ११९५१७३४ | २००८८१६१ | २१११६८३८ | १७७१८९११ | २८१६१००० |
| ३ | मनोरञ्जन कर | ० | ० | ० | ० | ६१००० |
| ४ | विज्ञापन कर | १००००० | २५००० | ७२६०० | ६५८६७ | १००००० |
| | **जम्मा** | **२२४७५०३१** | **३३६३५६७७** | **३६६३९५१०** | **३०९१६७३९** | **४६४७२०००** |
| **घ.** | **नेपाल सरकारबाट प्राप्त राजस्व र रोयल्टी बाँडफाँट** | | | | | |
| १ | मूल्य अभिवृद्धि कर | ६४८३३७४४ | ८०५४६३५१ | ८२९२१३११ | ७६१००४६९ | १३३१४६००० |
| २ | अन्त:शुल्क | १७७९७८४८ | २३३१५७९२ | ३७१२५१४६ | २६०७९५९५ | ० |
| ३ | वन रोयल्टी | ३४१८२४ | १२४२७५ | १५७९५ | १६०६३१ | २९००० |
| ४ | विद्युत रोयल्टी | ३९०३२७ | ११०८४७७ | ४९०२३५ | ६६३०१३ | ११२६००० |
| | **जम्मा** | **८३३६३७४३** | **१०५०९४८९५** | **१२०५५२४८७** | **१०३००३७०८** | **१३४३०१०००** |
| **ङ** | **संघीय सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण** | | | | | |
| १ | समानीकरण | १६२३००००० | १६०८००००० | १७२४००००० | १६५१६६६६७ | १८१६००००० |
| २ | सशर्त चालु | ३०९१७४८४२ | ३६६८७७४७४ | ३२८३९५९३५ | ३३४८१६०८४ | ३७५१००००० |
| ३ | सशर्त पूँजीगत | ० | ० | ५३४२३३१५ | १७८०७७७२ | ४७३०००००० |
| ४ | विषेश पूँजीगत | ० | ० | ३०७१३९१६ | १०२३७९७२ | १३०००००० |
| ५ | समपूरक चालु | १७६३००० | १२०००००० | ० | ४५८७६६७ | ० |
| ६ | समपूरक पूँजीगत | ० | ० | १९८६१९१० | ६६२०६३७ | १७०००००० |
| | **जम्मा** | **४७३२३७८४२** | **५३९६७७४७४** | **६०४७९५०७७** | **५३९२३६७९८** | **६३४००००००** |
| **च.** | **प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण** | | | | | |
| १ | समानीकरण अनुदान | ७७६९००० | ७७५१००० | १०१२४००० | ८५४८००० | १०१२४००० |
| २ | सशर्त अनुदान चालु | ३३७२९८३४ | २२८८३१६४ | ५८१०१२६७ | ३८२३८०८८ | ८३५९२००० |
| ३ | सशर्त अनुदान पूँजीगत | ० | ० | ० | ० | ३०३९३३० |
| ४ | विषेश पूँजीगत | १६२१८९९ | ० | ० | ५४०६३३ | ० |
| ५ | समपूरक चालु | ७९९८०९४ | ४४४७८२४ | ४४९०७५२ | ५६४५५५७ | ० |
| ६ | समपूरक पूँजीगत | ० | ० | ० | ० | १०००००००० |
| | **जम्मा** | **५१११८८२७** | **३५०८१९८८** | **७२७१६०१९** | **५२९७२२७८** | **१०६७५५३३०** |
| | **कुल जम्मा** | **६८७३७४६६०** | **७६६३२४८०६** | **९२०५२३७४४** | **७९१४०७७३७** | **९३९२३६३३०** |

*स्रोत : सूर्योदय नगरपालिका, २०७९*

यस नगरपालिकाको कुल वार्षिक आयमा विगत तीन आर्थिक वर्षको औसत आयको विश्लेषण गर्दा कर राजस्वको योगदान ४.७ प्रतिशत, गैरकर राजस्वको योगदान ३.८ प्रतिशत, प्रदेश र स्थानीय तहबीचको बाँडफाँट ३.९ प्रतिशत, नेपाल सरकारबाट प्राप्त राजस्व र रोयल्टी १३ प्रतिशत, संघीय अनुदान ६८.१ प्रतिशत र प्रदेश सरकारबाट प्राप्त अनुदानको योगदान ६.७ प्रतिशत रहेको छ।

**तालिका ८: सूर्योदय नगरपालिकाको राजस्वको स्रोतगत योगदान (रु.)**

| क्र.सं | राजस्व शिर्षकहरु | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित | तीन वर्षको औसत प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कर राजस्व | २४३३११५० | ३३१६५६४५ | ३८७०९५५८ | ३२०६८७८४ | २७५२०००० | ४.७ |
| २ | गैरकर राजस्व | ३२८४८०६७ | १९६६९१२७ | ४७१११०९३ | ३३२०९४२९ | १४९५६००० | ३.८ |
| ३ | प्रदेश र स्थानीय तहबीचको बाँडफाँट | २२४७५०३१ | ३३६३५६७७ | ३६६३९५१० | ३०९१६७३९ | ४६४७२००० | ३.९ |
| ४ | नेपाल सरकारबाट प्राप्त राजस्व र रोयल्टी बाँडफाँट | ८३३६३७४३ | १०५०९४८९५ | १२०५५२४८७ | १०३००३७०८ | १३४३०१००० | १३.० |
| ५ | संघीय सरकारबाट प्राप्त अनुदान | ४७३२३७८४२ | ५३९६७७४७४ | ६०४७९५०७७ | ५३९२३६७९८ | ६३४०००००० | ६८.१ |
| ६ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ५१११८८२७ | ३५०८१९८८ | ७२७१६०१९ | ५२९७२२७८ | १०६७५५३३० | ६.७ |
| | **जम्मा** | **६८७३७४६६०** | **७६६३२४८०६** | **९२०५२३७४४** | **७९१४०७७३७** | **९३९२३६३३०** | **१००.०** |

*स्रोतः सूर्योदय नगरपालिका, २०७९*

## ३.६ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

सूर्योदय नगरपालिका इलाम जिल्लाको प्रमुख चिया उत्पादन क्षेत्र रहेको छ। यहाँ सरकारी स्वामित्वको कन्याम चिया बगान लगायत निजी क्षेत्रबाट चियाको खेती व्यापक रुपमा गरिएको छ। यसैगरी यहाँ चिया प्रशोधन उद्योगहरु, पशुपालन तथा दुग्ध व्यवसाय, तरकारी खेती लगायत व्यवसायहरु तुलनात्मक लाभका क्षेत्र हुन्। नगर क्षेत्रको श्रीअन्तु सूर्योदय अवलोकनको आकर्षक केन्द्रविन्दु रहेको छ। यस नगरपालिका मध्यभाग हुँदै मेची राजमार्ग गएको हुनाले र तराई क्षेत्रसँगको पहुँचमा रहेको हुनाले आन्तरिक पर्यटकहरुको गन्तव्य स्थल रहेको छ। हालका वर्षहरुमा पर्यटन पूर्वाधारहरुको प्रवर्द्धनमा निजीले क्षेत्र समेत लगानी बढाइरहेका छन्। यसैगरी सडक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती सँगै घर/संरचनाहरुको तिब्र वृद्धि, बजारीकरण तथा व्यवसायहरुको वृद्धि आन्तरिक आय वृद्धिका आधार रहेका छन्। यी विविध स्रोतहरुको सम्भावनालाई उपलब्ध सूचना तथा तथ्याङ्क एवं प्रचलित कानूनी आधारमा कर तथा गैरकर राजस्वको सम्भावना विश्लेषण गरिएको छ।



**श्रीअन्तु पर्यटकीय स्थल**

### ३.६.१ स्थानीय कर राजस्व

स्थानीय कर राजस्वलाई नगरपालिकाले परिचालन गरेको विद्यमान अवस्था, सुधार गर्नुपर्ने पक्षहरु र सम्भावनाको विश्लेषण गरिएको छ।

### (क) सम्पत्ति कर

**विद्यमान अवस्था :** सूर्योदय नगरपालिकाले सम्पत्ति कर शीर्षकमा आ.व. २०७६/७७ मा रु. १४ लाख ९२ हजार ४९, आ.व. २०७७/७८ मा रु. १७ लाख ६० हजार १८१ सङ्कलन गरेको देखिन्छ भने आ.व. २०७८/७९ का लागि रु. २४ लाख सङ्कलन हुने अनुमान गरेकोमा रु. १७ लाख १४ हजार २०८ यथार्थ रुपमा सङ्कलन गरेको छ। आ.व. २०७९/८० का लागि रु. २० लाख प्रस्ताव गरिएको छ भने यसै आ.व. को मंसिरसम्ममा रु. १ लाख १० हजार १५९ मात्रै सङ्कलन भएको छ।

नगरपालिकाको अभिलेख अनुसार आ.व. २०७८/७९ मा सम्पत्ति कर तिर्नुपर्ने कुल करदाता संख्या २०९०२ रहेकोमा ११८४९ करिब ५७ प्रतिशत ले मात्र कर बुझाएको देखिन्छ। सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची १ र २ बमोजिम क्रमश: घर र जग्गाको मूल्याङ्कनका आधारमा रु. एक देखि ५,००,००० सम्मको मूल्याङ्कन हुने सम्पत्तिलाई पहिलो वर्गबाट शुरु गरी जम्मा १४ वर्गहरुमा विभाजन गरेको छ। यसको विस्तृत विवरण प्रतिवेदनको **अनुसूची ५** मा प्रस्तुत गरिएको छ। चौधौं वर्गमा ४ करोड माथिको प्रावधान राखेको छ भने पहिलो वर्गलाई एकमुष्ट रु. १०० र दोस्रो वर्ग (Slab) ५ लाख एक देखि १० लाख सम्मलाई एकमुष्ट रु. १५० दर तोकेको छ। तेस्रो वर्गदेखि रु. १५ प्रति लाखबाट शुरु गरी अन्तिम वर्ग (चौधौं) मा रु. ७० प्रति लाख दर निर्धारण गरेको छ। सोही अनुसूचीको बाह्रौं देखि चौधौं वर्ग (Slab) सम्म कर दर कम प्रगतिशिल रहेको देखिन्छ। घरको प्रकारका आधारमा घरधुरी संख्या निम्नानुसार रहेको छ। यसका आधारमा सम्पत्ति करको सम्भावना विश्लेषण **तालिका** ९ मा प्रस्तुत गरिएको छ।

**तालिका ९: सम्पत्ति करको सम्भावना विश्लेषण**

| क्र.सं. | घरको किसिम | घर संख्या | औसत आकार** | घर संरचनाको मूल्याङ्कन दर रु. | वर्ग अनुसार मूल्याङ्कन रकम रु. | कर दर रु. | कूल कर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | बाँसको बारबेर गरी माटोको लिउन गरेको/नगरेको र प्लास्टिक/कर/कर्कटपाताको छानो भएको | १११२ | ८०० | ३०० | २४००००० | १०० | १११२०० |
| २ | ईँटा/ढुंगा - माटोको जोडाई - बाँस/काठ/सिमेण्टले बारबेर गरी प्लास्टिक/खर/कर्कटपाताको छाना लगाएको | ३४२० | १५०० | ६०० | ९००००० | १५० | ५१३००० |
| ३ | काठको घर कर्कटपाताको छाना भएको | ४९०६ | २००० | ८०० | १६००००० | २४० | ११७७४४० |
| ४ | कर्कटपाताको छानो भएको ईँटा, ढुंगा सिमेण्टको जोडाई भएको | २१०३ | २००० | १५०० | ३०००००० | ६०० | १२६१८०० |
| ५ | आर सि.सि. सिमेण्ट प्लास्टर भएको कर्कटपाता वा ढलाना छानो भएको | ९८६ | २५०० | २००० | ५०००००० | १५०० | १४७९००० |
| | **जम्मा** | **१२५२७** | | | | | **४५४२४४०** |

**औसत आकार अनुमान गरिएको।

*स्रोत : नगर पार्श्वचित्र, २०७५ को तालिका नं. २६।*

उपरोक्त मान्यताका आधारमा घर संरचनाबाट हाल कूल रु. ४५,४२,४४०।- सम्पत्ति करको सम्भावना देखिन्छ भने हाल घर संख्यामा वृद्धि भए अनुरुप कर रकम वृद्धि हुने देखिन्छ । साथै घरको अवस्थिति, आवासीय एवं व्यापारिक उपयोग अनुसार घरले चर्चेको जग्गामा लाग्ने करबाट थप रकम सङ्कलन हुने हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** आ.व. २०७८/७९ मा सम्पत्ति कर तिर्ने करदाता करिब ५७ प्रतिशत मात्र रहेको देखिन्छ । करको दायरालाई वृद्धि गर्न निम्न अनुसारका सुधारात्मक कदम चाल्नु पर्ने देखिन्छ ।

- जग्गाधनी पूर्जामा घर कायम गरी घर संख्या र घरजग्गा धनीको संकेत खुल्ने प्रणालीगत सफ्टवेयरलाई अद्यावधिक गर्ने,
- निर्माण भईसकेको तर अभिलेखीकरण नभएका घर संरचनाहरुलाई अभिलेखीकरण गर्ने तथा निर्माण भएको अवधि खुलाउनाले, ह्रासकट्टी गर्ने आधार तयार हुने,
- करदाता शिक्षा अभियानका रुपमा सञ्चालन गर्ने,
- सडकले छोएका व्यापारिक क्षेत्रका घरजग्गाको अभिलेख राख्ने तथा सडक निर्माण सम्पन्न भए पश्चात सडकले छोएका घरजग्गाको लगत अद्यावधिक गर्ने,
- घर तथा जग्गाको धितो मूल्याङ्कन सिफारिस, सम्पत्ति मूल्याङ्कन सिफारिस तथा घरजग्गा रजिष्ट्रेशन उद्देश्यका लागि गरिने मूल्याङ्कनमा एकरुपता कायम गर्ने,
- सम्पत्ति कर मूल्याङ्कन दर २०७९ का १२ औं वर्ग (रु. २ करोड सम्म, ४ करोड सम्म र ४ करोड माथि) मा प्रगतिशिल दर निर्धारण गर्ने । साथै कर दरका लागि मूल्याङ्कित अंकहरु शुरु रकम देखि अन्तिम सम्म उल्लेख गरिनुपर्ने (उदाहरण : पहिलो वर्ग - Slab) मा रु. एक देखि ५ लाखसम्म, दोस्रो वर्गमा रु. ५ लाख एक देखि १० लाख सम्म र एवं प्रकार) ।

**(ख) भूमिकर (मालपोत)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ (संशोधन सहित) ले सम्पत्ति कर लागेको घरजग्गा बाहेक अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने प्रावधान गरेको छ । भूमिकर सरकारको आय स्रोत भन्दा पनि परम्परागत रुपमा आफ्नो अचल सम्पत्तिको रुपमा आफ्नो स्वामित्वलाई सुरक्षण गर्ने तथा सुरक्षित भविष्यको प्रत्याभूतिका रुपमा लिइने गरिन्छ । सूर्योदय नगरपालिकाको स्थायी तथा भरपर्दो मुख्य आन्तरिक स्रोतको रुपमा भूमिकर रहेको छ । भूमिकर दरको विस्तृत विवरण प्रतिवेदनको **अनुसूची ५** मा प्रस्तुत गरिएको छ ।

**विद्यमान अवस्था :** विगत वर्षहरु जस्तै हालका वर्षहरुमा पनि भूमिकर नगरपालिकाको मुख्य आन्तरिक स्रोत रहेको छ । आ.व. २०७६/७७ देखि आ.व. २०७८/७९ को तीन आर्थिक वर्षहरुमा यो स्रोतबाट क्रमशः रु. १ करोड ३७ लाख ९५ हजार ९८१, रु. १ करोड ८८ लाख ७ हजार ३५७ र रु. १ करोड ७१ लाख ६२ हजार ९६५ सङ्कलन भएको छ । आ.व. २०७९/८० का लागि रु. १ करोड ५४ लाख प्रस्तावित आय रहेकोमा सोही आ.व. को मंसिर सम्ममा ९३ लाख ६८ हजार सङ्कलन भएको देखिन्छ । यसैगरी मालपोत तिर्नुपर्ने दायराका करदाता संख्या २०९०२ रहेको आँकलन मध्ये ११८४९ जनाले आ.व. २०७८/७९ मा कर तिरेको आँकडाले देखाउँछ । यो संख्या कुल करयोग्य संख्याको करिब ५७ प्रतिशत रहेको छ । आ.व. २०७८/७९ को संकलित रकम र करदाता संख्या अनुसार प्रति करदाता रु. १४४८ हुन आउँछ ।

सूर्योदय नगरपालिकाले भूमिकरको दर निर्धारणका लागि सम्पत्ति करको मूल्याङ्कन मूलतः जमिनको अवस्थिति, सडकको पहुँच, व्यवसायिक/व्यापारिक क्षेत्रलाई आधार लिएको छ । साथै भूमिकरका दर पनि सम्पत्ति कर सरह नै निर्धारण गरिएको छ ।

**सम्भावना :** सूर्योदय नगरपालिकाको पार्श्वचित्र, २०७५ का आधारमा भू-स्वामित्वको आकार अनुसारका जग्गाधनी संख्या **तालिका १०** मा प्रस्तुत गरिएको छ ।

**तालिका १०: भू स्वामित्वको आकार अनुसार जग्गाधनी संख्या**

| क्र.सं. | भूस्वामित्व आकार | जग्गाधनी संख्या |
|---|---|---|
| १ | १ रोपनी भन्दा कम जमिन भएका | १००६ |
| २ | १ रोपनी र सोभन्दा बढी ५ रोपनी सम्म जमिन भएका | २४५८ |
| ३ | ५ रोपनी र सोभन्दा बढी भएका | ६८४२ |
| | **जम्मा** | **१०३०६** |

*स्रोत : नगर पार्श्वचित्र, २०७५ को तालिका नं. ३६ ।*

यो नगरपालिकामा कुल कृषि क्षेत्र ९५.९५ वर्ग कि.मी. अर्थात करिब १,८८,५४१ रोपनी रहेको छ । कुल कृषि क्षेत्र मध्ये भरपर्दो सिंचाई सुविधा १८३१४ रोपनीमा मात्र रहेको तथ्याङ्क देखाउँछ । बाँकी जमिन मौसमी वर्षातमा भरपर्ने रहेको छन् (मध्यमकालीन खर्च संरचना, २०७९) ।

**सुधार गर्नुपर्ने पक्षहरु :** हालको करयोग्य जमिनको मूल्याङ्कन संरचना र कर दर सन्दर्भमा सम्पत्ति करमा उल्लेखित पक्षहरु मालपोतको लागि सुधारका पक्षहरु हुन् ।

नगरपालिकाले हरेक वडामा रहेको जमिनलाई नयाँ भूमि सम्बन्धी ऐनको प्रावधान बमोजिम वर्गीकरण गर्नुपर्ने हुन्छ । खेती प्रयोजनमा प्रयोग भएकोमा मालपोत (भूमिकर) लगाउने गरी वर्गीकरण अनुसारको सम्पूर्ण लगत तयार गर्नुपर्ने देखिन्छ । नगरपालिकाले हाल सम्पत्ति करका प्रयोजन अनुसार नै भूमिकर दर निर्धारण गरेको छ । तर सम्पत्ति करको दायरा भन्दा बाहिर रहेका जमिनमा व्यवहारिक तथा कानून सम्मत मालपोतको दर निर्धारण र असुली गर्न देहाय बमोजिम गर्दा उपयुक्त हुने देखिन्छ ।

**(ग) घरजग्गा बहाल कर**

**विद्यमान अवस्था :** सूर्योदय नगरपालिकाले आवासीय प्रयोजनका लागि बहाल रकममा ७ प्रतिशत र अन्य प्रयोजनका लागि १० प्रतिशत घरजग्गा बहाल कर दर निर्धारण गरेको छ । यो नगरपालिकाको दिगो एवं भरपर्दो स्रोत रहेको छ । घरजग्गा बहाल करको यथार्थ र प्रस्तावित आम्दानी देहाय अनुसार रहेको छ (**तालिका ११**) ।

**तालिका ११: घरजग्गा बहाल करबाट भएको आम्दानी (रु.)**

| आर्थिक वर्ष | प्रस्तावित आम्दानी | यथार्थ आम्दानी | कैफियत |
|---|---|---|---|
| २०७६/७७ | - | ११२६८३५ | |
| २०७७/७८ | - | १६८१६२२ | |
| २०७८/७९ | १२००००० | २०४४९४२ | बक्यौता समेत |
| २०७९/८० | १३००००० | - | |

*स्रोत : सूर्योदय नगरपालिका, २०७९*

यस नगरपालिकाका क्षेत्रमा बढ्दो शहरीकरण, व्यवसायमा हुने वृद्धि पर्यटन गतिविधिमा भईरहेको बढोत्तरीका कारण घरजग्गा बहाल करबाट हुने आम्दानीमा वृद्धि भईरहेको देखिन्छ ।

**सम्भावना :** नगरको पार्श्वचित्र, २०७५ अनुसार ६४८ घर परिवार बहालमा बस्ने, नगर क्षेत्रमा रहेका संस्थागत विद्यालयहरु मध्ये बहालमा सञ्चालन गरिएका संख्या, सहकारी संस्थाहरु तथा बैंक र अन्य वित्तीय संस्था (२४ वटा) अधिकांश बहालमा रहेका छन् । यसैगरी होटल/लज व्यवसायीहरुको संख्या पनि ठूलो रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची ४ अनुसार आवासीय प्रयोजनका लागि घरवहाल लगाएकोमा  वहाल रकमको ७ प्रतिशतले हुन आउने रकम र अन्य प्रयोजनका लागि घर वहाल लगाएकोमा वहाल करको १० प्रतिशतले हुन आउने रकम मात्र उल्लेख भएको छ । यस प्रावधानले

जग्गा वहालको बारेमा कुनै व्यवस्था गरेको छैन । तसर्थ, आगामी आर्थिक वर्षका लागि तर्जुमा गरिने आर्थिक ऐनमा जग्गा वहालको समेत प्रावधान राख्न उपयुक्त हुने देखिन्छ । कतिपय व्यवसायीहरुले अहिले पनि संघीय सरकारको आन्तरिक राजस्व कार्यालयमा घर बहाल कर तिर्नु परेको गुनासो व्यक्त गरिरहेका छन् । यस बारेमा सूर्योदय नगरपालिकाले नगरपालिकाको सञ्चित कोषमा बुझाउनु पर्ने बारे सूचना जारी गर्नु पर्दछ । व्यवसाय कर बुझाउँदा घर बहालको सम्झौता सहित बहाल कर असुली गर्ने व्यवस्था गर्नुपर्दछ । संस्थागत प्रयोजनका लागि लिइने घर बहाल वडा कार्यालयको रोहवरमा सम्झौता गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ । सबै वडा कार्यालयहरुले घर बहालको अभिलेख अद्यावधि गर्नुपर्दछ । यसका अतिरिक्त नगरपालिकाले स्थान विशेष घरको कोठाको क्षेत्रफल अनुसार न्यूनतम भाडा दर निर्धारण गरी न्यूनतम भाडा दर भन्दा सम्झौताको दर बढी भए सोही बमोजिम र न्यूनतम दरभन्दा सम्झौताको रकम कम भए न्यूनतम दर अनुसार घरजग्गा वहाल कर असुल गर्न उपयुक्त हुन्छ ।

**(घ) व्यवसाय कर**

सूर्योदय नगरपालिकाले आर्थिक ऐन, २०७९ को अनुसूची ९ मा ६१ वटा मूल शीर्षकमा व्यवसायहरुको वर्गीकरण गरी करको दर निर्धारण गरेको छ । करको दर (व्यवसाय दर्ता) न्यूनतम रु. ५०० देखि अधिकतम रु. २५,००० (निजी वा गैर सरकारी क्षेत्रले सञ्चालन गर्ने अस्पताल) सम्मको व्यवसाय दर्ता शुल्कको प्रावधान गरेको छ ।

**विद्यमान अवस्था :** सुर्योदय नगरपालिकाको पर्यटकीय क्षेत्र रहेको, कृषि तर्फ नगदे बाली, पशुपालन व्यवसाय, चिया उत्पादन र प्रशोधनमा तुलनात्मक लाभ रहेको क्षेत्र भएको हुनाले विविध व्यवसायहरु सञ्चालनमा रहेका छन् । नगर पार्श्वचित्र, २०७५ अनुसार उद्योग व्यवसाय तर्फ चिया, दुधजन्य, कुटानी-पिसानी, फर्निचर, कुखुरापालन जस्ता व्यवसायको संख्या ११९ रहेको थियो । जस्तै : होटल, चिया पसल, होमस्टे, लज, खाजा घर, मिठाई पसल समेतको संख्या २९० रहेका तथ्याङ्कले देखाउँछ । बैंक तथा वित्तीय संस्थाहरु २४ वटा रहेको थियो । साथै कृषि, पशु, ऋण तथा बचत सहकारी संस्थाहरुको संख्या १३९ रहेका थिए ।

केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक गणना, २०७५ अनुसार यस नगरपालिका क्षेत्रमा जम्मा २२३९ व्यवसायहरु रहेको देखाउँछ । व्यवसायको प्रकार अनुसारको संख्या **तालिका १२** देखाइएको छ ।

**तालिका १२: सूर्योदय नगरपालिकामा रहेका व्यवसायहरुको प्रकार र संख्या**

| कृषि, वन, माछापालन | उद्योग प्रशोधन | खानी, विद्युत, खानेपानी, निर्माण | थोक तथा खुद्रा व्यापार | ढुवानी, भण्डारण, सूचना तथा सञ्चार | होटल, लज | वित्त, बीमा | शिक्षा | मानव स्वास्थ्य तथा सामाजिक कार्य | घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन तथा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४१ | १९८ | ६ | १२४६ | १४ | ४११ | ३७ | ९५ | ३० | १६१ | २२३९ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक गणना, २०७५*

माथिको तथ्याङ्कले नगरपालिका क्षेत्रमा होटल, लज, चिया पसल जस्ता व्यवसायको बाहुल्यता देखाउँछ भने थोक तथा खुद्रा व्यापार अर्को मुख्य व्यवसाय देखिन्छ । माथिको चार वर्ष अघिको व्यवसायको संख्यामा निश्चित रुपमा उल्लेख्य वृद्धि भएको अनुमान गर्न सकिन्छ ।

यसैगरी नगरपालिकाको २०७८/७९ को रेकर्ड अनुसार नगरपालिका क्षेत्रमा जम्मा ३६३० व्यवसाय सञ्चालनमा रहेको देखिन्छ भने सो मध्ये १६०३ व्यवसायीहरुले नवीकरण शुल्क तिर्न बाँकी रहेको देखिन्छ । हालका सम्पूर्ण व्यवसायी तथा थप हुने व्यवसायीहरुलाई करको दायरामा ल्याउँदा व्यवसाय करमा उल्लेखनीय वृद्धि हुन सक्छ ।

**तालिका १३: व्यवसाय करबाट प्राप्त यथार्थ तथा प्रस्तावित आय (रकम रु.मा)**

| आर्थिक वर्ष | | व्यवसाय रेजिष्ट्रेशन दस्तुर | व्यवसाय कर | जम्मा |
|---|---|---|---|---|
| २०७६/७७ | यथार्थ | २६८३८८५ | २८८३८८ | २९७२२७३ |
| २०७७/७८ | यथार्थ* | ४२४७५८७ | - | ४२४७५८७ |
| २०७८/७९ | प्रस्तावित* | ८५००००० | - | - |
| २०७८/७९ | यथार्थ* | ३८२०३२४ | - | ३८२०३२४ |
| २०७९/८० | प्रस्तावित* | ४०००००० | - | ४०००००० |

*स्रोत : सूर्योदय नगरपालिका, २०७९*
**नोट : रजिष्ट्रेशन र नवीकरण एकमुष्ट रहेको ।*

**तालिका १३** अनुसार व्यवसाय करबाट प्राप्त हुने आय रकममा ठूलो घटबढ हुने गरेको देखिन्छ । यो लेखापालनका कारण हुनसक्छ। यस्तै आ.व. २०७६/७७ मा मात्र व्यवसाय दर्ता र नवीकरण शीर्षक छुट्याएको देखिन्छ भने अन्य आर्थिक वर्षहरुमा व्यवसाय रजिष्ट्रेशन दस्तुर शीर्षकमा मात्र आय कायम गरेको देखिन्छ। आ.व. २०७८/७९ मा २०२६ व्यवसायीले तिरेको औसत कर दर करिब रु. १,९०० देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** हालको करका दर व्यवसायको वर्गीकरणका आधारमा देहाय बमोजिमका सुधारात्मक कार्य गर्नुपर्ने देखिन्छ ।

- दुग्ध व्यवसाय तथा होटल व्यवसायमा लाग्ने कर दर पुनरावलोकन गर्ने तथा पशु र बाली बीमा कार्यक्रममा नगरपालिका र व्यवसायीहरुको साझेदारी गर्नुपर्ने ।
- व्यवसाय प्रवर्द्धन गर्न नगरपालिका, जिल्ला बाहिर र छिमेकका भारतीय बजारमा यहाँका उत्पादनको प्रदर्शनी/मेला सञ्चालनमा सहयोग र समन्वय गर्ने ।
- व्यवसाय कर असुली गर्न स्थानीय उद्योग वाणिज्य संघ, वस्तुगत संघसँग निरन्तर सम्वाद र सहकार्य गर्नुपर्ने ।
- व्यवसाय दर्ता र नवीकरण शीर्षक छुट्याई लेखापालन गर्नु उपयुक्त हुने ।
- व्यवसायको सुरक्षाका लागि बजार क्षेत्रमा सडक बत्ती तथा CCTV को व्यवस्था गर्ने

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने प्रणाली तर्फ नगरपालिका उन्मुख भई सोही बमोजिम तयार गर्दै जानु उपयुक्त हुन्छ । यसका लागि सुझाव (नमुना) **अनुसूची ६** मा प्रस्ताव गरिएको छ । यस प्रणालीबाट राजस्व असुलीमा सरलता हुने तथा प्रचलित संघीय ऐनको पनि पालना हुने गर्दछ ।

प्रस्तावित सुझावमा कारोबारको रकम पूँजीगत लगानीको पाँच गुणा बढी हुने मान्यता लिइएको छ । साथै व्यवसाय करलाई समावेशी बनाई स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न करमा छुटको समेत प्रस्ताव गरिएको छ ।

**उद्यम व्यवसायको किसिम, दर्ता तथा नवीकरण सम्बन्धी**

**व्यवसायको किसिम**

(क) उद्योग व्यवसाय
(ख) व्यापार व्यवसाय
(ग) सहकारी व्यवसाय

- उद्यम व्यवसायलाई दर्ता तथा नवीकरण गर्नुपर्ने
- उद्यम व्यवसाय दर्ता तथा नवीकरण गर्न शुल्क वा दस्तुर बुझाउनु पर्ने
- उद्यम व्यवसायको नामसारी, नाम, उद्देश्य, पूँजी परिवर्तन, स्थानान्तरण

**सहकारी व्यवसाय सम्बन्धी व्यवस्था**

- **संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ (५)** मा उल्लेख भएबमोजिम प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्नसक्ने ।
- **सहकारी ऐन, २०७४ दफा २१ उपदफा १** अनुसार सहकारी संघ वा संस्थाले आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ । **उपदफा ३** को प्रतिबन्धात्मक व्यवस्था अनुसार त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने रहेछ भने सो बमोजिम मात्र गर्नुपर्नेछ भन्ने प्रावधान रहेको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, उपदफा ५ घ** को व्यवस्था (गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार :

**"घ" लघु, घरेलु तथा साना उद्योग**

(१) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन

(२) उद्यमशिलताको विकास र प्रवर्द्धन

**कोशी प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७७**

**उद्योगको वर्गीकरण :**

**(क) लघु उद्यम :** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी र निजको एकासगोलको परिवारका सदस्य स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा कम रहेको,

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता पच्चीस किलोवाट वा सोभन्दा कम रहेको ।

**(ख) घरेलु उद्योग :** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमता विद्युतीय उर्जा प्रयोग गरेको,

(४) अनुसूची १ मा उल्लेख भएका तर तोकिए बमोजिम सम्मको स्थिर पूँजी भएका उद्योगहरु ।

**(ग) साना उद्योग :** लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग

### (ङ) जडिबुटी, कवाडी र जिवजन्तु कर

हाल नगरपालिकामा जडिबुटी तथा जीवजन्तु कर शीर्षकमा करको सम्भावना नगण्य अर्थात लागत प्रभावकारिता नहुने अवस्था रहेको छ । साथै कवाडी करको सम्भावना पनि न्यून छ । नगरपालिकाले कवाडी कर उठाउने ठेक्का आह्वान गरेकोमा कसैको पनि कबोल परेको छैन । नगरपालिका क्षेत्रमा सामुदायिक वनहरु प्रचुर रहेकोले भविष्यमा जडिबुटी खेतीमा लगानी गरी यसबाट हुने कर तथा स्थानीय जिविकोपार्जनलाई प्रवर्द्धन गर्न सकिन्छ ।

### (च) सवारी साधन कर

प्रदेश नं. १ प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ३ (२) मा टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा र पावर टिलरमा सम्बन्धित नगरपालिकाले सवारी साधन  कर लगाई असुल उपर गर्नेछ भन्ने प्रावधान रहेको छ । सूर्योदय नगरपालिकाले त्यस्ता साना सवारी साधनको दर्ता वार्षिक शुल्क रु. ३०० र दर्ता नवीकरण वार्षिक रु. १,५०० निर्धारण गरेको छ । यसैगरी विदेशी सवारी साधनहरु नेपाल प्रवेश गर्दा प्रवेश विन्दुमा लिइने प्रवेश शुल्क समेत तोकेको छ ।

**विद्यमान अवस्था :** हाल सूर्योदय नगरपालिकामा ११९ अटोरिक्सा (टेम्पो) दर्ता भई सञ्चालनमा रहेका छन् । सडकहरुको विस्तार तथा पर्यटकीय गतिविधिसँगै साना सवारी साधनको संख्यामा तिब्रतर वृद्धि भईरहेको छ । आ.व. २०७७/७८ सम्म जम्मा १४ वटा अटोरिक्सा रहेकोमा २०७८/७९ मा थप ५५ वटा अटोरिक्सा र २०७९/८० को मंसीर सम्ममा थप ५० दर्ता भएको देखिन्छ । चालु आ.व. २०७९/८० मा यो स्रोतबाट (नयाँ दर्ता र नवीकरण) न्यूनतम रु. २,५३,००० आय प्राप्त हुने देखिन्छ । यसमा वार्षिक ५ प्रतिशतले वृद्धि हुनेगरी प्रक्षेपण गरिएको छ ।

**सम्भावना :** नगरपालिका क्षेत्रभित्र बढ्दो आर्थिक गतिविधि, होटल व्यवसाय आदिमा भईरहेको वृद्धि, सडकहरुको स्तर तथा पहुँचमा वृद्धि भईरहेको हुनाले साना सवारी साधनको माग समेत वृद्धि भई यसबाट प्राप्त हुने करमा वृद्धिको सम्भावना छ ।

**(छ) मनोरञ्जन कर**

**विद्यमान अवस्था :** विगतमा यस शीर्षकमा नगरपालिकाले कर सङ्कलन गरेको देखिँदैन । चालु आ.व. मा रु. ६१,००० प्रस्ताव गरिएको तथा २०७९ मंसिर सम्ममा रु. २५,००० सङ्कलन भएको देखिन्छ । नगरपालिका क्षेत्रमा हाल जिपलाईन, प्याराग्लाइडिङ्ग तथा शिसा पुल (Sky Walk) जस्ता मनोरञ्जनका व्यवसायहरु सञ्चालनमा आएका छन् । हाल मनोरञ्जन कर आकर्षण हुने स्रोत व्यवसायिक कर वा वार्षिक एकमुष्ट कर तोकिएको अवस्था देखिन्छ ।

**सम्भावना :** आन्तरिक पर्यटकको आकर्षक केन्द्र रहेको यस नगरपालिकामा मनोरञ्जन करको सम्भावना छ । वार्षिक एकमुष्ट रकम तोकिएका करयोग्य मनोरञ्जन व्यवसायहरु (प्याराग्लाइडिङ्ग, जिपलाइन, Sky-Walk, भिडियो, सिनेमा आदिमा प्रवेश स्थलमा टिकट खरिदमा कर लगाउने बारे सम्बन्धित उद्यमीसँग छलफल गर्नुपर्ने हुन्छ । यसबाट बढी राजस्व सङ्कलन हुनसक्ने देखिन्छ ।

**(ज) विज्ञापन कर**

**विद्यमान अवस्था :** नगरपालिकाले चालु आ.व.मा विज्ञापन करमा राजस्व बाँडफाँट (प्रदेशबाट) अन्तर्गत रु. एक लाख प्राप्त हुने प्रस्ताव गरेको छ भने यसमा राजस्व सङ्कलनको प्रयास गरेको छैन ।

**सुधार गर्नुपर्ने पक्षहरु :** प्रदेश नं. १ को आर्थिक ऐन, २०७९ ले स्थानीय तहले सङ्कलन गर्नुपर्ने प्रावधान अनुरुप नगरपालिकाले मुख्य बजार तथा व्यापारिक केन्द्रहरुमा विज्ञापन कर लगाउनु पर्ने हुन्छ । हाल नगरपालिकाको अनुमति बिना होर्डिङ बोर्ड राख्ने, जथाभावी पोष्टर ढाँस्ने गरिएकोमा त्यस्ता संस्था तथा व्यवसायीलाई नियमन गरी करको दायरामा ल्याउनु पर्दछ । यसका लागि नगर प्रहरीको समेत परिचालन गर्नुपर्ने हुनसक्छ । आर्थिक ऐनमा जनहितका लागि गरिने विज्ञापनमा छुटको व्यवस्था गर्नुपर्दछ ।

**सम्भावना :** मेची राजमार्ग छेउछाउ, बजार र अन्य क्षेत्रमा विज्ञापनको हालको स्थिति र त्यसबाट उठ्न सक्ने करको आँकलन गरी ठेक्का प्रणालीबाट कर सङ्कलन गरेमा निर्धारित लक्ष्य पुरा हुन सक्दछ ।

### ३.६.२ गैरकर राजस्व

स्थानीय तहको आन्तरिक राजस्वको अर्को महत्वपूर्ण स्रोत गैरकर राजस्व हो । गैरकर राजस्वमा बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, सेवा शुल्क एवं दस्तुर, बिक्रि, सामुदायिक वन आदि रहेका छन् । गैरकर राजस्वका स्रोतहरु विश्लेषण देहायका बुँदाहरुमा गरिएको छ ।

**(क) प्राकृतिक तथा खानीजन्य वस्तु बिक्रि**

**विद्यमान अवस्था :** सूर्योदय नगरपालिकाले अन्य बिक्रिबाट प्राप्त रकम शीर्षकमा आय प्राप्ति गर्दै रहेको देखाउँछ । तथापि राजस्व शाखा कर्मचारी तथा उद्योग वाणिज्य संघ पदाधिकारीसँगको नगरपालिकामा सञ्चालित समूहगत छलफल/अन्तरक्रियामा हाल त्यस्तो बिक्रि नभएको जनाइएको छ भने केही खोला नाला तथा रोङ गाउँपालिकासँग समन्वय र सहकार्यमा ढुंगा, बालुवा, ग्राभेल बिक्रि गर्न सकिने धारणा व्यक्त भएको छ । यस नगरपालिकामा दहत्तर बहत्तर बिक्रिको सम्भावना रहेको छैन ।

**सुधारको लागि गर्नुपर्ने कार्यहरु :** स्थानीय माग र आवश्यकतालाई मध्यनजर राखी विशेषत खानीजन्य स्रोतहरुको (ढुंगा, ग्राभेल) प्रारम्भिक सम्भाव्यताबाट लाभ हुनसक्ने खानी भएमा प्रारम्भिक वातावरणीय अध्ययनका अधारमा खानी सञ्चालन गरी खनिज पदार्थ बिक्रि गर्ने । अनाधिकृत तवरले ढुंगा निकाली बिक्रि हुने गरेकोमा त्यस्तो क्रियाकलाप बन्देज लगाई राजस्वको दायरामा ल्याउनु पर्ने हुन्छ ।

**(ख) बहाल बिटौरी शुल्क**

**विद्यमान अवस्था :** यो शुल्क सूर्योदय नगरपालिका राम्रो स्रोतका रुपमा रहेको छ । नगरपालिका क्षेत्रमा रहेका साप्ताहिक हाट बजार, कन्याम क्षेत्रमा घुम्ती पसल, नगरपालिकाका वडा कार्यालयमा रहेका सभाहल, नगरपालिकामा रहेका चमेना गृह, सभा हलहरु, सार्वजनिक जग्गा र त्यसमा बनेका संरचनाहरुबाट विगत देखिनै बहाल बिटौरी शुल्क असुल हुँदै आएको छ । यस शीर्षक अन्तर्गतको लेखापालनलाई वहाल विटौरी कर र सरकारी सम्पत्तिको वहालबाट प्राप्त आयको रुपमा रहेको छ । बहाल विटौरी कर शीर्षकमा प्राप्त शुल्क रकम तलको **तालिका १४** देखाइएको छ ।

**तालिका १४: बहाल बिटौरी शुल्कबाट प्राप्त यथार्थ रकम**

| आर्थिक वर्ष | | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय (रु.) | वहाल विटौरी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|
| २०७६/७७ | यथार्थ | ६१६०० | १५४२२३ | २१५८२३ |
| २०७७/७८ | यथार्थ | २५२१०० | ८०८८०७ | १०६०९०७ |
| २०७८/७९ | यथार्थ | ३११६७० | ६३५४९११ | ६६६६५८१ |
| २०७९/८० | प्रस्तावित | ३००००० | ५००००० | ८००००० |
| २०७९/८० | मंसिर सम्ममा सङ्कलन | ७०७८८० | ६१८१०१ | १३२५९८१ |

*स्रोत : सूर्योदय नगरपालिका, २०७९*

माथिको तालिकामा आ.व. २०७८/७९ मा अस्वभाविक रुपमा बहाल बिटौरी शुल्कमा वृद्धि भएको देखिन्छ । यसको कारणमा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थिति बसोबासीहरुको व्यवस्थापनका लागि भूमि आयोगको कार्य सञ्चालन हुँदा सार्वजनिक जग्गाहरुमा संरचना बनाई बसेका बासिन्दाहरुले बक्यौता शुल्क बुझाई भर्पाइ बनाउँदा हक भोगको जमिन दर्ता हुने भन्ने भ्रमका कारण बक्यौता सहित कर असुली भएकोले हो ।

यसैगरी सरकारी सम्पत्ति वहालबाट हुने आय क्रमशः वृद्धि भइरहने देखिन्छ । चालु आ.व. २०७९/८० मा प्रस्तावित आय रु. ३ लाख रहेकोमा मंसिर सम्ममा रु. ७ लाख ७ हजार ८ सय ८० (२३६ प्रतिशत वृद्धि) सङ्कलन भएको छ । नगरपालिकाका विभिन्न वडाहरुमा रहेका ३४ कित्ताका करिब १६१ रोपनी जग्गा मध्ये संरचना बनाई बहालमा लगाई आय आर्जन भएको देखिन्छ ।

**थप शुल्को सम्भावना :** नगरपालिकाको पूँजीगत लगानीमा Tea Testing and Promotional Centre को निर्माण भईरहेको छ । यस केन्द्रमा हुने ११ कोठाहरु Accommodation मा प्रयोग हुने, चमेना गेह, चिया गुणस्तर परीक्षण, म्यूजियम, सभा हल, ल्याब ब्लक, प्रदर्शनी कक्ष निर्माण सम्पन्न भएपछि ठूलो आम्दानीको स्रोत बन्न सक्छ । यसैगरी सूर्योदय नगरपालिकामा रहेको शीतभण्डार सञ्चालन गरिएमा आयआर्जन हुने हुन्छ । यसका साथ हालसम्म ४ स्थानमा हाट बजार शुल्क लगाइएकोमा थप स्थानहरुमा हाटबजार शुल्कको सम्भावना देखिएको छ । यस्तै पशुवधशाला निर्माण सम्पन्न भईसकेपछि त्यसबाट आय प्राप्ति हुने हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** सरकारी तथा सार्वजनिक पर्ति जग्गाहरुमा संरचना बनाई वा आवाद गरी उपयोग गर्ने वासिन्दाहरुबाट शुल्क असुल गर्न वडासमिति कार्यालयहरुले निरन्तर पहल गर्नुपर्ने हुन्छ ।

बहाल बिटौरी शुल्कको लेखापालन कार्यमा अन्यौलका कारण यस शीर्षकमा अत्यन्त न्यून रकम उल्लेखित भएको छ । उदाहरणका लागि चालु आ.व. को ठेक्का विवरणमा मात्र बहाल बिटौरी शुल्क आकर्षण हुने शीर्षक अनुसारको आय निम्न अनुसार रहेको देखिन्छ ।

**तालिका १५: बहाल बिटौरी शुल्क**

| क्र.सं. | विवरण | न्यूनतम ठेक्का अंक रकम (मू.अ.क. बाहेक) | कबोल रकम (मू.अ.क. सहित) |
|---|---|---|---|
| १ | साप्ताहिक हाटबजार | ५०००० | ५०१७०० |
| २ | वडा नं. २ को सटर भाडा | १४४००० | १४६००० |
| ३ | चमेना गृह सञ्चालन (वडा नं. १०) | २६५४८६ | ६९१७८६ |
| | **जम्मा** | **९०९४८६** | **१३३९४८६** |

*स्रोत : सूर्योदय नगरपालिका, ठेक्का विवरण, २०७९*

### (ग) पार्किङ शुल्क

सूर्योदय नगरपालिकाले हालसम्म पार्किङ शुल्क लगाई रकम असुल गरेको देखिँदैन । यस आ.व.मा दुई स्थानहरुमा पार्किङ स्थल निर्माण भईरहेको छ । नगरपालिकाले सवारी साधन पार्किङ शुल्कको दर प्रति घण्टा रु. ४० देखि न्यूनतम रु. १० सम्म निर्धारण गरेको छ । शुल्क सङ्कलन गर्न ठेक्का बन्दोबस्तको प्रावधान समेत उल्लेख गरिएको छ । नगरपालिकाको विशेषत फिक्कल बजार र आइतबारे-तीनघरे क्षेत्रमा पार्किङ सेवा उपलब्ध भएपछि शुल्क सङ्कलनको राम्रो सम्भावना छ ।

### (घ) अन्य शुल्क तथा दस्तुरहरु

अन्य शुल्क तथा दस्तुरहरुको विवरण तल दिइएको छ ।

| क्र.सं. | <u>गैरकर राजस्व</u> दस्तुर, सिफारिश तथा प्रमाणित दस्तुर, सेवा शुल्क | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| १ | **नक्सापास दस्तुर**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ र दफा ३३ (४) | **<u>नक्सा पास</u>**<br>• आ.व. २०७६/७७ मा २७ निवेदन दर्ता भई रु. | रु. १५ लाख | थप प्राविधिक कर्मचारीको व्यवस्था गर्नुपर्ने । |

| क्र.सं. | गैरकर राजस्व<br>दस्तुर, सिफारिश तथा प्रमाणित दस्तुर, सेवा शुल्क | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | **नगरपालिकाको आर्थिक ऐन, २०७९** | ६,९५,९८२ राजस्व सङ्कलन भएको<br>• आ.व. २०७७/७८ मा ३७ निवेदन प्राप्त र रु. ५,०७,०५८ सङ्कलन<br>**अभिलेखीकरण**<br>• आ.व. २०७६/७७ मा ६५ निवेदन, १७२ सम्पन्न प्रमाण पत्र र रु. ८,३९,७८० सङ्कलन | | |
| | | | | |
| २ | **सिफारिस तथा प्रमाणित दस्तुर**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) तथा दफा १२ (ङ) | आ.व. २०७८/७९ मा रु. १६,९९,५८९ राजस्व सङ्कलन भएको | रु. १७ लाख | |
| ३ | **सेवा शुल्क**<br>पर्यटन शुल्क<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) | • हाल पर्यटन शुल्क नलगाइएको<br>• प्याराग्लाडिङ, जिपलाईन, sky-walk सूर्योदय अवलोकन टावर आदिमा प्रवेश टिकटमा शुल्को सम्भावना | • श्री अन्तु भ्यूटावरमा वार्षिक रु. ३२ लाखमा ठेक्का बन्दोबस्त भएको<br>• निर्धाणाधीन Glass Bridge सम्पन्न पश्चात टिकट नर निर्धारण गरी पर्यटन प्रवेश शुल्क लगाउने,<br>• अन्य पर्यटकीय पूर्वाधारहरुमा मनोरञ्जन र व्यवसाय कर लगाउने | • पर्यटन व्यवसाय गर्ने व्यवसायीसँग परामर्श गरी प्रवेश टिकटमा पर्यटन शुल्क लगाउने<br>• Product अनुसार दर निर्धारण गर्ने । |
| ४ | **स्थानीय सडक पूर्वधार उपयोग शुल्क**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) घ) | • नगरस्तरीय सडकमा शुल्क नलगाईएको<br>• शुल्क दर निर्धारण नभएको | • वडा नं. २, ४, ८ र फिक्कल चकपथमा लगाउन सकिने<br>• वार्षिक रु. १३ लाख | • दर निर्धारण गर्ने<br>• सडक, मर्मत सम्भार कोषमा संकलित रकमको केही हिस्सा राखी मर्मत सम्भार कार्य गर्ने |
| ५ | **सेवा शुल्क**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) र दफा ६२ (२) | • सभागृह, शौचालय, ढल निकास, फोहोरमैला व्यवस्थापन, व्यायामशाला, पशु वधशाला जस्ता सुविधाहरु सञ्चालनमा रहेको | • हाल विभिन्न शिर्षक अन्तर्गत सेवा शुल्क सङ्कलन भईरहेको<br>• सिफारिस दस्तुर र अन्य दस्तुरबाट रु. | • विभिन्न शिर्षकमा सेवा शुल्कको लेखापालन ( प्रविष्टी) अलग राख्ने<br>• नगरपालिकाले सार्वजनिक जग्गाको उपयोगमा लाग्ने बिटौरी |

| क्र.सं. | गैरकर राजस्व<br>दस्तुर, सिफारिश तथा प्रमाणित दस्तुर, सेवा शुल्क | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | | • अचल सम्पत्ति मूल्याङ्कन सेवा, सिफारिस सेवा सञ्चालनमा छन् | ७ लाख, सेवा शुल्कबाट रु. ४० लाख परिचालन हुनसक्ने | र सरकारी सम्पत्ति/संरचनामा लगाउने बहाल सेवा शुल्क स्पष्ट परिभाषित गरी सोही अनुसार दर निर्धारण गर्नुपर्ने |
| | | **फोहोरमैला व्यवस्थापन शुल्क**<br>• १४ मध्ये ९ वडामा फोहोरमैला व्यवस्थापन भएको<br>• करिब १० कि.मी. ढल निर्माण भएको<br>• कन्याम पर्यटकीय क्षेत्रमा र श्रीअन्तुमा सरसफाई शुल्क लगाइएको<br>अन्य क्षेत्रमा सरसफाई शुल्क लगाइएको | वार्षिक रु. १० लाख | • सरसफाई शुल्कबाट हुने आयको लेखापालन अलग्गै शिर्षकमा गर्नुपर्ने (ठेक्कामा एकमुष्ट गर्ने गरिएको)<br>• आर्थिक ऐनमा सरसफाई शुल्क, ढल सेवा शुल्क निर्धारण गर्नुपर्ने । |
| ६ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर (सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७९ दफा १८ तथा अनुसूची १७ मा उल्लेखित कर दर) | नगरपालिकाले प्रशोधित चिया, घिउ, छुर्पी, मिठाई, चिज, खुवा तथा नगदेबालीहरु अदुवा, अलैंची, कुचो, आलु अन्य ताजा तरकारी, मह आदिको बिक्रि हुने परिमाणमा कर लगाउँदै आएको (नाका : हर्कटे बजार र श्री अन्तु) | • दुई सङ्कलन केन्द्रबाट सङ्कलन हुने<br>• आ.व. २०७९/८० मा रु. ४० लाख प्रस्ताव गरिएको | • आर्थिक ऐनमा निकासी नाका बाहेकका स्थानहरुबाट पनि निकासी हुने हुनाले त्यस्ता कार्यलाई निरुत्साह गर्नुपर्ने<br>• आर्थिक ऐनमा चिया मजदुर (Plucker) हित वा सुविधाका लागि सामुहिक हित कोष खडा गरी सञ्चालन गर्ने/गराउने<br>• निकासी नाकाहरुमा अनुगमन गर्ने |
| ७ | अन्य सेवा शुल्क तथा दस्तुर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (घ) (७), (१३), ११ (४) मा उल्लेखित कार्य सम्पादन गर्दा सिर्जना हुने शुल्क/दस्तुर योग्य स्रोतहरु | नगरपालिकाले सेवा शुल्क, न्यायिक दस्तुर, परीक्षा शुल्क, प्रशासनिक सेवा शुल्क, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, दण्ड जरिवानाबाट राजस्व प्राप्ति गरिरहेको छ | नगरपालिकाले शुल्क, दस्तुर, दण्ड जरिवाना दरहरु निर्धारण गरी कार्य सम्पादनका आधारमा उठाइने हुनाले नियमित आयका रुपमा सम्भावना रहेको | • |
| ८ | **सामुदायिक वनबाट आय**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) | • हालसम्म यस शिर्षकमा राजस्व अनुमान नगरिएको<br>• निजी तथा सामुदायिक वन क्षेत्र (राष्ट्रिय वन बाहेक) बाट प्रतिवर्ष ३०० ट्रक, गोलिया र | • १६ वटा सामुदायिक वन रहेको र प्रति वनको वार्षिक आय औसतमा रु. १ | • सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना |

| क्र.सं. | गैरकर राजस्व<br>दस्तुर, सिफारिश तथा प्रमाणित दस्तुर, सेवा शुल्क | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | | ८०० क्यू.फिट बिक्रि हुने अनुमान (समूह छलफल) भएको | करोड ६० लाख हुने अनुमान बमोजिम कुल रकम रु. को १०% बराबर रु. १६ लाख नगरपालिकाको सञ्चित कोषमा जम्मा हुने सम्भावना भएको | नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने<br>• यसबाट भएको आम्दानीको १०% नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने<br>• सामुदायिक वन उपभोक्ता समितिसँग अन्तरक्रिया/छलफल गर्ने |

माथि उल्लेख भएबमोजिम गैरकर मध्ये नगरपालिकाको नयाँ स्रोतका रुपमा सामुदायिक वनबाट प्राप्त हुने रकम समेत रहेको छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १० प्रतिशत सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। हाल यस नगर क्षेत्रमा १६ वटा सामुदायिक वनहरु रहेको र वार्षिक आम्दानी प्रति वन औसतमा १००० क्यू.फिट हुनसक्ने हुँदा जम्मा १६००० क्यू.फिट बिक्रि हुनसक्ने देखिन्छ। यसबाट वार्षिक करिब १ करोड ६० लाख आयको १० प्रतिशतले रु. १६ लाख आय हुनसक्ने छ। यसैगरी वन ऐन, २०७६ को दफा १८ (५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ। यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ। यसबाट नगरपालिकाको वार्षिक योजनामा सम्बन्धित क्षेत्रमा लगानी हुन सक्नेछ। हाल डिभिजन वन कार्यालयबाट सामुदायिक वन सञ्चालन कार्यविधि तयार नभएकोले यस नगरपालिका अन्तरगत रहेका सामुदायिक वनहरुको कार्ययोजना बन्न सकेको छैन।

# परिच्छेद - चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

राजस्व सङ्कलनका प्रमुख तीन अंगहरुमध्ये राजस्व प्रशासन वा व्यवस्थापन एक हो । राजस्वको प्रभावकारी सङ्कलन तथा त्यसको व्यवस्थापनका लागि नगरपालिकाको संस्थागत क्षमताको (उपयुक्त नीति, कानूनी व्यवस्था, संगठन संरचना, सक्षम कर्मचारी, नेतृत्व, बन्दोवस्तीका सामग्री/सुविधा आदि) महत्वपूर्ण भूमिका रहन्छ । यस अध्यायमा सूर्योदय नगरपालिकाको यी पक्षहरुमा संक्षेपमा विश्लेषण गरिएको छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

राजस्व परिचालन सम्बन्धी नीति, कानुन तर्जुमा, राजस्वका स्रोत, दायरा र दर निर्धारण, राजस्व प्रशासनमा सुधार आदिबारे नगरपालिकालाई परामर्श प्रदान गर्न स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार सूर्योदय नगरपालिकाले राजस्व परामर्श समिति गठन गरी परिचालन गर्दै आईरहेको छ ।

स्थानीय तहको दोस्रो निर्वाचन २०७९ पश्चात मिति २०७९ जेष्ठ २७ गते यस सूर्योदय नगर कार्यपालिकामा देहायबमोजिमको ६ सदस्यीय राजस्व परामर्श समिति गठन भएको छ ।

**तालिका १६: स्थानीय राजस्व परामर्श समितिको गठन**

| क्र.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | श्री दुर्गा कुमार बराल | उपप्रमुख, नगरपालिका | संयोजक |
| २ | श्री मिलन भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री लतादेवी गौतम | कार्यपालिका सदस्यहरुमध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य | सदस्य |
| ४ | श्री लोक बहादुर राई | कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको सदस्य | सदस्य |
| ५ | श्री प्रमोद राई | सूर्योदय उद्योग वाणिज्य संघ | सदस्य |
| ६ | श्री चुडामणी बराल | नगरपालिकाको राजस्व शाखा प्रमुख | सदस्य सचिव |

*स्रोत : सूर्योदय नगरपालिका, २०७९*

यो नगर राजस्व परामर्श समिति गठन भई वैठक भए पश्चात मंसिर २०७९ सम्ममा २०७९ जेष्ठ २९, असार ४, श्रावण ४ गरी चारपटक वैठक सञ्चालन गरी राजस्व परिचालन, कर दर तथा सेवा शुल्क निर्धारण बारे निर्णय गरी नगर कार्यपालिकामा सिफारिश गरेको छ । समितिले कर तथा शुल्कको दायरा वृद्धि गर्ने, परिमार्जन गर्ने, आय सङ्कलनको आवधिक समिक्षा गर्ने लगायत आन्तरिक आयको अनुमान गरी सिफारिस गर्ने गरेको छ ।

### राजस्व तथा स्रोत परिचालन नीति, २०७९/८०

सूर्योदय नगरपालिकाले आर्थिक वर्ष २०७९/८० का लागि १७ बुँदामा राजस्व तथा स्रोत परिचालन नीति तय गरेको छ र त्यसको संक्षेप निम्न अनुसार छ :

- कर, सेवा शुल्कलाई तिर्नसक्ने क्षमताका आधारमा परिचालन गर्ने तथा करका दायरा फराकिलो बनाउँदै लैजाने,
- करदाता परिचयपत्र सबै वडाहरुमा विस्तार गर्ने, कर प्रशासन प्रविधिमैत्री बनाउने,
- नगरको आन्तरिक आय वृद्धि गर्ने परियोजनाहरुमा पूँजी लगानी गर्ने,

- करका दर निर्धारण गर्दा छिमेकी गाउँ/नगरपालिकाहरुको दर अध्ययन गर्ने तथा अन्यत्र प्रचलन भएका असल अभ्यासहलाई समेत आधार बनाउने,
- समयमा कर, शुल्क, दस्तुर जस्ता दायित्व पुरा नगर्ने करदाताहरुलाई दण्ड जरिवाना गर्ने तथा विषम आर्थिक परिस्थितिको असर हुने करदाताहरुलाई छुटको व्यवस्था गर्ने,
- करदाता शिक्षा सञ्चालन गर्ने,
- नियमित रुपमा सबैभन्दा धेरै कर बुझाउने एकजना करदातालाई वार्षिक रुपमा सम्मान गर्ने तथा बढी कर सङ्कलन गर्ने वडालाई वडा निर्णय अनुसार पूँजीगत कार्यक्रममा लगानी गर्न बजेट मार्फत पुरस्कृत गर्ने,
- नगरले प्रवाह गर्ने सेवा सुविधालाई तिर्नुपर्ने करसँग आवद्ध गर्ने,
- घर नक्सापासलाई अनिवार्य गर्ने र अभिलेखीकरण न्यून गर्दै जाने,
- कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने,
- करको दरमा सुधार गरी कर प्रणालीलाई प्रगतिशील तथा समन्यायिक बनाउने तथा सेवा तथा पूर्वाधार विकासमा निजी क्षेत्रसँग साझेदारी गर्ने,
- नगरपालिकामा तोकिएको कर तोकिएको अवधिमा बुझाई उत्कृष्ट कार्य गर्ने करदातालाई प्रोत्साहन स्वरुप सम्मान गर्ने कार्यलाई निरन्तरता दिने ।

***सूर्योदय नगरपालिकाले अवलम्बन गरेका अन्य नीतिहरु***

- राजस्व परिचालनका लागि वडालाई सम्पत्ति तथा मालपोत, व्यवसाय कर, घर बहाल कर, पञ्जीकरण, सिफारिस दस्तुर, सवारी कर असुलीको जिम्मेवारी दिइएको छ ।
- चुहावट नियन्त्रणका व्यवस्थाको बर्खिलाप गरेमा कर्मचारीलाई कडा दण्डको व्यवस्था (जागिर समेत जाने अवस्था) रहेको छ ।
- प्रत्येक आ.व.को असोज मसान्तसम्म कर बुझाउने करदाताहरुलाई १० प्रतिशत छुट, आ.व.को अन्त्य सम्ममा बुझाउनलाई जरिवानामा छुटको व्यवस्था गरिएको छ ।
- नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा करदाताहरुले राजस्व परामर्श समितिका पदाधिकारी, वडा अध्यक्ष, वडा सचिव साथै राजस्व सङ्कलनसँग सम्बन्धित काम गर्ने कर्मचारीहरुलाई गुनासो राख्न सक्ने व्यवस्था रहेको छ र उक्त गुनासो साथै उजुरी राजस्व परामर्श समितिको वैठकमा पेश भई उक्त समितिले राजस्व प्रतिवेदन तयार गरी नगरसभा समक्ष पेश गर्ने गरेको छ ।
- नगरपालिकाले सार्वजनिक निजी साझेदारी (Public Private Partnership) अवधारणा सीमित रुपमा पहिला देखिनै अवलम्बन गरी लागू समेत गरिरहेको अवस्था छ ।

## ४.२ नगरपालिकाको आय सङ्कलनको संस्थागत क्षमता

यस नगरपालिकाको आन्तरिक आय सङ्कलनको संस्थागत क्षमताको मूल्याङ्कन/विश्लेषण बारेमा राजस्व शाखाबाट प्राप्त विवरण तलको **तालिका १७** मा दिइएको छ (उक्त विवरण अनुसार राजस्व शाखामा रहेको कर निरीक्षक दरबन्दी पूर्ति नभएको तथा १४ वडाहरुका लागि छुट्टै कर्मचारी नभएको तथा स्पष्ट कार्यविवरण नभएको देखिन्छ । नगरपालिकामा सफ्टवेयर एस.एम.एस., इमेल जस्ता विद्युतीय प्रविधिको प्रयोग भएको भए तापनि विशेषत वडा कार्यालयका कर्मचारीहरुमा यसबारे पर्याप्त सीपको अभावमा शीर्षकगत तथ्याङ्क प्रविष्टीमा कमजोरी देखिन्छ ।

राजस्व प्रशासन तर्फ समग्र करदाताहरुको अभिलेखमा प्रविष्ट छ तापनि स्रोतगत रुपमा विवरणहरु राख्न सकिरहेको देखिदैन । सम्पत्ति कर तथा घरजग्गा रजिष्ट्रेशन दस्तुरका लागि कराधार सिर्जना गर्न सडक पहुँच पनि आधार भएकोमा सबै क्षेत्रमा सो अनुसार जग्गा वर्गीकरण हुनसकेको छैन । करदाताहरुलाई कर, शुल्क

सम्बन्धी जानकारी सम्बन्धी पहुँचका लागि वेभसाइटको व्यवस्था छ तापनि सबै करदाताहरुलाई यसमा पहुँच नहुनाले सीमित रुपमा भएतापनि करदाता शिक्षा सञ्चालन गरिएको छ । करको दर निर्धारण तथा दायरा बारेमा स्थानीय उद्योग वाणिज्य संघसँग परामर्श हुने गरेको छ। अन्तर-शाखा समन्वयको अवस्था राम्रो रहेको छ। राजस्व शाखा तथा वडा कार्यालयहरुमा बन्दोवस्तीका सामान सुविधा (कम्प्यूटर, प्रिन्टर, इमेल/इन्टरनेट, फर्निचर आदिको व्यवस्था सामान्यतया राम्रो छ ।

**तालिका १७: नगरपालिकाको राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण**

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | सुधारको लागि सुझावहरु |
|---|---|---|
| **क) संगठनात्मक व्यवस्था** | | |
| राजश्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छ | प्रत्येक वडामा राजश्व हेर्ने कर्मचारी नभएको हुनाले कर्मचारीको प्रयाप्त व्यवस्था गर्नुपर्छ । |
| राजश्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | कर तथा राजश्व अधिकृत (चुडामणी वराल) सहायक कम्प्युटर अपरेटर खगेन्द्र प्रधान | सबै वडामा कर सम्बन्धी कर्मचारी नभएको, राजश्व निरिक्षक नभएको, कर अधिकृत नभएको हुनाले सोको व्यवस्था गरिनुपर्ने । |
| राजश्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ कि छैन ? | छ | वडामा काम गर्ने कर्मचारीहरुको कार्यविवरण तयार गर्नुपर्ने |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | जिम्मेवारी दिइएको छ तर कर्मचारी प्रयाप्त नभएको | राजश्व शाखामा छ<br>वडामा छुट्टै शाखा छैनन त्यसैले सबैलाई जिम्मेवारी दिनुपर्ने । |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | व्यवस्था भएको | कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको सीमित व्यवस्था भएको तर समय समयमा मर्मत सम्भार र विद्युत अवरोध जस्ता समस्याले गर्दा सोचे जस्तो सेवा सुविधा दिन नसकेको । |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ?(सफ्टवेयर, एसएमएस, इमेल, टेलिफोन आदि) | सफ्टवेयर, एसएमएस, इमेल, टेलिफोन जस्ता सबै प्रविधिको प्रयोग गरी राजश्व सङ्कलन गरिरहेको | सफ्टवेयर, एसएमएस, इमेल, टेलिफोन जस्ता प्रविधिको प्रयोग गरी राजश्व सङ्कलन गरिरहेको तर यो सबैको पहुँचमा पुऱ्याउन सकिएको छैन । त्यसैले पहुँचको विस्तार गरिनुपर्ने । |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | वर्षै पिच्छे आर्थिक ऐन तथा राजश्व दररेटमा भएको परिवर्तन, सफ्टवयेरमा भएको अपडेटहरुको बारेमा तालिमको आयोजना गरिरहेको | क्षमता विकास तालिमको व्यवस्था प्रयाप्त मात्रमा गरिनु पर्ने । प्रविधिमा भएको |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | सुधारको लागि सुझावहरु |
|---|---|---|
| | | अपडेटहरुको बारेमा प्रशिक्षण गराइनुपर्ने । |
| **ख) राजश्व प्रशासन सञ्चालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, वहाल आदि | व्यक्तिको नाम, ठेगाना, वडा नं., नागरिकता प्रमाणपत्र नम्बर, मोवाइल नं., इमेल आइडी जस्ता चाहिने सम्पूर्ण विवरणहरु अभिलेखको रुपमा सफ्टवेयरमा इन्ट्री गरी व्यक्तिगत छुट्टै करदाता संकेत नम्बर सिर्जना गरी निजको जग्गाको विवरण, सम्पतीको विवरण, व्यवसायको विवरण, सवारी साधनको विवरण, निजले सञ्चालन गरिरहेको व्यवसाय भाडामा रहेको अथवा भाडामा नभएको समेत अनिवार्य व्यवसाय दर्ता गर्दा अनिवार्य राख्नु पर्ने व्यवस्था गरिएको | नयाँ प्रविधीको विकासको लागि प्राविधिक तथा आर्थिक सहयोग तालुक निकायवाट हुनुपर्ने । एउटै करदाता संकेत नम्बरमा सो व्यक्तिको जग्गा, सम्पति, व्यवसाय, सवारी साधनको विवरण राखी कर समेत असुल गर्न सकिन्छ । |
| नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | जिन्सी शाखामा विवरण रहेको छ र उक्त शाखावाट नगरपालिकाको स्वामित्वमा रहेको स्थायी सम्पतिहरुको संरक्षण तथा परिचालन भएको छ । | यसलाई आवश्यकता अनुसार थप व्यवस्थित गरिनु पर्ने |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि रुपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | मुल्याङ्कन राखेको तर प्रयाप्त मात्रमा सबै ठाउँको एकिन मूल्य निर्धारण गर्न नसकिएको | चलन चल्तिको एकिन मूल्य निर्धारण गरि जग्गाहरुको वर्गीकरण गरी सोको आधारमा कर निर्धारण गरिनुपर्ने |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने करको रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | नगरपालिकाले कर छुट सम्बन्धी सूचना निकाली सूचना पाटीमा टाँस गर्ने, नगरपालिकाको वेबसाइटमा राख्ने गरेको साथै सबै वडा कार्यालय मार्फत सबै टोल बिकास संस्थाका पदाधिकारीहरुलाई सूचना दिने सामाजिक सञ्जालमा राखी करदाताहरु साथै राजश्व शाखा वीच प्रत्यक्ष रुपमा समन्वय हुने भएकाले राजश्व समयमा तिर्ने करदाताहरु धैरै हुने गरेको | सूचना प्रवाहमा नयाँ प्रविधिको ज्ञान र सफ्टवेयरको विकास गरी स्थानीय तहलाई दिनुपर्छ |
| राजश्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ? | राजस्व परामर्श समिति, आर्थिक विकास समिति, सुशासन समिति साथै सबै सरोकारवालाहरुले यस कार्यको अनुगमन, निरीक्षण समय समयमा गर्ने, स्थानीय राजश्व परामर्श समितिको वैठकमा राजस्व चुहावट, लक्ष्य अनुसारको असुली भए नभएको विश्लेषण गर्ने र आवश्यक कारबाही समेत चलाउने गरेको | नयाँ प्रविधिको विकासको लागि प्राविधिक तथा आर्थिक सहयोग तालुक निकायबाट हुनु पर्ने |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | सुधारको लागि सुझावहरु |
|---|---|---|
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | आर्थिक ऐनमा समावेश भएका करका दररेट, छुट तथा जरिवानाको व्यवस्था, साथै आर्थिक ऐन नगरपालिकाको वेबसाइटमा हेर्न र डाउनलोड समेत गर्न सकिने व्यवस्था छ। प्रत्येक आ.व. को शुरुको महिनामा सबै वडा कार्यालयमा गई करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिदै आएको छ। वडा कार्यालयले समेत दरदाता शिक्षाको लागि बजेट छुट्याई टोल टोलमा करदाता शिक्षा कार्यक्रम चलाउने गरेको छ। | यस्ता कार्यहरुलाई निरन्तरता दिनु पर्ने |
| करको दर निर्धारण तथा समीक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | सबै क्षेत्रका विषय विज्ञ तथा सरोकारवलाहरु आमन्त्रण गरी करका दर निर्धारण गर्ने गरिएको छ | यस्ता कार्यहरुलाई निरन्तरता दिनु पर्ने |
| राजश्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ? (बैठक संख्या, निर्णयहरु आदि) | राजस्व परामर्श समितिले राजश्व सङ्कलनको अवस्था र राजश्वको स्रोतहरुको विषयमा हरेक बैठकमा छलफल हुने भएकाले राजश्व सङ्कलन कार्यमा आएका समस्या तथा समाधान समयमै हुने, राजश्व सङ्कलनमा वृद्धि भई लक्ष्य सहजै हासिल हुने भएकाले यसको प्रभावकारीता धेरै रहेको छ। | प्रभावकारिता वृद्धि गर्न यस्ता कार्यहरुलाई कार्यतालिका बनाई निरन्तरता दिनु पर्ने |
| राजश्व असुलीमा सरोकार पक्षहरुको सहभागीताको अवस्था कस्तो छ ? | उल्लेखनीय रहेको छ | यसलाई अझै प्रभावकारी बनाउन नगरपालिकाले पहल गर्नु पर्ने |
| राजश्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | सबै शाखाबाट सहयोग रहेको छ | निरन्ततरताको सुनिश्चित गर्ने |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | आय स्रोतहरुको अभिलेख राजश्व शाखा साथै वडा कार्यालयहरु सबैले राख्ने गरेको छ | यसलाई थप व्यवस्थित गर्नु पर्ने |
| आयको आलेप तथा मलेप हुने गरेको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | महिना पिच्छे आ.ले.प. र वर्षको १ चोटी म.ले.प हुने गरेको छ। हालसम्म बेरुजु नभएको हुनाले सो विषयमा केही गर्नु नपरेको | यस्तो सफल अभ्यासको निरन्तरताको सुनिश्चित गर्नु पर्ने |

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन अवस्था

सूर्योदय नगरपालिकाको आन्तरिक स्रोत परिचालनबाट गत आ.व.हरुमा सङ्कलन भएको रकम परिच्छेद ३ मा प्रस्तुत गरिएको छ। नगरपालिकाका हालसम्मका प्राय सबै आयका स्रोतहरुको दर निर्धारण गरी राजस्व

सङ्कलन गरिरहेको छ । हाल परिचालन गरिएका आयका स्रोतहरुको अवस्था तलको **तालिका १८** मा दिइएको छ ।

**तालिका १८: सूर्योदय नगरपालिकाका आयका स्रोतहरु परिचालनको अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (भए/नभएको) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | भएको | भएको | भएको | |
| २ | सम्पत्ती कर | भएको | भएको | भएको | |
| ३ | सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | भएको | नभएको | |
| ४ | घरजग्गा बहाल कर | भएको | भएको | भएको | |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको | |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | नभएको | नभएको | नभएको | |
| ७ | विज्ञापन कर | भएको | भएको | भएको | |
| ८ | मनोरञ्जन कर | नभएको | भएको | नभएको | प्रदेशबाट दर तोक्ने |
| **ख.** | **अन्य राजश्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | भएको | भएको | नभएको | प्रदेशबाट दर तोक्ने |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | नभएको | नभएको | नभएको | |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री बाट प्राप्त आय | भएको | नभएको | नभएको | |
| ४ | नक्सापास दस्तुर | भएको | भएको | भएको | |
| ५ | ब्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | भएको | भएको | भएको | |
| ६ | वहाल विटौरी शुल्क | भएको | भएको | भएको | |
| ७ | पार्किङ्ग शुल्क | भएको | भएको | भएको | |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | भएको | भएको | |
| ९ | स्थानीय खानेपानी महसुल | नभएको | नभएको | नभएको | |
| १० | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको | |
| ११ | मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क (केवलकार, ट्रेकिङ्ग, क्यानोइङ्ग,कायाकिङ्ग, वन्जीजम्प, **जिपप्लायर, प्यारा ग्लाईडिङ्ग** आदि) | भएको | भएको | भएको | व्यवसाय कर लागेको |
| १२ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका ***स्थानीय पुर्वाधार तथा सेवामा*** | भएको | भएको | भएको | रेखाकृत गरिएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (भए/नभएको) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | ***सेवाशुल्क*** (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, ***शौचालय***, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, ***हाटवजार***, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | | | | मात्र समेटेको |
| १३ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको | |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफ.एम. रेडियो सञ्चालन, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि, घ वर्गको निर्माण इजाजतपत्र) | भएको | भएको | भएको | |
| १५ | ढुंगा, गिटी, बालुवा, माटो, खरीढुंगा जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोग शुल्क | तत्काल नभएको | नभएको | नभएको | |
| १६ | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणीत दस्तुत | भएको | भएको | भएको | |
| १७ | दण्ड जरिवाना | भएको | भएको | भएको | |

*नोट : शूल्क तिरेर सिफारिस सेवा लिनेको संख्या १०८५९ आ.व. ०७८।०७९*

*स्रोत : सुर्योदय नगरपालिका, राजस्व शाखासँगको छलफलमा आधारित*

**राजस्व प्रशासन चक्र र प्रक्रिया**

स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको चक्र अनुसारका विभिन्न खुड्किलाहरु जस्तै :

(क) नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्था (यस अन्तर्गत ऐन, कानून कार्यविधिहरुको तर्जुमा, नियमावली, निर्णयहरु निर्माण तथा पुराना काम नलाग्ने निर्णयहरुको खारेजी, करको ढाँचा र दरको निर्धारण तथा नगरसभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था समेत पर्दछन्) ।

(ख) करदाताहरुको गणना र दर्ता (राजस्वको नक्साङ्कन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारमको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण) ।

(ग) राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथा चेतनामुलक गोष्ठीहरुको आयोजना) ।

(घ) कर सङ्कलन तथा करदाताहरुसँग सम्बन्ध निर्माण (तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीको प्रचारप्रसार, आमसञ्चारको माध्यमबाट प्रचारप्रसार र छलफल कार्यक्रमको आयोजना) ।

(ङ) कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर सङ्कलन भएको सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही, अन्तिम लेखापरीक्षण आदि), र

(च) अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन (नगरपालिकाको सेवा र राजस्वको आबद्धता, राजस्व सङ्कलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किसिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रुपमा प्रकाशन गर्ने आदि) पर्दछन् । यो चक्रका प्रत्येक खुडकिलामा नगरपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्था र समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।

**राजस्व प्रशासन चक्र र प्रक्रिया**



## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, तथा प्रदेश को आर्थिक ऐन, २०७९ प्रदत्त नगरपालिकाको वित्तीय अधिकार अनुरुप राजस्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ। राजस्व परिचालनका सवालहरुमा नीतिगत व्यवस्था, करको दर र दायरामा वृद्धिका लागि लगत अद्यावधिक, प्रभावकारी अनुगमन मूल्याङ्कन, पूर्वाधार विकासमा लगानी तथा बक्यौता असूली, करदाता शिक्षा आदि प्रमुख रहेका छन् । यस नगरपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**(क) नीतिगत तथा कानूनी**

नगरपालिकाको राजस्व अधिकार सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक कार्यविधिहरु नगरसभाबाट पारित गराई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यो पर्यटकीय नगर भएको हुनाले पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रसँग सहलगानी तथा सहकार्य गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गर्ने सम्भाव्यता रहेको छ। सम्पत्ति कर र भूमिकर (मालपोत) लाई अलग रुपमा व्यवस्थापन गर्ने, व्यवसाय कर हाल केही उद्योगमा मात्र पूँजी लगानी र कारोबारका आधारमा दर निर्धारण भएकोमा प्रचलित संघीय ऐन अनुसार अन्य सबै व्यवसायहरुलाई क्रमशः पूँजी लगानी वा कारोबारलाई आधार बनाउनु पर्ने । सेवाशुल्क सम्बन्धी दर र सवै करदातालाई करको दायरामा ल्याउन लगत अद्यावधिक गर्ने, कर सचेतना तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**कानूनी अन्योल र द्विविधा :** कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन् । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) ले सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेबापत प्राप्त हुने रकमको दश प्रतिशत स्थानीय तहमा जम्मा गर्नुपर्ने व्यवस्था छ भने बन ऐन, २०७६ मा यस सम्बन्धमा कुनै उल्लेख नगरी दफा २२ मा उपभोक्ता समितिले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सशक्तीकरण, गरिवी न्यूनीकरण, उद्यमशिलता विकास लगायतका कार्यमा खर्च गर्ने प्रावधान रहेको छ । नेपाल सरकारसँग विगतमा सम्झौता भई निजी क्षेत्रबाट कबुलियतमा सञ्चालित कन्याम चिया बगानबाट नगरपालिकाले असुल गर्नुपर्ने भूमिकर (मालपोत) का सङ्कलन गर्ने बारे अन्योल रहेको हुनाले यसलाई निराकरण गर्नुपर्ने देखिन्छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनु पर्ने बाहेकका उद्योगहरुको दर्ता नवीकरण लगायतका कार्यहरु प्रदेश सरकारवाट हुने भनी उल्लेख गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्न गएको छ ।

**(ख) राजस्व प्रशासन**

**पारदर्शिता र जवाफदेहिताको विधि अवलम्बन :** नगरपालिकाको आम्दानी (बाह्य तथा संकलित राजस्व) र खर्चको विवरण आवधिक रूपमा सार्वजनिक गर्दा पारदर्शितामा अभिवृद्धि भई नागरिकको नगरपालिका प्रति विश्वास पनि बढ्ने हुन्छ । साथै स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी कर र गैरकर सम्बन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसारबाट स्थानीय जनताको करप्रति सकारात्मक धारणाको विकास हुने तथा समयमा कर तिर्नु पर्ने जानकारी एवं उत्प्रेरणा पनि हुन्छ । समयमा कर नतिर्दा बक्यौता रकममा वृद्धि हुँदै जाँदा करदातालाई थप भार पर्ने हुन्छ । यस बाहेक कर तथा शुल्कबाट हुने आयको केही अंश सम्बन्धित स्रोतको प्रवर्द्धन, त्यस्ता

व्यवसाय वा रोजगारीमा रहेकाहरुको हितमा कोष खडा गरी त्यस्ता करदातालाई प्रत्यक्ष महशुस हुनेगरी सञ्चालन गरेमा जवाफदेहितामा समेत वृद्धि भई कर सङ्कलनमा सहयोग मिल्दछ ।

**(ग) राजस्वका सम्भावित स्रोत तथा आधारहरु**

नगर क्षेत्रका विभिन्न स्थानहरुमा सडक यातायातको पहुँच वृद्धि तथा स्थानीय स्तरमा बढ्दो मागलाई दृष्टिगत गर्दा ढुङ्गा तथा गिट्टीको उत्खनन् तथा बिक्रिको सम्भाव्यता अध्ययन गरी सञ्चालनमा ल्याउन सकिन्छ । यसैगरी नगर क्षेत्रमा रहेका खोलानालाबाट गिट्टी, बालुवा बिक्रि वितरण भएको हुनाले त्यस्ता सम्भावित क्षेत्रहरुमा सञ्चालन गरिने अवाञ्छित गतिविधिलाई रोकी करको दायरामा समेट्नु पर्ने हुन्छ ।

***अभिलेख व्यवस्थापन एवं स्रोतहरुको प्राथमिकीकरण***

नगरपालिकाबाट राजस्वका नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजस्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि नगरपालिकाको पहल र करदाताको सहयोग दुवै महत्वपूर्ण हुन्छ । यसमा स्थानीय उद्योग वाणिज्य संघ लगायत वस्तुगत व्यवसायीहरु (चिया, दुग्ध पदार्थ, कृषि समूह, होटल, सहकारी, यातायात व्यवसायी) सँग अन्तरक्रिया सञ्चालन गर्नु उपयुक्त हुन्छ । अभिलेख व्यवस्थापन तर्फ विशेषत सबै वडा कार्यालयहरुका कर्मचारीहरुलाई महालेखा परीक्षकको कार्यालयद्वारा जारी आय संकेत अनुरुप अभिलेख व्यवस्थापन गर्न आवश्यक सीप विकास गर्नुपर्ने देखिन्छ ।

**स्थानीय आर्थिक विकास :** नगरपालिकाबाट वार्षिक कार्यक्रमका माध्यमबाट गरिने लगानी व्यावसायिकता अभिवृद्धि, आयआर्जनका अवसर सिर्जना, स्थानीय कच्चा पदार्थको उपयोग, प्रशोधन तथा बजारीकरण,स्थानीय आर्थिक गतिविधि केन्द्रित पूर्वाधार विकास, रोजगारी सिर्जना जस्ता आर्थिक विकासमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । स्थानीय जनताको नगरपालिकाप्रतिको सकारात्मक धारणा विकास र विश्वासको वातावरणले निजी क्षेत्रको लगानी एवं उद्यमी व्यवसायी आकर्षित हुने र यस्ता क्रियाकलापबाट जनताको आय वृद्धि भई कर तिर्ने क्षमतामा सुधार आउने भएकोले नगरपालिकाको राजस्व वृद्धिमा प्रत्यक्ष योगदान पुग्ने हुन्छ । यसका केही उदाहरणहरुमा औद्योगिक ग्राम (सिद्धिखोला सम्भावित क्षेत्र) को विकास र त्यसका लागि न्यूनतम पूर्वाधारहरुको विकास र निजी क्षेत्रसँग सहकार्य, कृषि तथा पशु हाट बजारलाई थप विस्तार, नगरपालिकाको आफ्नो स्वामित्वमा रहेको, हकभोग गरेको सरकारी तथा सार्वजनिक चल अचल सम्पत्तिबाट थप राजस्व ल्याउन पहल गर्ने, थप पार्किङ्ग क्षेत्र व्यवस्थापन आदि नगरपालिकाका मुख्य सम्भावनाका क्षेत्रहरु हुन् ।

**स्थानीय आर्थिक विकासमा समावेशिताको मूलप्रवाहीकरण :** करको दायरा फराकिलो बनाउने महत्वपूर्ण उपायहरु मध्येको एक पिछडिएका जनताहरुलाई पनि समेट्न विपन्न, अल्पसंख्यक एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गर्नु पनि हो । स्थानीय आर्थिक विकासमा विपन्न तथा सीमान्तकृत समुदायबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीतिले उक्त वर्ग तथा समुदायको आर्थिक क्रियाकलापमा सहभागिता वृद्धि हुने, रोजगारी तथा जीविकोपार्जनमा सहयोग पुग्ने भई नगरपालिकाको विकासका समग्र सूचकहरुमा उल्लेखनीय योगदान पुग्ने हुन्छ ।

यस परिच्छेदमा प्राथमिक तथा संस्थागत स्रोतबाट सङ्कलित सूचना तथा तथ्याङ्कहरु विश्लेषण तथा सहभागितामूलक अन्तर्क्रियाबाट तयार गरिएको सूर्योदय नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

नगरपालिकाले राजस्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजना यस प्रकार रहेका छन् :

### ५.१.१ रणनीति तथा कार्यनीति

सूर्योदय नगरपालिकाले संविधान तथा प्रचलित कानून प्रदत्त सम्भाव्य धेरै राजस्व अधिकारहरुको प्रयोग गरी आन्तरिक राजस्व सङ्कलन गरिरहेको छ । संघीयता नयाँ अभ्यास भएकाले पनि कतिपय नीतिगत दोहोरोपना, अस्पष्टता र कार्यान्वयन क्षमता विकास हुने क्रममा रहेको छ । नगरपालिकाले जारी गरेका कानूनहरुमा समसामयिक परिमार्जन गर्दा आवश्यक कानूनहरुको तर्जुमाले पनि आन्तरिक राजस्व प्रणालीमा सुधारका लागि मार्गदर्शन हुन सक्दछ । यी तथ्यहरुलाई समेत दृष्टिगत गरी आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छ ।

**तालिका १९: सुर्योदय नगरपालिकाको राजस्व सुधार सम्वन्धी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. आन्तरिक राजस्वका दायरालाई फराकिलो बनाई करका दरहरुलाई समसामयिक बनाउने । | १. नगरपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२. तथा करदाता शिक्षालाई जनस्तरसम्म प्रबर्द्धन गरिनेछ ।<br>३. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गरिने छ ।<br>४. राजस्व स्रोतका सम्भाव्य दायराको तथ्याङ्क सङ्कलन अद्यावधि गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>५. राजस्वको स्रोत वृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिने छ । साथै औद्योगिक ग्राम स्थापना तथा सञ्चालन गर्न सरोकारवालाहरुसँग समन्वय गरी पूर्वाधार विकास गरिनेछ ।<br>६. सम्पत्ति मूल्याङ्कन सम्बन्धी आधार र मापदण्डलाई अद्यावधि गरिनेछ ।<br>७. नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्न ऐतिहासिक महत्व बोकेका पूर्वाधार, प्राकृतिक स्रोत तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा विकास गर्न संघ तथा प्रदेश सरकार र निजी क्षेत्रसँग साझेदारीको पहल गरिने छ । |
| २. करदाताहरुलाई कर तिर्न पद्धति तथा प्रक्रियालाई सरल र सुविधायुक्त बनाउने । | १. स्थानीय राजस्व परामर्श समिति तथा राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२. प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान गरिनेछ ।<br>३. स्थानीय कर तथा कर तिर्दा हुने फाइदा (जस्तै नक्सा पास गरी घर बनाउँदा सम्पत्ति मूल्याङ्कन तथा धितो प्रयोजनका लागि सहज हुने र विपदबाट जोगिने, नगर व्यवस्थित हुने आदि) बारे सर्वसाधारणलाई जानकारी गराउने करदाता |

| रणनीति | कार्यनीति |
|---|---|
| | शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।<br>४. कर प्रशासनलाई प्रभावकारी गराउन तथा स्रोतको परिचालन गर्न आन्तरिक राजस्व सम्बन्धी स्रोतगत लगत अद्यावधिक गर्ने, विभिन्न स्रोतहरुको सम्भाव्यता पहिचान र सूचना सङ्कलन गर्न कार्यदल बनाई वडागत रुपमा परिचालन गरिनेछ ।<br>५. करदाताले आफुले तिनुपर्ने कर सम्बन्धी विवरण एसएमएस तथा अनलाईन प्रणाली मार्फत भुक्तानी गर्न सकिने प्रबन्ध गरिनेछ ।<br>६. बक्यौता रहेको राजस्वको विवरण तयार गरी असुलीका लागि अभियान सञ्चालन गरिनेछ । |
| ३. कर प्रशासनमा पारदर्शिता तथा जवाफदेहिता वृद्धि गर्ने । | १. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषयक्षेत्रसँग आबद्ध गराउदै लगानी गरिनेछ ।<br>२. कर/राजस्व सम्बन्धी विवरण तथा आवधिक प्रतिवेदनहरु नगरपालिकाको वेभसाईट र नगरपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्थालाई अझ सुदृढ गरिनेछ ।<br>३. करको दर निर्धारण गर्नुपूर्व करदाताहरुको वस्तुगत संघ तथा विज्ञहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. करका दरहरुलाई प्रगतिशील गर्दै लगिनेछ । |
| ४. नगरपालिकाको आफ्नो, हक भोगको र सरकारी तथा सार्वजनिक सम्पत्तिको प्रभावकारी उपयोग गर्ने । | १. नगरपालिकाको आफ्नो स्वामित्व, हकभोगको सार्वजनिक तथा सरकारी सम्पत्तिको लगत अद्यावधिक गरी व्यवस्थित गरिनेछ ।<br>२. नगरपालिकाको आफ्नो तथा रेखदेख र संरक्षणमा रहेका सम्पत्तिको स्वयंले वा सार्वजनिक निजी साझेदारीका माध्यमबाट उपयोग गरी आन्तरिक राजस्व वृद्धि गरिनेछ ।<br>३. नगर क्षेत्रभित्रको पार्किङ्ग स्थल, ठेला/ट्रली पसल व्यवस्थापन, पार्क तथा पिकनिक स्थलको पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि आवश्यक पहल गरिनेछ ।<br>४. नगरपालिकाको कृषि तथा पशु हाट बजारहरु, बसपार्क, मेसिनरी औजार उपकरणको बहाल तथा भाडा असुलीलाई प्रभावकारी बनाइनेछ । |
| ५. समन्वय र सहकार्य अभिवृद्धि गर्ने । | १. नगरपालिका अन्तर्गतका विभिन्न शाखा/उपशाखा/इकाईहरु वीच आन्तरिक राजस्व सङ्कलनका लागि समन्वय, सहकार्य तथा सामुहिक प्रयत्न गरिनेछ ।<br>२. कर सङ्कलनमा सहकारी संस्था, निजी क्षेत्रका उद्योगी व्यवसायीका प्रतिनिधिमूलक संघ संस्था, उपभोक्ता समिति, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता संघ, चिया उत्पादक संघ आदिसँग सहकार्य गरिनेछ ।<br>३. कर, शुल्क तथा दस्तुर जस्ता स्रोतको दर निर्धारण गर्दा छिमेकी गाउँ तथा नगरपालिकासँग यथासम्भव एकरुपता कायम गर्न र साझा चासोका विषय सम्बोधन गर्न समन्वय तथा सहकार्य गरिनेछ ।<br>४. संघ र प्रदेश सरकारसँग बाझिएका वा दोहोरो परेका नीतिगत व्यवस्था संशोधन एवं राजस्व प्रणालीमा सुधार गर्न नेपाल नगरपालिका संघ, प्रदेश र संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।<br>५. राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ६. अनुगमन तथा मूल्याङ्कन गर्ने । | १. विभिन्न संयन्त्र तथा विधि मार्फत राजस्व सङ्कलनको नियमित अनुगमन र प्राप्त अनुगमन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. स्थानीय राजस्व परामर्श समितिमा त्रैमासिक रुपमा लक्ष्य तथा प्रगति समीक्षा गरी आवश्यक सुधारात्मक कदमहरु सञ्चालन गरिनेछ । |
| ७. असल करदाता र सङ्कलनकर्तालाई प्रोत्साहन तथा तथा महिला, विपन्न समुदायका करदातालाई सहुलियत प्रदान गर्ने । | १. असल करदाताको मापदण्ड बनाई नगरपालिकाका हरेक वडाका नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिने कार्यलाई अझ व्यापक र पारदर्शी गराइनेछ ।<br>२. कर बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने कार्यलाई निरन्तरता दिइनेछ ।<br>३. आन्तरिक राजस्व सङ्कलनमा उत्कृष्ठ भूमिका निर्वाह गर्ने कर्मचारीहरुलाई प्रोत्साहन तथा उत्प्रेरण गरिनेछ ।<br>४. निर्धारित अवधिभित्र कर तिर्ने करदातालाई छुट सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>५. महिला, अपांगता भएका व्यक्ति, विपन्न, लोपोन्मुख समुदाय तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ । |

### ५.१.२ राजस्व सुधार कार्ययोजना

सूर्योदय नगरपालिका तथा अन्य स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचना अध्ययन, विश्लेषण र नगरपालिकास्तरीय अन्तर्क्रियाका आधारमा तयार गरिएको सूर्योदय नगरपालिकाको राजस्व सुधार कार्ययोजना **तालिका २०** मा प्रस्तुत गरिएको छ :

**तालिका २०: राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम (रु.) | जिम्मेवारी |
|---|---|---|---|---|
| **क. कर तथा गैह्र कर राजस्व** | | | | |
| आर्थिक ऐन | आर्थिक ऐनमा परिमार्जन गर्ने (नियमित) | २०८० असार १० गतेसम्म | २५,००० | • राजस्व परामर्श समिति (नियमित)<br>• कानून इकाई<br>• राजस्व शाखा |
| भूमिकर (मालपोत) | भूमिकर (मालपोत) को दर तथा मूल्याङ्कन दर पुनरावलोकन गरी कार्यपालिकालाई सिफारिस गर्ने | २०८१ जेठ मसान्तसम्म | नलाग्ने | राजस्व परामर्श समिति |
| व्यवसाय कर | नगरपालिकाको व्यवसाय करको वर्तमान कर आधारमा परिवर्तन गरी पूँजीगत लगानी र कारोबारका आधारमा कर निर्धारण गर्ने | २०७९ जेठ मसान्तसम्म | २५,००० | • राजस्व शाखा<br>• वडा कार्यालय |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम (रु.) | जिम्मेवारी |
|---|---|---|---|---|
| घर जग्गा वहाल कर | - वडागत रुपमा घर तथा जग्गा बहालमा लगाउने व्यक्ति तथा संस्थाको लगत सङ्कलन गर्ने ।<br>- अद्यावधिक लगत बमोजिम घर जग्गा बहाल कर सङ्कलन गर्ने । | २०८० असोज मसान्तसम्म | १००,००० | • नगर कार्यपालिका<br>• राजस्व शाखा<br>• वडा कार्यालय |
| मनोरञ्जन कर | - उल्लेखनीय नभएको तथा केही सम्भावनाका क्षेत्र पर्यटन शुल्कमा समावेश गर्ने ।<br>- पटके सर्कस, मेला लाग्नेका अवस्थामा प्रदेश आर्थिक ऐन अनुसार सङ्कलन गर्ने | नियमित | नलाग्ने | राजस्व शाखा |
| विज्ञापन कर | नगर क्षेत्र भित्रको मेची राजमार्ग आसपास र मुख्य बजार क्षेत्रमा रहेका विज्ञापनका साधन र आय गणना गरी कर सङ्कलनका लागि ठेक्का आह्वान गर्ने | २०८० वैशाख भित्र | नलाग्ने | राजस्व शाखा |
| वहाल विटौरी शुल्क | - सार्वजनिक, सरकारी तथा पर्ति जग्गा उपयोगको विवरण अद्यावधिक गर्ने<br>- छुटेका स्थानको बहाल विटौरी कर सङ्कलन गर्ने | २०८० असार मसान्त सम्म | नलाग्ने | • नगर कार्यपालिका<br>• राजस्व शाखा<br>• वडा कार्यालयहरु |
| | ठेला, ट्रली पसललाई व्यवस्थित गर्ने र बहाल विटौरी शुल्क सङ्कलन गर्ने | आ.व.२०८०/८१ देखि | नलाग्ने | नगर कार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | जग्गाको न्यूनतम मूल्याङ्कनलाई यथार्थपरक बनाउन मूल्याङ्कन आधारलाई अद्यावधि गरी सुझाव दिने | प्रत्येक वर्षको चैत्र मसान्त भित्र | नलाग्ने | नगर कार्यपालिका |
| प्राकृतिक स्रोत बिक्रि | ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/सङ्कलन गर्न सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्य भएमा आई.ई.ई गर्ने | २०८० चैत्र मसान्तसम्म | ५०,००० | नगर कार्यपालिकाको कार्यालय, राजस्व शाखा |
| | ढुंङ्ग, गिट्टी, बालुवाको आय ठेक्का बन्दोवस्त गर्ने | २०८० असार मसान्तसम्म | ५०,००० | खरिद इकाई |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम (रु.) | जिम्मेवारी |
|---|---|---|---|---|
| | ढुङ्गा, गिट्टी, बालुवाको चोरी निकासी नियन्त्रण गर्न नगर प्रहरीलाई परिचालन गर्ने | निरन्तर | नलाग्ने | नगर कार्यपालिकाको कार्यालय |
| | चोरी निकासी हुने क्षेत्रका स्थानीय समुदायहरुको संयन्त्र बनाई संरक्षणको जिम्मेवारी दिने । | निरन्तर | नलाग्ने | नगर कार्यपालिकाको कार्यालय |
| व्यवसाय दर्ता, नवीकरण दस्तुर | दर्ता गर्न छुटेका व्यवसायलाई दर्ताका लागि सूचना जारी गर्ने | २०८० असार मसान्तभित्र | २५,००० | नगर कार्यपालिका, वडा कार्यालय, राजस्व शाखा |
| | स्थानीय उद्योग बाणिज्य संघसँग समन्वय गरी नयाँ करदाताहरुलाई दायरामा ल्याउने | २०८० असार मसान्तभित्र | | नगर कार्यपालिका, वडा कार्यालय, राजस्व शाखा |
| पर्यटन सेवा शुल्क | आन्तरिक पर्यटकलाई भ्रमण गर्ने वातावरण निर्माण (यातायातको सहज प्रबन्ध, आकर्षण गर्ने सेवा/वस्तु (Product) को विकास र प्रचार प्रसार) गर्ने | आ.व.२०७९/८० देखि नियमित | १००,००० | • नगर कार्यपालिका<br>• आर्थिक विकास समिति |
| फोहरमैला व्यवस्थापन शुल्क | शहरी/बजार क्षेत्रको फोहरमैला व्यवस्थापन कार्य विस्तार गरी शुल्क असुली कार्य गर्ने | आ.व २०८१/८२ देखि | नियमित बजेट विनियोजन | नगर कार्यपालिका |
| नक्सा पास दस्तुर | - नक्सापासबाट हुने फाइदा वारे जनचेतना अभिवृद्धि गर्ने<br>- नक्सापास कार्य अनिवार्य गर्ने । | तत्कालै | ५०,००० | • प्रमुख प्रशासकीय अधिकृत,<br>• पूर्वाधार विकास शाखा |
| पार्किङ्ग व्यवस्थापन | नगर क्षेत्रका सवारी चाप हुने क्षेत्रका सडकमा सवारी पार्किङ्ग स्थल निर्माण गरी सवारी साधनसँग पार्किङ्ग शुल्क असुल गर्ने | २०८० श्रावण देखि | डि.पी.आर. अनुसार (नियमित बजेट विनियोजन) | • नगर कार्यपालिका<br>• पूर्वाधार शाखा |
| सामुदायिक वन उपभोक्ता समूहको अभिलेख व्यवस्थापन तथा स्थानीय विकासमा लगानी सम्बन्धी समन्वय गर्ने | - सामुदायिक वन उपभोक्ता समूहसँग परामर्श गर्ने<br>- सामुदायिक वनको अभिलेख व्यवस्थापन गर्ने<br>- सामुदायिक वनबाट वार्षिक रुपमा बिक्रीयोग्य हुने काठजन्य तथा गैर | २०७९ चैत्र मसान्तसम्म | २५,००० | • नगर कार्यपालिका,<br>• राजस्व परामर्श समिति,<br>• योजना शाखा |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम (रु.) | जिम्मेवारी |
|---|---|---|---|---|
| | काठ, जडिबुटीको अनुमान सहितको कार्ययोजना तथा वार्षिक प्रतिवेदन माग गर्ने<br>- सामुदायिक वनको आम्दानी स्थानीय विकासका लागि गर्ने लगानी वारे समन्वय गर्ने | | | |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | | |
| पूर्वाधार निर्माण गर्ने | औद्योगिक ग्राम स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने | आ.व. २०८०/८१ | १००,००० | नगर कार्यपालिका, पूर्वाधार विकास शाखा |
| **ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन**. | | | | |
| मानवीय क्षमता विकास | - राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई असल अभ्यासबारे जानकारी दिने तथा सिकाई आदान प्रदान कार्यक्रम गर्ने<br>- राजस्व सङ्कलनमा संलग्न कर्मचारीलाई (वडा कार्यालय समेत) सफ्टवेयर तथा पुनर्ताजगी कार्यक्रम आयोजना गर्ने | निरन्तर | ३५०,००० | • नगर कार्यपालिका<br>• राजस्व शाखा |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | सबै वडा तथा नगरपालिका कार्यालयको करदाताको विवरण राजस्व सफ्टवेयरमा अद्यावधिक गर्ने | निरन्तर | ५०,००० | • वडा कार्यालय,<br>• राजस्व शाखा |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यम तथा स्थानीय संघसंस्था मार्फत करदाताहरुलाई कर तिर्न आउने वारेको सूचना सम्प्रेषण गर्ने ।<br>- कर तथा राजस्व असुलीका लागि घरदैलो कार्यक्रम सञ्चालन गर्ने<br>- राजस्व सङ्कलनको विवरण त्रैमासिक एवं अर्ध वार्षिक रुपमा सार्वजनिक गर्ने | नियमित | १००,००० | • प्रमुख प्रशासकीय अधिकृत,<br>• राजस्व शाखा<br>• वडा सचिवहरु |
| विद्युतीय भुक्तानी | - नगरपालिकालाई बुझाउनु पर्ने राजस्व | तत्कालै | नलाग्ने | • नगर कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम (रु.) | जिम्मेवारी |
|---|---|---|---|---|
| | विद्युतीय माध्यमबाट बुझाउने व्यवस्थाका लागि राजश्व सफ्टवेयर प्रदायकसँग समन्वय गर्ने<br>- वडा-टोलमा विद्युतीय भुक्तानी सेवा प्रदायक पहिचान गरी सेवा शुल्क दर निर्धारण गर्ने | | | • प्रमुख प्रशासकीय अधिकृत<br>• राजस्व शाखा<br>• आईटी शाखा |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन गर्ने<br>- करदातालाई सम्मान कार्यक्रम गर्ने | वार्षिक रुपमा निरन्तर | ३००,००० | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत |
| | महिला, अपांगता भएका व्यक्ति, कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायीलाई छुट सम्बन्धी कानून निर्माण र कार्यान्वयन गर्ने | आ.व.२०८०/८१ | नलाग्ने | • राजस्व परामर्श समिति<br>• नगर कार्यपालिका<br>• नगरसभा |
| **घ. अनुगमन तथा मूल्याङ्कन** | | | | |
| अनुगमन | - अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>- कर चुहावट नियन्त्रणका लागि नियमित अनुगमन गर्ने | प्रत्येक ६ महिनामा तथा आवश्यकता अनुसार | १००,००० | नगर कार्यपालिका, राजस्व परामर्श समिति, राजस्व शाखा र वडा कार्यालयहरु |
| | - अनुगमन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गर्ने | निरन्तर | नलाग्ने | |
| | - राजस्व सङ्कलनको लक्ष्य र प्रगतिको अर्धवार्षिक तथा वार्षिक रुपमा समीक्षा गर्ने<br>- राजस्वका नयाँ क्षेत्रहरुको पहिचान र परिचालनमा जोड दिने | निरन्तर | २५,००० | नगर कार्यपालिका, राजस्व परामर्श समिति, राजस्व शाखा र वडा कार्यालयहरु |

***नोट :*** *प्रस्तुत कार्ययोजनाको ठूला लगानीका लागि प्राविधिक लागत अनुमान वा डिपिआर बमोजिम हुने लगानी बाहेकका क्रियाकलाप कार्यान्वयनका लागि रु. १५ लाख अनुमान गरिएको ।*

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

यस परिच्छेदमा सूर्योदय नगरपालिकाको विगत वर्षहरुको यथार्थ तथा प्रस्तावित राजस्व प्राप्ती, माथि अध्याय ३ को ३.३.१ र ३.३.२ मा गरिएको विश्लेषण र कार्ययोजनाको आधारमा आगामी तीन आर्थिक वर्षहरुको (२०८०/८१-२०८२/८३) सम्मको राजस्व आर्जनको प्रक्षेपण गरिएको छ । यसको विवरण **तालिका २१** मा उल्लेख गरिएको छ । निवेदनका आधारमा प्राप्त हुने आयलाई मा समावेश गरिएको छैन ।

**तालिका २१: राजस्व प्रक्षेपणका आधारहरु**

| क्र.सं. | राजस्व शिर्षक | मुख्य आधारहरु |
|---|---|---|
| क. | कर राजस्व | |
| १ | सम्पत्ति कर | • आ.व. २०७८/७९ मा कुल करदाता २०९०२ भएकोमा ११८४९ ले मात्र कर बुझाएको र यो दायराको ५७ प्रतिशत मात्र भएको ।<br>• चालु आ.व. मा रु. १८,१४,२०७ सङ्कलन भएको र प्रति करदाता औसत रु. १५३६ सम्पत्ति कर बुझाएको देखिन्छ ।<br>• पहिलो वर्ष ५७ प्रतिशत करदाताबाट ७० प्रतिशत करदाताहरु करको दायरामा आउने, दोस्रो वर्ष ८० प्रतिशत र अन्तिम वर्ष ९० प्रतिशत करदाता करको दायरामा आउने अनुमान गरी राजस्व प्रक्षेपण गरिएको । |
| २ | भूमिकर/मालपोत | • कुल करदाता २०९०२ भएकोमा ११८४९ ले मात्र कर तिरेको र यो कुल करदाताको ५७ प्रतिशत हुन आउँछ ।<br>• चालु आ.व.मा रु. १,७१,६३,००० सङ्कलन भएको र प्रति करदाता औसत रु. १४४८ भूमिकर कर बुझाएको देखिन्छ ।<br>• पहिलो वर्ष ५७ प्रतिशत करदाताबाट ७० प्रतिशत करदाताहरु करको दायरामा आउने, दोस्रो वर्ष ८० प्रतिशत र अन्तिम वर्ष ९० प्रतिशत करदाता करको दायरामा आउने अनुमान गरी राजस्व प्रक्षेपण गरिएको । |
| ३ | घरजग्गा बहाल कर | • आ.व. २०७९/८० मा रु. १३,००,००० रकम सङ्कलन हुने प्रस्ताव गरी वार्षिक ५ प्रतिशत वृद्धि हुनेगरी प्रक्षेपण गरिएको । |
| ४ | व्यवसाय कर | • २०७८/७९ मा रु. ३८,२०,३२४ रकम सङ्कलन भएको ।<br>• जम्मा १३४१ व्यवसायीले कर तिरेको । (दर्ता तथा नवीकरण)<br>• औसत प्रति व्यवसायीले रु. २,८४९ कर तिर्ने गरेको ।<br>• नगरपालिकाको रेकर्ड अनुसार हाल विभिन्न किसिमका ३६५० वटा व्यवसायहरु रहेका छन् । गतवर्षमा करिब ३७ प्रतिशत (१३४१ वटा) करको दायरामा आएका छन । आगामी वर्ष हालको संख्यालाई यथावत राखी पहिलो वर्ष ४५ प्रतिशत, दोश्रो वर्ष ५५ प्रतिशत र अन्तिम वर्ष ६५ प्रतिशत व्यवसायीहरु करको दायरामा आउने अनुमान गरी राजस्व प्रक्षेपण गरिएको । |
| ५ | सवारी साधन कर | • गत आ.व. सम्म यस नगरपालिकामा ६९ वटा साना सवारी साधन दर्ता भएकोमा चालु आ.व. को मंसिरभित्र थप ५० वटा सवारी साधन दर्ता भएका छन । वार्षिक ५० वटा सवारी साधन दर्ता हुने र पुराना सत प्रतिशत सवारी साधन नवीकरण हुने अनुमान गरी राजस्व प्रक्षेपण गरिएको |
| ६ | मनोरञ्जन कर | • हाल प्रदेशबाट बाँडफाँटका लागि प्रस्ताव भएकोमा आगामी आ.व देखि नगरपालिकाले साहसिक खेलकुद र सिनेमा हलबाट सङ्कलन गर्दा वार्षिक रु. ५ लाख उठ्न सक्ने अनुमान गरी कुल रु ५ लाख ६१ हजार आगामी आ.व. का लागि अनुमान गरिएको । कुल संभावित राजस्व रु. ५ लाख ६१ हजारमध्ये पहिलो वर्ष ७० प्रतिशत, दोश्रो वर्ष, ७५ प्रतिशत र अन्तिम वर्ष ८० प्रतिशत राजस्व उठ्ने अनुमान गरी प्रक्षेपण गरिएको । |

| क्र.सं. | राजस्व शिर्षक | मुख्य आधारहरु |
|---|---|---|
| ७ | विज्ञापन कर | • आ.व. २०७९/८० मा रु. १ लाख प्रस्ताव भएकोमा आ.व. २०८०/८१ देखि नगरपालिका आफैले दर तोकी सङ्कलन गर्ने प्रस्ताव अनुसार सोही १ लाख आर्जन हुने । <br>• आ.व. २०७८/७९ को यथार्थलाई आधार मानी आगामी तीन वर्षको लागि २५ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको |
| ८ | जडिवुटी, कवाडी र जीवजन्तु कर | • यस शीर्षक अन्तरगत गत विगतमा राजस्व प्राप्त नभएकोले आगामी आ.व. का लागि पनि शुन्य राजस्व प्रक्षेपण गरिएको । |
| **ख.** | **गैरकर राजस्व** | |
| १ | प्राकृतिक तथा खानीजन्य पदार्थ बिक्रि | • आ.व. २०७९/८० मा सम्भावनाका आधारमा छिमेकी गाउँपालिकासँगको समन्वयमा ढुंगा खानी सञ्चालन हुन सक्ने । |
| २ | बहाल बिटौरी शुल्क | • आ.व. २०७९/८० मा साप्ताहिक हाट बजारबाट रु. ५,००,०००; सटर भाडा रु. १४४,०००; चमेना गृह सञ्चालनबाट रु. २,६५,४८६ (मू.अ.क. बाहेक) ठेक्का लागेको र जम्मा रु. ९,०९,४८६ हुने । <br>• कूल सम्भावनाको पहिलो वर्ष ७० प्रतिशत, दोस्रो वर्ष ८० प्रतिशत र तेस्रो वर्ष ९० प्रतिशत बहाल बिटौरी शुल्क संकलन हुने अनुमान गरिएको । <br>• आ.व. २०८०/८१ देखि Tea Testing and Promotional Centre निर्माण सम्पन्न पश्चात बहाल कर सङ्कलन हुन सक्ने देखिन्छ तर यसलाई प्रक्षेपणमा समावेश गरिएको छैन । |
| ३ | पार्किङ शुल्क | • हालसम्म आय सङ्कलन नभएको (पार्किङ स्थल बाहेक मात्र प्रस्ताव) <br>• यस चालु आ.व.मा दुई स्थानहरुमा पार्किङ स्थल निर्माण भई सञ्चालनमा आउने अनुमान <br>• आ.व. २०८०/८१ मा रु. ६,००,००० उठ्न सक्ने अनुमान । <br>• निर्माण हुने दुईवटा पार्किङ स्थलबाट पहिलो वर्ष ६ लाख र वार्षिक ५% ले वृद्धि हुने अनुमान |
| ४ | नक्सापास दस्तुर | • आ.व. २०७९/८० मा रु. १५ लाख प्रस्तावित । <br>• आ.व. २०७९/८० को प्रस्तावित लाई आधार मानी वार्षिक ५% ले वृद्धि हुने अनुमान गरिएको । |
| ५ | स्थानीय सडक (पूर्वाधार) उपयोग शुल्क | • आ.व. २०८०/८१ बाट ४ वटा सडकमा शुल्क लगाउने, <br>• वार्षिक रु. १३ लाख सङ्कलन हुनसक्ने (ठेक्का प्रक्रिया) सम्भावना । <br>• आ.व. २०७९/८० को प्रस्तावित रकम रु. ४० लाखमा थप रु. १३ लाख गरी कूल रु. ५३ लाखमा वार्षिक ५ प्रतिशतले वृद्धि हुने अनुमान गरी प्रक्षेपण गरिएको । |
| ६ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | • आ.व. २०७८/७९ मा रु. ६५,९०,३१२ सङ्कलन तथा आ.व. २०७९/८० मा रु. ४० लाख अनुमान गरिएको । <br>• आ.व. २०७७/७८ को यथार्थ रकम बमोजिम संभावित रकम कायम गरी सो रकमकमा वार्षिक ५ प्रतिशतले वृद्धि हुने प्रक्षेपित । |
| ७ | अन्य कर | • यस शीर्षक अन्तरगत गत विगतमा केही राजस्व असुली भए तापनि शीर्षक खुल्न नआएकोले आगामी आ.व. का लागि शुन्य प्रक्षेपण गरिएको । |
| ८ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | • नयाँ संरचनाबाट थप रु २० लाख संभाव्य रकमको अनुमान बमोजिम तत्पश्चात वार्षिक ५ प्रतिशत वृद्धि हुने अनुमान गरिएको । |
| ९ | अन्य सेवा विक्रीबाट प्राप्त रकम | • तीन वर्षको औसत रकमको आधारमा वार्षिक ५% ले वृद्धि हुने अनुमान गरिएको । |
| १० | अन्य सेवा शूल्क तथा बिक्री | • तीन वर्षको औसत रकमको आधारमा वार्षिक ५% ले वृद्धि हुने अनुमान गरिएको । |
| ११ | न्यायिक दस्तुर | • सम्भावित रकमलाई यथावत राखी प्रक्षेपण गरिएको |
| १२ | परिक्षा शूल्क | • सम्भावित रकमलाई यथावत राखी प्रक्षेपण गरिएको |

| क.सं. | राजस्व शिर्षक | मुख्य आधारहरु |
|---|---|---|
| १३ | अन्य प्रशाशनिक सेवा शूल्क | • आ.व. २०७८/७९ को यथार्थ रकमलाई आधार मानी वार्षिक ५% ले वृद्धि हुने अनुमान गरिएको । |
| १४ | सिफारिस दस्तुर | • आ.व. २०७८/७९ को यथार्थलाई आधार मानी आगामी आ.व.हरुमा ५% ले वृद्धि हुने अनुमान गरिएको |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | • आ.व. २०७८/७९ को यथार्थलाई आधार मानी वार्षिक ५% ले वृद्धि हुने अनुमान गरिएको । |
| १६ | नाता प्रमाणित दस्तुर | • आ.व. २०७८/७९ को यथार्थलाई आधार मानी वार्षिक ५% ले वृद्धि हुने अनुमान गरिएको । |
| १७ | अन्य दस्तुर | • प्रक्षेपण नगरिएको |
| १८ | प्रशासनिक दण्ड,जरिवाना र जफत | • आ.व. २०७८/७९ को यथार्थ लाई आधार मानी आगामी आ.व.हरुमा ५% ले वृद्धि हुने अनुमान गरिएको |
| १९ | सामुदायिक बनबाट प्राप्त बिक्रीबाट हुने आय | • नगरपालिका भित्र १६ वटा सामुदायिक वन रहेको र प्रति वनको वार्षिक आय औसतमा रु. १० लाख हुने अनुमान बमोजिम कुल रकम रु. को १० प्रतिशत बराबर प्रति वर्ष रु. १६ लाख नगरपालिकाको सञ्चित कोषमा जम्मा हुने सम्भावना भएका |
| २० | अन्य संस्थागत आन्तरीक अनुदान | प्रक्षेपण नगरिएको । |
| २१ | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) बिक्री | यस सम्बन्धमा आगामी वर्षहरुमा सम्भाव्यता र सोका आधारमा प्रारम्भिक वातावरणीय परीक्षण गरी परिचालन हुन सक्ने देखिन्छ। तर हाललाई यस शीर्षक अन्तरगत शुन्य प्रक्षेपण गरिएको छ। |
| **ग.** | **राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रदेशबाट** | |
| १ | घर जग्गा रजिस्ट्रेशन दस्तुर | आ.व. २०७८/आधारमा मानी आगामी आ.व.हरुमा ५% ले वृद्धि हुने अनुमान गरिएको |
| २ | सवारी साधन कर | सम्भावित रकमलाई आधारमा मानी आगामी आ.व.हरुमा ५% ले वृद्धि हुने अनुमान गरिएको |
| **घ.** | **राजस्व बाँडफाँटबाट प्राप्त रकम संघबाट** | |
| १ | मूल्य अभिवृद्धि कर | नेपाल सरकारबाट प्रापत राजस्व/रोयल्टीमा आ.व. २०७८/७९ को तुलनामा वार्षिक १०% ले वृद्धि हुने अनुमान गरिएको |
| २ | अन्तःशुल्क | नेपाल सरकारबाट प्रापत राजस्व/रोयल्टीमा आ.व. २०७८/७९ को तुलनामा वार्षिक १०% ले वृद्धि हुने अनुमान गरिएको |
| ३ | वन रोयल्टी | आ.व. २०७८/७९ को यथार्थलाई आधार मानी आगामी आ.व.हरुमा १०% ले वृद्धि हुने अनुमान गरिएको |
| ४ | विधुत रोयल्टी | आ.व. २०७८/७९ को यथार्थलाई आधार मानी आगामी आ.व.हरुमा १०% ले वृद्धि हुने अनुमान गरिएको |
| ५ | अन्य राजस्व | आ.व. २०७९/८० को प्रस्तावितलाई आधार मानी वार्षिक १०% ले वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |
| ६ | वेरुजु | प्रक्षेपण नगरिएको |
| **ङ.** | **अन्तर सरकारी वित्तिय हस्तान्तरण (संघीय सरकारबाट)** | |
| १ | समानीकरण अनुदान | आ.व. २०७८/७९ को यथार्थलाई आधारमा मानी आगामी आ.व.हरुमा ३% ले वृद्धि हुने अनुमान गरिएको |
| २ | सशर्त अनुदान चालु | आ.व. २०७८/७९ को यथार्थलाई आधारमा मानी आगामी आ.व.हरुमा ३% ले वृद्धि हुने अनुमान गरिएको |
| ३ | सशर्त अनुदान पुंजीगत | आ.व. २०७८/७९ को यथार्थलाई आधारमा मानी आगामी आ.व.हरुमा ३% ले वृद्धि हुने अनुमान गरिएको |

| क्र.सं. | राजस्व शिर्षक | मुख्य आधारहरु |
|---|---|---|
| ४ | विषेश अनुदान पूँजीगत | आ.व. २०७८/७९ को यथार्थलाई आधारमा मानी आगामी आ.व.हरुमा ३% ले वृद्धि हुने अनुमान गरिएको |
| ५ | सम्पूरक अनुदान चालु | प्रक्षेपण नगरिएको |
| ६ | सम्पूरक पूँजीगत | आ.व. २०७८/७९ को यथार्थलाई आधारमा मानी आगामी आ.व.हरुमा ३% ले वृद्धि हुने अनुमान गरिएको |
| **च.** | **प्रदेश सरकारबाट** | |
| १ | समानीकरण अनुदान | आ.व. २०७८/७९ को यथार्थलाई आधारमा मानी आगामी आ.व.हरुमा ५% ले वृद्धि हुने अनुमान गरिएको |
| २ | सशर्त अनुदान चालु | आ.व. २०७८/७९ को यथार्थलाई आधारमा मानी आगामी आ.व.हरुमा २५% ले वृद्धि हुने अनुमान गरिएको |
| ३ | सशर्त अनुदान पुँजीगत | आ.व. २०७९/८० को प्रस्तावित लाई यथावत राखी प्रक्षेपण गरिएको |
| ४ | विषेश अनुदान पूँजीगत | प्रक्षेपण नगरिएको |
| ५ | सम्पूरक अनुदान चालु | प्रक्षेपण नगरिएको |
| ६ | सम्पूरक पूँजीगत | प्रक्षेपण नगरिएको |

## ६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण  (रकम रु.)

**तालिका २२: राजस्व प्रक्षेपण**

| क्र.सं. | राजस्व शिर्षकहरु | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित | कुल सम्भावित | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **क.** | **कर राजस्व** | | | | | | | | | |
| १ | सम्पती कर | १,४९२,०४९ | १,७६०,१८१ | १,७१४,२०८ | १,६५५,४७९ | २,०००,००० | ३,०२३,९१६ | २,११६,७४१ | २,४१९,१३२ | २,७२१,५२४ |
| २ | भूमिकर/मालपोत | १३,७९५,९८१ | १८,८०७,३५७ | १७,१६२,९६५ | १६,५८८,७६८ | १५,४००,००० | ३०,२७६,०५९ | २१,१९३,२४१ | २४,२२०,८४७ | २७,२४८,४५३ |
| ३ | घर जग्गा बहाल कर | १,२२६,८३५ | १,६८१,६२२ | २,०४४,९४२ | १,६५१,१३३ | १,३००,००० | | २,१४७,१८९ | २,२५४,५४९ | २,३६७,२७६ |
| ४ | बहाल विरौटी शुल्क | १,५४२,२३६ | ८०८,८०७ | ६,३५४,९११ | २,९०१,९८५ | ५००,००० | ९०९,४८६ | ६३६,६४० | ७२७,५८९ | ८१८,५३७ |
| ५ | सवारी साधन कर (साना सवारी) | - | ७१,८०० | २६०,५०० | ११०,७६७ | ३००,००० | | २५३,००० | २६५,६५० | २७८,९३३ |
| ६ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २,२५३,७०३ | ३,७१५,४१० | ४,५३५,५७० | ३,५०१,५६१ | ४,०००,००० | ५,३००,००० | ५,५६५,००० | ५,८४३,२५० | ६,१३५,४१३ |
| ७ | मनोरञ्जन कर | ३,००० | - | - | ३,००० | १०,००० | ५६१,००० | ३९२,७०० | ४२०,७५० | ४४८,८०० |
| ८ | विज्ञापन कर | १००००० | २५००० | ७२६०० | ६५८६७ | १००००० | | ९०७५० | ११३४३८ | १४१७९७ |
| ९ | व्यावसाय कर (नवीकरण र रजिष्ट्रेशन दस्तुर) | २,७०७,२८५ | ३,७०२,३१२ | ३,२४६,६२४ | ३,२१८,७४० | ४,०००,००० | १०,३९८,३४६ | ४,६७९,२५६ | ५,७१९,०९१ | ६,७५८,९२५ |
| १० | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | - | ३,४४६,०६५ | ६,५९०,३१२ | ५,०१८,१८९ | ४,०००,००० | | ६,९१९,८२८ | ७,२६५,८१९ | ७,६२९,११० |
| ११ | अन्य कर | ४,०१७,३४६ | २,८७४,४०३ | ४६,१५० | २,३१२,६३३ | १०,००० | | - | - | - |
| | **जम्मा** | **२७,१३८,४३५** | **३६,८९२,९५७** | **४२,०२८,७८२** | **३७,०२८,१२१** | **३१,६२०,०००** | **५०,४६८,८०७** | **४३,९९४,३४५** | **४९,२५०,११४** | **५४,५४८,७६८** |
| **ख.** | **गैरकर राजस्व** | | | | | | | | | |
| १ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ६१,६०० | २२९,६०० | ३११,६७० | २००,९५७ | ३००,००० | २,३११,६७० | २,४२७,२५४ | २,५४८,६१६ | २,६७६,०४७ |

| क्र.सं. | राजस्व शिर्षकहरु | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित | कुल सम्भावित | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| २ | अन्य सेवा बिक्रीबाट प्राप्त रकम | ५८५,००० | ६६१,९०० | २९०,००० | ५१२,३०० | ५००,००० | | ५३७,९१५ | ५६४,८११ | ५९३,०५१ |
| ३ | अन्य सेवा शुल्क तथा बिक्री | ३,३८९,४६३ | २,९६४,८४२ | ४,१०२,८३० | ३,४८५,७१२ | २,७००,००० | | ३,६५९,९९७ | ३,८४२,९९७ | ४,०३५,१४७ |
| ४ | न्यायिक दस्तुर | ४,७४५ | ७,९१० | २५,५१० | १२,७२२ | २५,००० | २५,००० | २५,००० | २५,००० | २५,००० |
| ५ | परीक्षा शुल्क | ३२१,२०७ | ३९५,७५० | ३५८,७०० | ३५८,५५२ | ३००,००० | ३००,००० | ३००,००० | ३००,००० | ३००,००० |
| ६ | अन्य प्रशासनिक सेवा शुल्क | २२४,८६० | १,११०,१८० | ४६०,०८० | ५९८,३७३ | ५०,००० | | ४८३,०८४ | ५०७,२३८ | ५३२,६०० |
| ७ | पार्किङ्ग शुल्क | १०१,७०० | - | - | ३३,९०० | २०,००० | ६००,००० | ६००,००० | ६३०,००० | ६६१,५०० |
| ८ | नक्सापास दस्तुर | १,५४३,११५ | १,२८४,६६६ | १,६८९,५९० | १,५०५,७९० | १,५००,००० | १,५००,००० | १,५७५,००० | १,६५३,७५० | १,७३६,४३८ |
| ९ | सिफारिश दस्तुर | ३२०२०२० | ३८२३३६० | ४०१७८६३ | ३६८१०८१ | ४०००००० | | ४२१८७५६ | ४४२९६९४ | ४६५११७९ |
| १० | व्यक्तिगत घटना दर्ता दस्तुर | ५८३५० | १६६१०० | ८०३२०० | ३४२५५० | ७००००० | | ८४३३६० | ८८५५२८ | ९२९८०४ |
| ११ | नाता प्रमाणित दस्तुर | १३५००० | १५११०० | २४६६०० | १७७५६७ | २००००० | | २५८९३० | २७१८७७ | २८५४७० |
| १२ | अन्य दस्तुर | १९५८३४ | ० | ० | ६५२७८ | ६००००० | | ० | ० | ० |
| १३ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ० | ० | ६८३०० | २२७६७ | ५०००० | | ७१७१५ | २३९०५ | ५२५०० |
| १४ | बीमा दावी प्राप्त | ० | ० | ४६१४०० | १५३८०० | ० | ० | ० | ० | ० |
| १५ | न्यायिक दण्ड,जरिवाना र जफत | ० | ७८३०० | ३६८०० | ३८३६७ | १००० | ० | ० | ० | ० |
| १६ | अन्य राजस्व | २०३१७८८८ | ५०९३१०७ | ३०९९१९२६ | १८८००९७४ | १०००० | | ११००० | १२१०० | १३३१० |
| १७ | सामुदायिक बनबाट प्राप्त आय | ० | ० | ० | ० | ० | १६०००००० | १६०००००० | १६०००००० | १६०००००० |
| | **जम्मा** | **३२८४८०६७** | **१९६६९१२७** | **४३८६४४६९** | **२९९९०६८९** | **१०९५६०००** | **४७३६६७०** | **१५०१२०११** | **१५६९५५१६** | **१६४९२०४६** |

| क्र.सं. | राजस्व शिर्षकहरु | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित | कुल सम्भावित | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **ग.** | **प्रदेश र स्थानीय तहबीचको बाँडफाँट** | | | | | | | | | |
| १ | घर जग्गा रजिस्ट्रेशन शुल्क | १०४२३२९७ | १३६२२५१६ | १५४५००७२ | १३१६५२९५ | १८१५०००० | | १८५४००८६ | २२२४८१०४ | २६६९७७२४ |
| २ | सवारी साधन कर | ११९५१७३४ | २००८८१६१ | २१११६८३८ | १७७१८९११ | २८१६१००० | | २७४५१८८९ | ३५६८७४५६ | ४६३९३६९३ |
| | **जम्मा** | **२२४७५०३१** | **३३६३५६७७** | **३६५६६९१०** | **३०८८४२०६** | **४६३११०००** | ० | **४५९११९७६** | **५७९३५५६०** | **७३०९१४१८** |
| **घ.** | **नेपाल सरकारबाट प्राप्त राजस्व र रोयल्टी बाँडफाँड** | | | | | | | | | |
| १ | मूल्य अभिवृद्धि कर | ६४८३३७४४ | ८०५४६३५१ | ८२९२१३११ | ७६१००४६९ | १३३१४६००० | | ९१२१३४४२ | १००३३४७८६ | ११०३६८२६५ |
| २ | अन्त:शुल्क | १७७९७८४८ | २३३१५७९२ | ३७१२५१४६ | २६०७९५९५ | ० | | ४०८३७६६१ | ४४९२१४२७ | ४९४१३५६९ |
| ३ | वन रोयल्टी | ३४१८२४ | १२४२७५ | १५७९५ | १६०६३१ | २९००० | | १७३७५ | १९११२ | २१०२३ |
| ४ | विद्युत रोयल्टी | ३९०३२७ | ११०८४७७ | ४९०२३५ | ६६३०१३ | ११२६००० | | ५३९२५९ | ५९३१८४ | ६५२५०३ |
| | **जम्मा** | **८३३६३७४३** | **१०५०९४८९५** | **१२०५५२४८७** | **१०३००३७०८** | **१३४३०१०००** | ० | **१३२६०७७३६** | **१४५८६८५०९** | **१६०४५५३६०** |
| **ङ** | **संघीय सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण** | | | | | | | | | |
| १ | समानीकरण अनुदान | १६२३००००० | १६०८००००० | १७२४००००० | १६५१६६६६७ | १८१६००००० | | १७७५७२००० | १८२८९११६० | १८८३८६१३५ |
| २ | सशर्त अनुदान चालु | ३०९१७४८४२ | ३६६८७७४७४ | ३२८३९५९३५ | ३३४८१६०८४ | ३७५१००००० | | ३३८२४७८१३ | ३४८३९५२४७ | ३५८८४७१०५ |
| ३ | सशर्त अनुदान पूँजिगत | ० | ० | ५३४२३३१५ | १७८०७७७२ | ४७३००००० | | ५५०२६०१४ | ५६६७६७९५ | ५८३७७०९९ |
| ४ | विषेश अनुदान पूँजीगत | ० | ० | ३०७१३९१६ | १०२३७९७२ | १३०००००० | | ३१६३५३३३ | ३२५८४३९३ | ३३५६१९२५ |
| ५ | समपूरक अनुदान चालु | १७६३००० | १२०००००० | ० | ४५८७६६७ | ० | | ० | ० | ० |
| ६ | समपूरक अनुदान पूँजीगत | ० | ० | १९८६१९१० | ६६२०६३७ | १७०००००० | | २०४५७७६७ | २१०७१५०० | २१७०३६४५ |
| | **जम्मा** | **४७३२३७८४२** | **५३९६७७४७४** | **६०४७९५०७६** | **५३९२३६७९७** | **६३४००००००** | ० | **६२२९३८९२८** | **६४१६२७०९६** | **६६०८७५९०९** |
| **च.** | **प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण** | | | | | | | | | |
| १ | समानीकरण अनुदान | ७७६९००० | ७७५१००० | १०१२४००० | ८५४८००० | १०१२४००० | | १०६३०२०० | १११६१७१० | ११७१९७९६ |
| २ | सशर्त अनुदान चालु | ३३७२९८३४ | २२८८३१६४ | ५८१०१२६७ | ३८२३८०८८ | ८३५९२००० | | ७२६२६५८४ | ९०७८३२३० | ११३४७९०३७ |

| क्र.सं. | राजस्व शिर्षकहरु | आ.व. २०७६/०७७ को यथार्थ | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित | कुल सम्भावित | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ३ | सशर्त अनुदान पूँजीगत | ० | ० | ० | ० | ३०३९३३० | | ३०३९३३० | ३०३९३३० | ३०३९३३० |
| ४ | विषेश अनुदान पूँजीगत | १६२१८९९ | ० | ० | ५४०६३३ | ० | ० | ० | ० | ० |
| ५ | समपूरक अनुदान चालु | ७९९८०९४ | ४४४७८२४ | ४४९०७५२ | ५६४५५५७ | ० | ० | ० | ० | ० |
| ६ | समपूरक अनुदान पूँजीगत | ० | ० | ० | ० | १०००००००० | ० | ० | ० | ० |
| | **जम्मा** | ५१११८८२७ | ३५०८१९८८ | ७२७१६०१९ | ५२९७२२७८ | १०६७५५३३० | ० | ८६२९६११४ | १०४९८४२७० | ११२८२३८१६३ |
| | **कुल जम्मा** | ६९०१८१९४५ | ७७००५२११८ | ९२०५२३७४३ | ७९३११५७९९ | ९६३९४३३३० | ५५२०५४७७ | ९४६८४१११० | १०१५३६१०६५ | १०९३७०१६६३ |

सूर्योदय नगरपालिकाको कुल प्रक्षेपित आय विवरण **तालिका २३** मा प्रस्तुत गरिएको छ । यो प्रक्षेपण गरी बेरुजु रकम, बक्यौता रकम, आन्तरिक ऋण (प्रस्तावित तथा विद्यमानलाई समावेश गरिएको छैन । प्रक्षेपण गर्दा लिइएका आधार तथा मान्यताहरु परिच्छेद ६ मा उल्लेख गरिएको छ । साथै विगत तथा प्रस्तावित आन्तरिक आयमा ठूलो घटीबढी देखिएको अवस्थामा गत आ.व.को यथार्थ आयलाई समेत सम्भावना रकम मानी प्रक्षेपण गरिएको छ ।

**तालिका २३: नगरपालिकाको आयको अपेक्षित नतिजा (रु.)**

| क्र.सं. | राजस्व शिर्षकहरु | तीन आ.व.को औसत | चालु आ.व. २०७९/८० को प्रस्तावित | कुल सम्भावित | प्रक्षेपित आय (आगामी तीन आ.व को) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कर राजस्व | ३७०२८१२१ | ३१६२०००० | ५०४६८८०७ | ४३९९४३४५ | ४९२५०११४ | ५४५४८७६८ |
| २ | गैरकर राजस्व | २९९९०६८९ | १०९५६००० | ४७३६६७० | १५०१२०११ | १५६९५५१६ | १६४९२०४६ |
| ३ | प्रदेश र स्थानीय तहबीचको बाँडफाँट | ३०८८४२०६ | ४६३११००० | ० | ४५९९१९७६ | ५७९३५५६० | ७३०९१४१८ |
| ४ | नेपाल सरकारबाट प्राप्त राजस्व र रोयल्टी बाँडफाँड | १०३००३७०८ | १३४३०१००० | ० | १३२६०७७३६ | १४५८६८५०९ | १६०४५५३६० |
| ५ | संघीय सरकारबाट प्राप्त अनुदान | ५३९२३६७९७ | ६३४०००००० | ० | ६२२९३८९२८ | ६४१६२७०९६ | ६६०८७५९०९ |
| ६ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ५२९७२२७८ | १०६७५५३३० | ० | ८६२९६११४ | १०४९८४२७० | १२८२३८१६३ |
| | **जम्मा** | **७९३११५७९९** | **९६३९४३३३०** | **५५२०५४७७** | **९४६८४१११०** | **१०१५३६१०६५** | **१०९३७०१६६३** |

यस नगरपालिकाको विगत तीन आर्थिक वर्षको औषत आय रु. ७९ करोड ३१ लाख १५ हजार ७ सय ९९ रहेको देखिन्छ भने चालु आ.व.का लागि नगरपालिकाले रु. ९६ करोड ३९ लाख ४३ हजार ३ सय ३० को अनुमान गरेको छ । अध्ययनको सिलसिलामा विभिन्न आधारहरु लिई आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । जसअनुसार पहिलो आ.व. २०८०/८१ मा विभिन्न स्रोतबाट कूल रु. ९४ करोड ६८ लाख ४१ हजार १ सय १० प्राप्त हुने अनुमान गरी प्रक्षेपण गरिएको छ । जसमध्ये कर राजस्वबाट रु. ४ करोड ३९ लाख ९४ हजार ३ सय ४५ र गैरकर राजस्वबाट रु. १ करोड ५० लाख १२ हजार ११ प्राप्त हुने अनुमान गरिएको छ । यसैगरी आ.व. २०८१/८२ का लागि रु. १ अर्ब १ करोड ५३ लाख ६१ हजार ६५ र तेस्रो वर्ष (आ.व. २०८२/८३) का लागि रु. १ अर्ब ९ करोड ३७ लाख १ हजार ६ सय ६३ प्राप्त हुने अनुमान गरिएको छ ।

## ८.१ पृष्ठभूमि

योजनाको सार्थकताको प्रमुख मानक त्यसको प्रभावकारी कार्यान्वयन हो । योजना कार्यान्वयनमा प्रभावकारिताका लागि कार्यकुशलता, स्रोत साधनको उचित व्यवस्थापन र परिचालनका लागि उपयुक्त अनुगमन सम्बन्धी स्पष्ट विधि र संयन्त्र किटान हुनु जरुरी हुन्छ । अन्य योजनामा जस्तै राजस्व सुधार कार्ययोजनामा समाबेश भएका क्रियाकलापहरुको कार्यान्वयन सुनिश्चितताका लागि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था गरिनेछ ।

राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरुको योजना अनुरुप कार्यान्वयन गरी अपेक्षित प्रतिफल हासिल गर्न सोको नियमित र भरपर्दो अनुगमनको प्रबन्ध गरिनु पर्ने हुन्छ। तसर्थ, यस कार्ययोजनामा अनुगमन सम्बन्धी व्यवस्थालाई योजनाको अनिवार्य अंगका रुपमा समावेश गरिएको हो । यस परिच्छेदमा राजस्व सुधार कार्ययोजना कार्यान्वयनका क्रममा गर्नुपर्ने अनुगमन विधि र प्रक्रियाहरु समावेश गरिएको छ ।

## ८.२ अनुगमन

कुनै पनि योजना वा कार्यक्रम अपेक्षित गति, गुणस्तर र सही दिशामा अनुसार अघि बढि भइरहेको छ छैन भन्ने कुरा योजना वा कार्यक्रम कार्यान्वयन कै क्रममा थाहा पाउन जरूरी हुन्छ। यसरी समयमै जानकारी हुन सकेमा योजना तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन गरी सही दिशा दिन सकिन्छ। नगरपालिकाको आफ्नो राजस्व अभिवृद्धिको लागि तयार गरेको यस राजस्व सुधार कार्ययोजना तथा अन्य सुझावहरुको प्रभावकारी कार्यान्वयन मार्फत कार्ययोजनाको निर्दिष्ट लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल गर्न सघाउ पुऱ्याउन यो अनुगमन ढाँचा तयार गरिएको हो ।

## ८.३ मूल्याङ्कन

मूल्याङ्कन कुनैपनि योजनाको चक्रको अन्तिम चरणमा गरिने क्रियाकलाप हो । यो योजना सम्पन्न भएको सामान्यतया दुई वर्षपछि गरिन्छ र योजनाको मध्य अवधिमा मध्यावधि मूल्याङ्कन गर्ने चलन पनि छ। योजना मूल्याङ्कनले सञ्चालित आयोजना तथा कार्यक्रमहरु समय सान्दर्भिक र औचित्यपूर्ण थिए वा थिएनन् ? समयानुकूल थिए वा थिएनन् ? ती योजना कार्यक्रम आफैंमा आवश्यक थिए वा थिएनन् ? भन्ने विषयमा तथ्यमा आधारित रही जानकारी गराउँदछ । यसबाट मूलतः योजनाले राखेका अपेक्षित लक्ष्य, उद्देश्य तथा उपलब्धीहरु हासिल भए वा भएन ? नभएमा के कस्ता कमजोरी रहे भन्ने समेत देखाउँछ ।

## ८.४ अनुगमन योजना

राजस्व सुधार योजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई वार्षिक रुपमा परिमार्जन तथा अद्यावधिक गर्न आवश्यक हुन्छ ।. खासगरी योजनामा प्रक्षेपण गरिएको आयलाई विभिन्न बाहय तत्वहरुले प्रभाव पार्ने हुँदा त्यस्ता परिवर्तनलाई वार्षिक रुपमा अध्यावधिक गर्न आवश्यक छ ।. कर तथा गैरकरका दरहरुमा आउने परिवर्तन र कतिपय राजस्वको स्रोत आधारमा आउने परिवर्तनले पनि प्रक्षेपित राजस्वमा प्रभाव पार्न सक्दछ ।.

कतिपय प्रस्तावित क्रियाकलापहरु सम्पन्न गर्न नसकिने र कतिपय क्रियाकलाप थप कार्यान्वयन गर्न सकिने अवस्था पनि उत्पन्न हुन सक्दछ । राजस्वका नयाँ स्रोत थप हुने वा भैरहेका क्षेत्रमा संघीय वा प्रदेश कानून वा नीतिको कारण स्थानीय तहको राजस्व कानून, नीति र आधारहरुमा प्रभाव पर्ने अवस्थामा पनि राजस्व

सुधार कार्ययोजनामा परिमार्जन जरुरी हुन सक्दछ । यी सबै विषयहरुलाई राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा ध्यान दिईनेछ ।.

## ८.५ अनुगमन विधि तथा प्रक्रियाहरु

राजस्व शाखाले यस राजस्व सुधार कार्ययोजनामा समावेश गरिएका क्रियाकलापहरुको विषयमा कम्तीमा प्रत्येक त्रैमासिक रूपमा प्रगति विवरण तयार गरी अनुगमन तथा मूल्याङ्कन समितिको बैठकमा प्रस्तुत गरी छलफल गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसरी छलफल गरी समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समितिको क्षेत्राधिकार भन्दा माथिका विषयहरुमा समितिको राय सहितको प्रतिवेदन स्थानीय राजस्व परामर्श मार्फत कार्यपालिकामा प्रस्तुत गरी छलफल गर्ने र समाधानका उपायहरु खोजी गर्ने प्रकृयाको अवलम्बन गरिनेछ । साथै वडा तहको अनुगमन समितिले पनि त्रैमासिक रूपमा अनुगमन गरी उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा मूल्याङ्कन समितिमा पेश गर्नेछ ।

राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई कार्यान्वयनको अनुभवको आधारमा वार्षिक रुपमा परिमार्जन तथा अद्यावधिक गरिनेछ । प्रतिवेदन कार्यान्वयनका चरणहरुमा यी सबै विषयहरुलाई ध्यान दिइनेछ ।

**(क) अनुगमनको जिम्मेवारी र समस्याको समाधान :** राजस्व सुधार कार्ययोजनाको अनुगमनमा स्थानीय राजस्व परामर्श समिति र कार्यपालिकाको मुख्य भूमिका हुन्छ । साथै, राजस्व शाखा र प्रमुख प्रशासकीय अधिकृतले प्रशासनिक रुपमा अनुगमन तथा मूल्याङ्कनको कार्यलाई सहयोग पुऱ्याउनु पर्दछ । राजस्व शाखाले कार्ययोजनामा समाबेश भएका क्रियाकलापहरुको विषयमा कम्तीमा प्रत्येक त्रैमासिक अवधिमा लक्ष्य र प्रगतिको विबरण तयार गरी स्थानीय राजस्व परामर्श समितिको बैठकमा प्रस्तुत गर्ने र छलफलका लागि सहयोग गर्न आवश्यक हुन्छ .। यसरी छलफल गर्दा समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समाधान हुन नसकेका विषयहरुको प्रतिबेदन तत्काल बस्ने कार्यपालिकाको वैठकमा प्रस्तुत गरी समाधानका उपायहरु खोजी गरिनेछ ।

**(ख) सिकाईलाई योजनामा समावेश गर्ने आवधिक पुनरावलोकन र परिमार्जन :** राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनबाट प्राप्त सिकाई र देखिएका कमी कमजोरी र नयाँ उत्पन्न हुने विषयहरुलाई समावेश गरी वार्षिक रुपमा परिमार्जन एवं अद्यावधिक गरी योजनालाई अझ व्यवहारिक र कार्यान्वयन योग्य भई अपेक्षित उपलब्धि हासिल गर्न सहज बनाईनेछ ।.

**(ग) अनुगमनमा ध्यान दिनुपर्ने पक्षहरु :** राजस्व सुधार कार्ययोजनाको अनुगमनबाट सूर्योदय नगरपालिकाले लिएको राजस्व सम्बन्धी नीति र योजनाको उचित रुपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरुप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्वलाई नगरपालिकाको सञ्चित कोषमा दाखिला गरे नगरेको जस्ता कुराहरुलाई हेरिनेछ । नियमित रुपमा गरिने अनुगमनबाट अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय तथा निर्देशनका लागि कार्यपालिकामा सिफारिस गरिनेछ ।

**(घ) राजस्व सुधार कार्ययोजनाको अनुगमन योजना :** प्रस्तुत राजस्व सुधार कार्ययोजनाको देहाय बमोजिम अनुगमन तथा मूल्याङ्कन गरिनेछ :

**तालिका २४: राजस्व सुधार कार्ययोजनाको अनुगमन योजना**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व असुली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, त्रैमासिक, र वार्षिक | • सफ्टवेयरबाट राजस्व असुलीको अनुगमन गर्ने<br>• निर्धारित नाकाहरुको स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजस्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, त्रैमासिक, र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजस्व सुधार कार्ययोजना | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, नगर कार्यपालिका | मासिक, त्रैमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको लेखाजोखा गर्ने |
| समन्वय तथा सहकार्य | राजस्व उपशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, त्रैमासिक र वार्षिक | • समन्वय र सहजीकरण गर्ने<br>• मार्गदर्शन तथा निर्देशन दिने<br>• आइपरेका समस्याको यथाशीघ्र समाधान गर्ने |
| राजस्व नीति | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, नगर सभा | वार्षिक | • लिइएका राजस्व सम्बन्धी नीतिको पुनरावलोकन गरी आवश्यक परिमार्जन गर्ने, सिफारिस गर्ने ।<br>• राजस्वका प्रभावकारी सङ्कलन, परिचालनका लागि लिनु पर्ने नीतिगत व्यवस्था गर्ने, गर्न सहयोग गर्ने । |
| राजस्व प्रतिवेदन | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, नगर सभा, आन्तरिक लेखापरीक्षक | मासिक, त्रैमासिक र वार्षिक | • मासिक, त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरु सम्बन्धी तुलनात्मक विश्लेषण गर्ने,<br>• आवश्यक रणनीति तथा कार्यनीति सिफारिस गर्ने,<br>• सुझाव तथा पृष्ठपोषण र निर्देशन प्रदान गर्ने |
| समीक्षा | उपप्रमुख | त्रैमासिक र वार्षिक | • लक्ष्य र उपलब्धि सहित सिकाई र सवालहरुको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने |

*नोट : राजस्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरुको सूची फरक हुन सक्ने भएकाले आवश्यक पूर्व तयारी गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ । साथै अनुगमनको प्रतिवेदन तयार गर्ने र अनुगमनबाट देखिएका कुराहरुलाई छलफल र कार्यान्वयन गर्ने पद्धति बसाल्न उपयुक्त हुन्छ ।*

राजस्व सुधार कार्ययोजनाले निर्धारण गरेको अपेक्षित उपलब्धी हासिल गर्न कार्ययोजनामा तय गरिएका कार्यनीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजस्व परामर्श समिति पूर्णरुपमा जिम्मेवार हुनेछ ।

## ८.६ अनुगमन संयन्त्र

राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को प्रावधान अनुसार गठन भएको स्थानीय राजस्व परामर्श समिति जिम्मेवार हुनेछ । उक्त समितिलाई राजस्व शाखाले आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्नेछ । साथै, यसले राजस्व सुधार कार्ययोजनामा समावेश गरिएका क्रियाकलापहरुको विषयमा कम्तीमा प्रत्येक त्रैमासिक रूपमा प्रगति विवरण तयार गरी अनुगमन तथा मूल्याङ्कन समितिको बैठकमा प्रस्तुत गरी छलफल गर्ने व्यवस्था मिलाउने छ । यसरी छलफल गरी समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समितिको क्षेत्राधिकार भन्दा माथिका विषयहरुमा समितिको राय सहितको प्रतिवेदन स्थानीय राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा प्रस्तुत गरी छलफल गर्ने र समाधानका उपायहरु खोजी गर्ने प्रकृयाको अवलम्बन गर्नेछ । साथै वडा तहको अनुगमन समितिले पनि त्रैमासिक रूपमा अनुगमन गरी उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा मूल्याङ्कन समितिमा प्रतिवेदन पेश गर्नेछ ।

राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई कार्यान्वयनको अनुभवको आधारमा वार्षिक रुपमा परिमार्जन तथा अद्यावधिक गरिदै लगिनेछ । प्रतिवेदन कार्यान्वयनका चरणहरुमा यी सबै विषयहरुलाई ध्यान दिइनेछ । नगरपालिका र वडा स्तरीय राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन समितिको संरचना देहायबमोजिम हुनेछ ।

**(१) अनुगमन तथा मूल्याङ्कन समिति**

| | |
|---|---|
| (क) नगर उपप्रमुख | : संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | : सदस्य |
| (ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एकजना महिला सहित दुई जना सदस्य | : सदस्य |
| (घ) निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | : सदस्य |
| (ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | : सदस्य |
| (च) कार्यपालिकाको राजस्व शाखा प्रमुख | : सदस्य सचिव |

**(२) वडास्तरीय अनुगमन तथा मूल्याङ्कन समिति**

| | |
|---|---|
| क. वडा अध्यक्ष | : संयोजक |
| ख. वडा सदस्य मध्येबाट एकजना महिला सदस्य | : सदस्य |
| ग. वडा सचिव | : सदस्य सचिव |

## ८.७ अनुगमन तथा मूल्याङ्कन समितिको जिम्मेवारी

माथि १ र २ मा उल्लेखित तहगत रुपमा गठन हुने अनुगमन तथा मूल्याङ्कन समितिले देहाय अनुसार जिम्मेवारी वहन गर्नेछ ।

- राजस्व सुधार कार्ययोजनामा समाबेश भएका क्रियाकलापहरुका लागि आवश्यक पर्ने बजेटको व्यवस्थाका लागि आवश्यक कार्य गर्ने र सभाबाट पारित गराउने ।
- सबै क्रियाकलापहरुलाई अलग अलग रुपमा बजेट विनियोजन गर्न सम्भव नभएको अवस्थामा कार्ययोजना कार्यान्वयनका लागि एकमुष्ठ बजेटको माग गर्ने ।

- स्वीकृत कार्ययोजनामा समावेश भएका क्रियाकलाप छुट्याई जिम्मेवार सम्बद्ध शाखा/वडाका कर्मचारीलाई जिम्मेवारी तोक्ने ।
- जिम्मेवार शाखा वा कर्मचारीले आफुसँग सम्बन्धित कार्यजिम्मेवारी पुरा गरे नगरेको अनुगमन गर्ने ।
- जिम्मेवार शाखा, वडा वा पदाधिकारीहरुबाट उनीहरुको जिम्मेवारी भित्रका क्रियाकलापको प्रगति विवरण त्रैमासिक रुपमा प्रमुख प्रशासकिय अधिकृत मार्फत सङ्कलन गरी समिक्षा गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन समितिबाट प्राप्त सुझावहरुलाई कार्यपालिकाको वैठकमा पेश गरी आवश्यक कारवाही गराउने ।
- राजस्व सुधार कार्ययोजनामा भएको क्रियाकलापहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गरी आवश्यक परेमा क्रियाकलाप संशोधन वा थप गर्न तथा जिम्मेवारीहरुको हेरफेर गर्नको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।
- प्रक्षेपित राजस्व असुलीमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक कार्यका लागि कार्यपालिकामा प्रस्ताव पेश गर्ने
- आवश्यकता अनुसार अन्य ।

नेपाल सरकार, कानून, न्याय संविधानसभा तथा संसदीय मामिमा मन्त्रालय, कानून किताब व्यवस्था समिति (२०७२), नेपालको संविधान, काठमाडौं, नेपाल।

नेपाल सरकार, कानून, न्याय संविधानसभा तथा संसदीय मामिमा मन्त्रालय, कानून किताब व्यवस्था समिति (२०७४), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, काठमाडौं, नेपाल।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिमा मन्त्रालय, कानून किताब व्यवस्था समिति (२०७४), अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, काठमाडौं, नेपाल।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिमा मन्त्रालय, कानून किताब व्यवस्था समिति (२०७४), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, काठमाडौं,  नेपाल।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७७), ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, काठमाडौं, नेपाल।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (२०७८), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तेस्रो वार्षिक प्रतिवेदन, काठमाडौं, नेपाल।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७६), गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी, दिग्दर्शन, काठमाडौं, नेपाल।

कोशी प्रदेश वन ऐन, २०७७,  कोशी प्रदेश  सरकार

राष्ट्रिय चिया नीति, २०५७

सूर्योदय नगरपालिकाको विस्तृत वस्तुगत विवरण (पार्श्वचित्र), २०७५

सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७९

सूर्योदय नगरपालिकाको मध्यमकालीन खर्च संरचना, २०७९/८०-२०८१/८२

सूर्योदय नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट, २०७९/८०

कोशी  प्रदेश आर्थिक ऐन, २०७९, कोशी प्रदेश  सरकार

औद्योगिक व्यवसाय ऐन, २०७६

*National Economic Census 2018, CBS Nepal*

# अनुसूचीहरु

# अनुसूची १: तथ्याङ्क/सूचना सङ्कलनका लागि प्रयोग गरिएको फारम तथा सूची

नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्था:

- संक्षिप्त परिचय :
    - नामांकरण,
    - घरधुरी तथा जनसंख्या ( क्षेत्रफल तथा वडा विभाजन ( प्रशिद्ध स्थलहरु
- मुख्य पूर्वाधारको अवस्था
    - सडक, बाटो, पुल
    - बिजुली
    - खानेपानी तथा सिंचाई
    - सावर्जनिक भवन तथा पूर्वाधारहरु
    - फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था
    - उद्योग, व्यवसाय तथा कलकारखाना ( मुख्य व्यापारिक केन्द्रहरु
    - प्राकृतिक तथा पर्यटकिय सम्पदा

संगठन तथा राजस्व प्रशासन :

- हालको संगठन संरचना ( कर्मचारीहरुको विवरण

| क.सं. | पद र तह | स्वीकृत दरवंदी | पदपूर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| | | | | |
| | | | | |

- भौतिक सुविधाहरु
    - कार्यालयका भवनहरु
    - सवारी साधन
    - फर्निचर, कम्प्युटर, प्रिन्टर
- राजस्व शाखा तथा राजस्व प्रशासन
    - लिखित रुपमा कार्य विवरण छ छैन?
    - राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

| क.सं. | नाम | पद/तह | जिम्मेवारी पाएको मिति | सम्पर्क फोन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

    - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
    - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
    - राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
    - कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग
    - सकलन प्रक्रिया (वडासँगको समन्वय)

ङ राजस्व परामर्श समिति

गठन भएको मिति :

वार्षिक बैठक संख्या :

| क्र.सं. | नाम थर | पद | प्रतिनिधित्व गर्ने संस्था | सम्पर्क फोन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरण:

- निम्नानुसारको शीर्षकगत आय विवरण (आन्तरिक र वाह्य सबै) सङ्कलन गर्ने

| राजस्व शीर्षकहरु | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ | | प्रगति प्रतिशतमा | चालु आ.व. २०७९/८० को प्रस्तावित |
|---|---|---|---|---|---|---|
| | | | अनुमानित | यथार्थ | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

- चालु आर्थिक वर्षका लागि गाउँ तथा नगरसभाले पारित गरेको आर्थिक ऐन (कर, शुल्क, दस्तुरका दरहरु) अन्य दस्तावेज तथा सूचनाहरु
- राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- राजस्व ठेक्का सम्वन्धी विवरण
- बस्तुस्थिति विवरण (राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु

## तथ्याङ्क सङ्कलन फारम

**१. आयका स्रोतहरू तथा हालको अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | | |
| | भूमि कर (मालपोत) | | | | |
| | सम्पत्ती कर | | | | |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | | | | |
| | घर जग्गा बहाल कर | | | | |
